# मष्टो इतिहास र संस्कृति




प्रकाशक:
मष्टो कुलदेवता प्रतिष्ठान

# मष्टो इतिहास र संस्कृति

**संयोजक/संरक्षकः**

मोहनसिंह खड्का

**संकलकः**

विष्णुबहादुर खड्का क्षत्री

**सम्पादक**

प्रेम कैदी

**प्रकाशक**

मष्टो कुलदेवता प्रतिष्ठान

गल्फुटार, काठमाडौं

| | | |
|---|---|---|
| पुस्तक | : | **मष्टो इतिहास र संस्कृति** |
| प्रकाशक | : | मष्टो कुलदेवता प्रतिष्ठान |
| सम्पर्क | : | ९८४१२९८१४५/९८५१०३१२२४/९८०१०३१२२४ |
| सम्पादक | : | प्रेम कैदी |
| संस्करण | : | तेस्रो |
| प्रकाशन मिति | : | २०८१ साउन २६ गते |
| संख्या | : | १००१ |
| मूल्य | : | ३००/- |
| संस्थागत मूल्य | : | ५००/- |
| सर्बाधिकार | : | प्रकाशकमा |
| लेआउट | : | सन्तोष न्यौपाने (९८४३१६३०३६) |
| मुद्रण | : | कमलामाई अफसेट प्रेस प्रा. लि.<br>पुतलीसडक, काठमाडौं ९८४१३८७२९४ |

**सम्पादकीय**

# हिन्दू देवता मष्टोको विशाल इतिहास पुनः स्थापित गरौं !

मष्टो देवता पृथ्वीपति हुन् अर्थात् पृथ्वीका राजा र उनका पिता स्वर्गका अधिपति देवेन्द्र हुन् । मष्टो देवताबारे अहिलेसम्म प्रथम जानकारी संकलन गर्ने विद्वान महान सिद्ध योगी नरहरिनाथ हुन् । नरहरिनाथ पछि जब बझाङ्गमा कुशाभट्टको फाग सार्वजनिक भयो, अनि मष्टो बारे गहन र यथार्थ जानकारी पाइयो । मष्टो इन्द्रका जाया (छोरा) हुन् । उनकी आमा मष्टो मण्डाल्नी अर्थात् स्वस्थानी देवी मै पर्दछन् । त्यसैले उनी शचि वा इन्द्रायणी कै पुत्र हुन् भन्ने प्रष्ट छ । तैपनि मष्टोका पालीहरू र अनेक विद्वानहरूका लेख संकलन गरी मलाई सम्पादनको अभिभारा प्रदान गरेर ती लेखहरू सम्पादन गर्दा छक्कै परे, किनकि मष्टो बारे स्थानीय स्तरमा चाहिदा नचाहिदा अनगिन्ति किंवदन्तीहरू चलेको देखियो । खाशगरी अनुसन्धानका सबभन्दा प्रभावशाली विधिहरूबारे प्रायः विद्वान लेखकहरू सचेत देखिएको पाइएन । २/४ लेख बाहेकका लेखहरू सम्पादन गर्न ज्यादै कठिनाइ पऱ्यो । खासगरी मष्टोबारे मष्टो कुलदेवता प्रतिष्ठान र अन्य केही विशिष्ट विद्वानहरूले पटक पटक सत्य इतिहास अगाडि सारेको तर त्यसका बारेमा मष्टो कै विशिष्ट ज्ञाताहरूले समेत पढ्ने जानकारी लिने कष्ट गरेको पटक्कै देखिएन ।

कुशा भट्टको फागले मष्टो कसको छोरा, मष्टोका कति भाइ र कति बहिनी, यो कुरा धेरै पहिले नै जानकारी गराइएको हो तैपनि किन हो कुन्नी समाजका अग्रगामी स्थान लिएका कतिपय विद्वानहरूले नै गम्भीर भएको नदेख्दा ज्यादै खिन्न हुने अवस्था महशुस भएको छ । त्यो भन्दा पनि मष्टो हिन्दू देवता नै होइनन् भन्ने प्रचारवाजी समेत सरकारी लिखतहरूमा समेत अघि सारियो, खासगरी जनगणनाको कार्यमा यस्तो विकृति देखियो । मष्टो पृथ्वीका राजा, नेपाली मात्रको कुलायन र वेदका रक्षक देवता हुन् । उनी हिन्दू देवता स्वर्गका राजा देवेन्द्रका छोरा मात्र

होइनन्, उनी १६ बहिनी दुर्गाका एकमात्र भाइ छन्। उनले आवश्यकता अनुसार अनेकथरि अवतार लिए पनि उनको मूलरुप दूधे मष्टो हो । अमृत कलस राक्षसबाट बचाउने जयन्त भन्ने इन्द्र पुत्र नै नेपालीहरूले मष्टोका रुपमा पूजा गर्दै आएको मष्टो देव हुन् भन्ने देखिन्छ। मष्टो नेपालका एकमात्र देउता होइनन् उनी विश्वका कुलायन पृथ्वीपति हुन् । उनी वेवीलोन (इराक) मा अहुर मज्दाका नामले विश्वव्यापि छन् । चीन, मंगोलिया र साइवेरियामा उनी हान होर मष्ट टेन्जर भनिन्छ र मष्टोको सबैभन्दा ठूलो मन्दिर भित्री मंगोलियाको राजधानी उक्जिन व्यानरमा छ जसको निर्माण जनगणतन्त्रका संस्थापक अध्यक्ष माओले स्वयम् गरेका छन् । चिनीयाँहरूको पौराणिक नायक राजा गेशार (केशर) मष्टो पुत्र हुन्। पूर्व सोभियत संघबाट कतिपय राज्यहरू अलग हुने सवालमा मष्टो देवताका पालीहरू कै प्रभाव देखिन्छ । आज जो नेपाललाई युक्रेन वा प्यालेष्टायन जस्तो विध्वंशमा फँसाउन खोजिरहेका छन् त्यस्ताहरूको पतन स्वयम् मष्टोदेवले गराउने कुरामा कुनै दुइमत छैन। त्यसैले मष्टोको बारे कुनै न कुनै रुपमा भ्रम पार्न अनेक थरी तत्वहरू लागेका छन् तर उनीहरूलाई यो बोध छैन कि उनीहरू आगोसँग खेल्दैछन् । मष्टोले छापदिएकोले कुब्लाई खान र चंगेज खानले कोरिया देखि पोल्याण्डसम्म एकै राज्य बनाएका थिए, तैमूर लङले पनि अटोमन साम्राज्य र दक्षिण एशिया कब्जा गरेका थिए तर जब उनी नेपालमाथि हमला गर्न आए हरिद्वार भन्दा अलिपर मोहन दर्रामा जुम्ली महाराज बलिराज शाहीका छोरा युवराज वत्सराज शाहीले तैमुरलङलाई मार्न पुगे। सम्पूर्ण एसियाको इतिहास मष्टोकै परिवारसँग आबद्ध छ र नेपालको इतिहास र राज्य पूर्णरुपमा मष्टोसँगै जोडिएको छ तर दुभार्ग्य हाम्रो राज्यमा कब्जा गरेर बसेका कुपमण्डुकहरू मष्टोबारे कुनै जानकारी राख्दैनन्। प्रायः शासकहरू विदेशी विधर्मी इतिहासका भाष्यमा चुर्लुम्म डुबेका छन्। यो अवस्थालाई ध्वस्त गर्न मष्टोका सबै पालीहरू संगठीत छौं। मष्टो देवको पूर्ण इतिहास प्रकाशनमा ल्याउन जुटौं र विशाल मष्टो संस्कृति पुनः स्थापित गरौं।

# मष्टो कुलदेवता प्रतिष्ठान

पृथ्वीको सृष्टिसँगै स्वर्गका राजा इन्द्र पृथ्वीका राजा मष्टोदेव जयन्तलाई कुलदेवताको रूपमा हिमवत् खण्डमा बसोबास गर्ने खस समुदायहरूले मान्ने मूल कुलदेवता हुन् । विभिन्न थर गोत्र भए पनि कुलदेवताका रूपमा मष्टो देवतालाई मान्दै आएका छन् । यसैगरी आज पर्यन्त खस समुदायले मान्दै गरेका मष्टो देवताको बसाइसराईसँगै आआफ्ना कुलायन मष्टोलाई साथसाथै लिएर कुनै न कुनै रूपमा पूजा गर्ने गरेको पाइन्छ । विशेष गरी कर्णाली, सिजा र जुम्ला साम्राज्य, वर्तमान नेपालमा बसोबास गर्ने सबै जातजातिहरूले मष्टो देवतालाई कुल देवताका रूपमा भव्यताकासाथ पूजाआजा गरी मनाउने गरेको पाइन्छ ।

आदि कालदेखि नेपालमा खस, गैह्र खसहरूले पनि आआफ्नो गाउँ समाजको रीतिरिवाज धर्म संस्कृति र सामाजिक सम्बन्धको आधारमा विधि विधान फरक गरिए पनि मष्टो देवताको महनी अर्थात मंसिरे पूर्णिमा, जेठासे पूर्णिमा, अनन्त चतुर्दशी एवम् आदिम कालदेखि सनातन रूपमा मनाउँदै आएका खस संस्कृतिका धार्मिक, साँस्कृतिक चाडपर्व उत्सवमा पनि आआफ्नै विधिबाट कुनै न कुनै रूपमा मान्ने वा पूजा गर्ने चलन छ । मष्टो मण्डाल्नी कुलदेवता, देवीको पूजा आराधना भक्तिभावले गर्न सकेमा सोचेको अथवा इच्छाइएको मागहरू पुरा हुने र समस्याहरू टुंगो लाग्ने पूर्ण विश्वास गरेको पाइन्छ र यो यथार्थ र सत्य पनि हो ।

हामी खस समुदायहरू बसाई सराई, बन्द व्यापार, नोकरी आदिका लागि मष्टो मण्डाल्नी देवतालाई धजा हान्ने वा भाकल गरी सोचेको वा आटेको काम सफल होस् भनी माग्ने गर्दछन् । उक्त पूकार पूर्ण भएमा मष्टो देवताको महनीमा भाकल बमोजिम मिरो (बोको) बलि, प्रसादी चढाउनुका साथै घाँटघण्ट र धन द्रव्य समेत चढाइन्छ ।

मष्टो देवताका साथमा स्थानीय देवीदेउता थानी मण्डली भूइयार आदि समेतलाई पूजा गर्ने गरिन्छ। आआफ्नो परिवार, समूह र कुलकुटुम्बरुको बीचमा धामी, पूजारी र पूजारो पनि हुन्छन् । यी पूजा विधि स्थान अनुसार केही फरक पनि देखिएको छ । यसलाई सत्य तथ्य पत्ता लगाई खोज अनुसन्धानपछि एकरूपता ल्याउन सके मष्टो देवताबाट प्राप्त हुने शक्तिमा अझ मद्दत पुग्ने विश्वास गर्न सकिन्छ ।

मष्टो कुलायनको पूजा विधि वैदिक, हिन्दू, धार्मिक, सांस्कृतिक

परम्परा बमोजिम आदिमकालदेखि सनातन पद्धतिमा धामी पूजारी, पूजारो र पण्डितहरू समेतबाट सम्पन्न गरिनु पर्दछ । कुलपूजामा विशेषगरी गाईको दूध, चामलको पीठो वा चामल, रोटी खीर र बलिको लागि सकभर निख्खर कालो वा रातो बोका चाहिन्छ ।

ठाउँ विशेष अनुसार हाल पूजा विधि केही फरक रहेको पनि देखिन्छ । यसैगरी मष्टो देवताको नाम पनि अनेकथरि राखेको पाइन्छ । यी एकै मष्टो देवका अनेक अवतार वा रूपहरू हुन् ।

मूलरूपमा मष्टो देव दूधे र दाह्रे दुइटा भेद गरेको पाइन्छ तर यसका अनेक रूप, स्वरूप मष्टो पूजक समूदायहरूले परम्परादेखि मष्टो देवताको नाम पूजा विधि, तिथि, विशेष चाडका रूपमा मष्टो मण्डाल्नीको पूजा आजा र आराधना गर्ने चलन छ । मष्टो कुलदेवता, मण्डाल्नीको मूर्ति वा रूप हालसम्म पाइएको छैन । स्वयम् मष्टो देवका धामी, पूजारी आदिबाट भनिए अनुसार शीलाहरूलाई मष्टो देवको रूपमा उल्लेख गरेको पाइन्छ । कुशाभट्टको फागले पनि इन्द्र पुत्र जयन्त फटकशीलाका रूपमा अवतरित भएको वर्णन गरिएको छ । मष्टो देवताका बारेमा सत्य तथ्य बुझ्न र जान्न त्यति सजिलो देखिदैन । यसका आफ्नै नीति नियमहरू छन् । मुख्यतया धामीसँग चल्न बुझ्न सक्ने क्षमता वा मष्टो देवताको कृपा प्राप्त भक्तहरूले मात्रै सबै कुरा जान्न बुझ्न र बुझाउन सक्दछन् ।

धामीले बोल्ने भाषा वा आखर साधारणतया हामीले बोलचाल गर्ने भाषा शब्दावली भन्दा विशेष हुन्छ । यी भाषालाई आआफ्नो स्थान अनुसार बोलचालमा आए अनुसार हुन्छ तर पश्चिम नेपालको कर्णाली क्षेत्रमा बोलिने स्थानीय भाषाको लवज जस्तो सुनिन आउँछ । केही धामीहरू खस वा खाम भाषा बोलिरहेका हुन् भन्ने स्वयम् सुनिरहेका देखीरहेकाहरूले समेत बुझ्न सक्दैनन् जुन मानिस कुलायनको भक्त छ भने र पूजारी वा उत्तराधिकारी हुनेले भने बुझ्न सक्दछ ।

मष्टो कुलदेवताको धामी, पूजारी, पूजारो बन्ने पनि मष्टो देवताको कृपा विना सम्भव छैन तर आदिम कालदेखिको परम्परा अनुसार धामी, पूजारी, पूजारा नियुक्ति वा गाद्दी (मठाधीस) बन्नका लागि परम्परागत रूपमा जेठाघरको जेठा छोरामा यो जिम्मेबारी हस्तान्तरण हुने प्रचलन पनि छ ।

आआफ्नो कुल पूजा विधि अनुसार एक वर्ष बिराएर मंसिरे पूर्णीको अघिल्लो चतुर्दशीको दिनमा चोखोनितो गरी स्वस्तिक अभिशेक गराई पूजागर्ने चलन रहेको छ । यसमा केही कुल घरानाहरूले बैशाखे पूर्णिमा र अष्टमी तिथिका दिनमा पनि पूजा गर्ने प्रचलन देखिएको छ । मष्टो कुलायन

देवता मूल पूजारीको घरमा वा गुवौरोमा विराजमान हुने र प्रत्येक वर्ष बिराएर (तीया वर्ष) नजिकको कूलदेव माँडुमा माथि उल्लेख गरिए बमोजिम पूजारीबाट दीयो वत्ती सहित देउता लैजाने र दायाँ बायाँ भाइ भैयादहरू हातहतियार, बाजागाजासहित अघिपछि लागी महनी स्थल अथवा कुलायन पूजाघर जसलाई मष्टो माडुँ भित्र पूजा आराधना गर्ने र बाहिर पण्डितद्वारा यज्ञ गर्ने गरिन्छ ।

पूजामा सहभागी भाइभैयादहरूबाट जेष्ठताको आधारमा आआफ्नो चुलोमा चोखोनितो गरी प्रसादका लागि रोटी पकाउने र सबैबाट संकलित दूधबाट खीर पकाई कुलदेवता अनि मण्डाल्नीहरूलाई भोग लगाउने र अन्य मष्टो बाहेकका देव देउता भूई भैयार थानी मण्डली समेतलाई धूपधार सहित भोग चढाउने पनि गरिन्छ । पूजाको महत्वपूर्ण अर्थात विशेष कार्य भनेको बोका बलि दिनु नै मानिन्छ । यसमा पहिले सामुहिक रूपमा एउटा बोका चढाइन्छ र त्यसपछि जेष्ठताको आधारमा बलि शुरु हुन्छ । माथि वर्णन गरिए अनुसारका बाहेक पूजा विधि केही फरक पनि छन् ।

मष्टो कुल देवता र खस समुदायहरूको एउटा छुट्टै पहिचान रहेको छ । त्यो के भने जुन खस जातिले मष्टो पूजन, भूमि पूजन गर्छ, त्यो अन्य जात जातिहरूमा विरलै पाइन्छ । किनभने कुनै खस जाति बसाइ सराइ वा शुभकार्य थालनी गर्दा पहिलो पितृ देवहरूको पूजा, मष्टो देवको पूजा, थानी मण्डली भूई भयारको पूजा आदि गरेर मात्र शुभ कार्यको साइत हुने गर्दछ । त्यो मात्र नभई खस समुदायहरुको गाई वस्तुहरूको गोठ सार्दा, खेतिपाती शुरु गर्दा, कुलो पानी बाँध पैनी समेतको थालनी गर्दा समेत धूप धार गर्ने प्रचलन अत्यधिक प्रयोगमा रहेको पाइन्छ । एउटा रोचक प्रशंग के छ भने खस समुदायहरूले नयाँ कुनै कार्य योजना वा शुभकाम र प्रदेश यात्रा लगायतका समयमा आफ्ना कूल देवताका नाममा भाकल, अनुरोध गर्ने र प्रदेशबाट नफर्कुन्जेलसम्म रक्षाका लागि तथा वन्द व्यापार सफलता एवम् आफ्नो कार्यका लागि समेत चढाउने, भाकल गर्ने चलन समेत आज पनि छ । यसैगरी वैवाहिक जीवनमा बाधिएकाहरूका बालबच्चा नभएमा मष्टो देवतासँग वरदान माग्ने र पूरा भएपछि भाकल अनुसार धन द्रव्य, फूल प्रसाद, बोका समेत चढाउने चलन छ ।

यसै सन्दर्भमा २०७३ सालमा मष्टो कुलदेवता प्रतिष्ठान केन्द्रीय कार्यालय काठमाडौंमा रहने गरी गठन गरिएको छ । मष्टो कुल देवता प्रतिष्ठान २०७३ को विधान अनुसार निम्नानुसारको कार्ययोजना गर्दै आएको छ :

- खड्का क्षत्री महासमाजद्वारा २०७३ असार २५ गते काठमाडौंमा मष्टो सम्बन्धी राष्ट्रिय विचार गोष्ठी सम्पन्न गरी उक्त विचार गोष्ठीका कार्यपत्रहरूलाई मष्टो सम्बन्धी पुस्तकको रूपमा प्रकाशन गर्ने कार्य भयो ।
- मष्टो कुलदेवता प्रतिष्ठानको विधान अनुसार विभिन्न समयहरूमा पूजा पाठ साँस्कृतिक एवम् मष्टो दर्शन भ्रमण गर्दै आएको छ जसअनुसार मष्टो दर्शनका लागि ढँडार मष्टो, राउडी मष्टो र बान्नी मष्टो बझाङ, त्रिपुरा सुन्दरी बैतडी, उग्रतारा डडेल्धुरा आदि समेतको भ्रमणको क्रममा दर्शन एवम् अवलोकन भयो । देवादी देव महादेव श्री पशुपतिनाथमा शिवरात्रीको अवसरमा कर्णाली साँस्कृतिक कार्यक्रम एवम् प्रवचन, पशुपति सन्तानेश्वर बोलबम यात्रा, वसन्त पञ्चमी, अनन्त चतुर्दशी लगायतका धार्मिक चाडपर्वहरूमा पूजा आराधना समेत वर्तमान कार्य समितिले गर्दै आएको छ ।
- निकट भविष्यमा पनि यस्ता कार्यहरूलाई निरन्तरता प्रदान गर्नुका साथै मष्टो कुलदेवताबारे खोज, अनुसन्धान, प्रचार प्रसार एवम् विभिन्न विचार गोष्ठी गर्ने कार्य योजना रहेको छ ।
- मष्टो कुलदेवता पूजा विधि मन्दिरको अवस्था, धामी, पूजारी प्रचलन, भौगोलिक, साँस्कृतिक, सामाजिक एवम् आर्थिक अवस्था कहाँ, के, कुन अवस्थामा रहेकोछ ? यस बारे आधिकारिक रूपमा लेख रचना र श्रव्य दृष्य समेत संकलन गरी भविष्यमा यस प्रतिष्ठानबाट के कस्तो सहयोग र सहकार्य गर्न सकिन्छ भन्ने मुख्य लक्ष्य रहेको छ ।
- मष्टो कुलदेवता प्रतिष्ठान केन्द्रीय कार्यसमितिद्वारा मिति २०७५ फागुन चैत मसान्तभित्र माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि कार्यपत्र प्रस्तुत, अन्तरक्रिया एवम् विविध कार्यक्रमहरू गर्ने योजना रहेको छ ।

केन्द्रीय कार्यालय स्थापना र पूजा कार्यकालागि काठमाडौं गल्फुटारमा मष्टो कुलदेवता प्रतिष्ठान केन्द्रीय कार्यसमितिका अध्यक्ष मोहनसिंह खड्काबाट निःशुल्क रूपमा गल्फुटार कम्प्लेक्सको चौथो तला उपलब्ध भएको छ जसमा पूजा पाठ र कार्यालय सञ्चालन भइरहेको छ ।

मष्टो बारेका जानकार, लेख, रचना दिनुहुने अग्रजहरु र संस्थापक देखि वर्तमान अवस्थासम्म साथ सहयोग गर्नुहुने सबैमा धन्यवाद छ ।

जय मष्टो !

# विषयसूची


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | मष्टो जागरण | मोहनसिंह खडका | १ |
| २. | मष्ट : एक चिनारी | डा. जगमान गुरुङ | ४ |
| ३. | मष्ट : धर्म कि देवता ? | प्रा. डा. सुरेन्द्र के.सी. | १० |
| ४. | मष्टो पूजा वैद्धिक सनानती नै हो | प्रा. डा. ऋषिराम पाखरेल | २२ |
| ५. | सनातन धर्ममा मष्टो | प्रा. डा. लालमणि पाण्डेय | २६ |
| ६. | मष्टो एक वैदिक देवता | श्यामबहादुर खड्का | ३७ |
| ७. | वेदका रक्षक हिन्दू देवता मष्टो | प्रेम कैदी | ४३ |
| ८. | मष्टो देवको पूजा विधान | रमानन्द आचार्य | ४६ |
| ९. | मष्टो यथार्थ र भ्रम | विष्णुबहादुर खड्का क्षत्री | ४९ |
| १०. | कर्णालीमा मष्टो केन्द्रित मागल, पडेली र लोकगाथा | गोविन्द प्रसाद पाण्डे | ५३ |
| ११. | उपत्यकाको मष्टो पूजा विधि | मधुसुदन खड्का | ६२ |

१२. बिजुली दारे मष्टो देवता ६९

✍ योगेन्द्र राज आरसी

१३. मष्टोदेव: सिंजा क्षेत्रका टिपोटहरू ७६

✍ तुङ्गनाथ उपाध्याय

१४. बलैमष्टो देवता र पूजा विधि ८०

✍ मनवीर खाती


१५. कुलदेवतास्तव: ८७

✍ भुवनेशर कुमार प्रधान

१६. मष्टो देव ९०

✍ गोविन्दप्रसाद पाण्डे

# मष्टो जागरण



✍ मोहनसिंह खडका

कैलाश आसपासका क्षेत्रलाई संसारकै देवी शक्तिको केन्द्रको रुपमा लिइन्छ र यसलाई हाम्रो पुराणहरूमा सुमेरु पर्वत मानिएको छ। यो तथ्य निर्विवाद छ कि कैलाश र मानसरोवर क्षेत्रको मष्टो सभ्यता नेपालको मौलिक संस्कृति हो । कैलाशसम्म पुग्न र मानसरोवरमा नुहाउन हाल पनि संसार भरिका मानिस लालायित हुन्छन् । नेपालमा मष्टो वा मष्टा वा बाह्र मष्टलाई आफ्नो कुलदेवताको रुपमा कम्तिमा पनि वर्षको एक पटक देवाली पूजामा भव्यताको साथ पूजा गरिन्छ।

हाल हाम्रो आफ्नो परम्परा संस्कृतिलाई वास्ता नगर्ने र विधर्मीको प्रभावमा फँस्ने प्रवृति तीव्र रुपमा बढ्दो छ। सनातन धर्म संस्कृति परम्परा र प्रकृतिपूजक नै हाम्रो मष्टो पूजा हो । आजका नयाँपुस्ताहरू यतिसम्म अनभिज्ञ छन कि आफ्नो गोत्र र कुल देवता इष्ट देवता इत्यादिको नाम पनि भन्न सक्दैनन् । संस्कृति नै समाजको सभ्यताको आधारशीला मानिन्छ र हाम्रो पहिचान पनि हो । हाल आयोजित हुने सबै कार्यक्रमहरूले केही मात्रामा भए पनि चेतना जगाउने काम गर्नेछ ।

## पूजाविधि बारे जानकारी गराउने

बसाई सराईको शिलशिलामा नेपालभित्र पनि मष्टो पूजकहरू देशका विभिन्न भूखण्डहरूमा छरिएर बस्दै आएका छन् । समय क्रममा पूजा गर्ने विधि पनि फरक हुन गएको छ र सरलीकरण पनि भएको छ। नेपाल भित्रको कुरा गर्दा खस समूदायहरूको उद्गम स्थल पश्चिम नेपाल भएको हुँदा यहाँ जुन परम्परागत विधिबाट पूजा गरिन्छ भने अन्य केही स्थलहरूमा सरलीकरण भएको देखिन्छ । पश्चिम नेपालमा

ऋतु परिवर्तनसँगै विभिन्न तिथिहरूमा वर्षको धेरै पटक पूजा गरिन्छ भने पूर्व र मध्य नेपालमा वर्षको एक पटक पूर्णिमाको दिन देवाली पूजाको रुपमा गरिन्छ । जसलाई मंसिरे पूर्णे र जेठासे पूर्णे भनिन्छ । पूजा विधिमा पनि केही भिन्नता देखिन्छ । विभिन्न भूभागमा मष्टोको पूजा गर्ने विधिहरू प्रस्तुत हुने हुनाले आफूले अपनाई आएको विधिमा केही नपुग भएको स्थिति महसुस भएमा स्वैच्छाले थप्न सकिन्छ ।

## मन्दिरको बनावटबारे जानकारी

पश्चिम नेपालमा प्रायः सबै मष्टो मन्दिरहरूमा मुख्यतः चार खण्ड रहने गर्छ । मष्टोको कोठा, धामी बस्ने र होम गर्ने कोठा, मइल हेराउने र भक्तजनहरू बस्ने कोठा र बाहिर बाजा बजाउने समूह बस्ने कोठा/जब की उपत्यका तथा पूर्वी नेपालमा जम्मा एक कोठो घर हुन्छ र देवता र समानहरू यहीभित्र राखिन्छ । पूजाको वेलामा देउतालाई बोकेर बाहिर रुखको फेद(मन्दिर) मा राखि पूजा गरिन्छ । केही स्थानहरूमा त यति पनि हुँदैन, समूहको ठालुको घरमा देवता राख्ने चलन छ । हिजो आज अलि व्यवस्थित गर्ने उद्देश्यले पैसा उठाई मन्दिर निर्माण गर्ने प्रचलन बढ्दै छ । अतः नयाँ मन्दिर निर्माण गर्ने कार्यलाई सहयोग पुग्ने गरी निर्देशिका प्रकाशन गर्न सकियो भने कार्यक्रमको सफलताको रुपमा लिन सकिन्छ ।

## मष्टो र हिन्दू धर्म बीचको सम्बन्ध

हाम्रो प्रतिष्ठानले केही वर्ष अगाडिसम्म मष्टोको बारेमा जानकारी ल्याउँदा अधिकांश हिन्दू धर्मालम्बीहरू यो नाम सुन्नेर तर्सिएका उदाहरण पनि छन् । मेरो आफ्नो व्यक्तिगत मान्यता मष्टो पूजा वैदिक, सनानत, संस्कृति, परम्परा र सभ्यतासँग जोडिन्छ । मष्टो संस्कृतिमा यज्ञ पूजालाई बढि प्राथमिकता दिइएको छ । हिन्दू धर्ममा समेत यज्ञलाई प्रमुख पूजाको रूपमा लिइएकोले मष्टो सभ्यता आदिमकालदेखि चलिआएको र हिन्दू धर्ममा अहिले बिभिन्न सम्प्रदाय, मार्गी, पन्थीहरू आफ्नो आफ्नो मान्यता अनुसार पूजा, आराधना गर्दै

आइरहेका छन् । यसर्थ मष्टो संस्कृति अति पुरानो र यो हिन्दू धर्मभन्दा अलग हुनसक्दैन ।

## गतिशीलता

यस्तो पनि भन्ने गरिन्छ यस पृथ्वीमा कुनै एक दिन सबैले हिन्दू धर्म अपनाउने छन् र शाकाहारीहरूको बाहुल्यता हुनेछ । तर त्यो होला न होला भविष्यको कुरा हो । वर्तमान समयमा पनि माछा मासु खान त्याग्ने मानिसहरूको संख्या बढ्दै छ । अत:पशु बलिको प्रचलन घटने क्रममा छ । मैले यति मात्र भन्न खोजेको हो कि समाज अत्यन्त गतिशील छ त्यसैले मष्टोको पूजाको विधिमा पनि समय अनुसारको परिवर्तन आवश्यक हुन सक्छ ।

## मष्टो कुलदेवता प्रतिष्ठानको भूमिका


यस प्रतिष्ठानमा मष्टो विज्ञहरू, धामीहरू र मष्टो पूजारीहरूको जमघट हुने र आपसी छलफल र अन्तरक्रियाबाट केही मौलिक प्रस्तावनाहरू अघि सार्ने आशा गरिएको छ । अब आउने दिनहरूमा यस प्रतिष्ठानको भूमिकाबारे पनि सुझावको आशा गरिएको छ जसले गर्दा एउटा मार्ग चित्र तयार होस !

## निश्कर्ष

मष्टो कुलदेवता प्रतिष्ठान विधान अनुसार जति अगाडि बढ्नु पर्ने हो त्यति हुन नसकेपनि जे जस्तो प्रयासहरू गर्दै आएका छौं र आगामी दिनहरूमा पनि उद्देश्य प्राप्तिका लागि सधैं तल्लिन हुनेनै छौ भन्ने विश्वास दिलाउन चाहन्छु । धन्यवाद ।

**लेखक मष्टो कुलदेवता प्रतिष्ठानको अध्यक्ष हुनुहुन्छ।**

# मष्ट : एक चिनारी



✍ डा. जगमान गुरुङ

मष्ट खासगरी नेपालको सुदूरपश्चिमाञ्चलको एउटा लोकप्रिय देउता हो । मष्टलाई ठाऊँ अनुसार 'मष्टि'पनि भनेको पाइन्छ । पश्चिमाञ्चलको भेरी, सेती, कर्णाली र महाकाली अञ्चलको जनजीवनमा मष्टको मान्यता र प्रभुत्व सर्वोपरी रहेको पाइन्छ । जहाँ **क्षत्रीय छाइलो त्यहाँ मेरो पाइलो** भन्ने कथन अनुसार पश्चिम नेपालबाट बसाईं सरेर आएका मध्यमाञ्चल एवं पूर्वाञ्चलका क्षत्री बाहुनहरूले आफ्नो कुल देवताको रुपमा एउटा न एउटा मष्टलाई कुल देवता मान्ने परम्पराको विकास पश्चिम नेपालमा भए तापनि यसले सम्पूर्ण नेपालको खस संस्कृतिलाई प्रभाव पारेको पाइन्छ ।

मष्टको उत्पत्तिबारे केलाउदै जाँदा **बान्नी फुटे ढँडार छुटे** भन्ने जनकथन पाइन्छ । बान्नी र ढँडार यी दुवै ठाऊँ बझाङ्ग जिल्लामा पर्दछन् । यस आधारमा पश्चिम नेपालको सेती अञ्चल बझाङ्ग जिल्ला नै मष्ट देवताको आदिम थलोको रुपमा देखा पर्दछ । बझाङ्गेहरू चाहिँ बद्रिनारायणको गरुड शिलाबाट मष्ट देवता फाटेर आएको विश्वास गर्दछन् ।

ठाऊँ अनुसार मष्ट देउताको हाँगाबिँगा छरिदै गएपछि बाह्रवटा शाखामा विभाजित भएका पाइन्छ जसलाई पश्चिम नेपालको लोक भाषामा बाह्र भाइ मष्ट भनिन्छ । बाह्र भाइ मष्टका नामहरू प्रायजसो त्यही ठाऊँको नामबाट उठान भएको पाइन्छ । बाह्र भाइ मष्टका नामावली भने भिन्दाभिन्दै पाइन्छ । जुम्ला सिञ्जा, पाण्डु सेरामा प्रचलित बाह्र मष्टका नाम यस प्रकार छन् : –

| | | | |
|---|---|---|---|
| आदि मष्ट | खापर मष्ट | बबिरो मष्ट | काला मष्ट |

| | | | |
|---|---|---|---|
| रुमाल मष्ट | ढँडार मष्ट | थार्पा मष्ट | बान्नी मष्ट |
| कावा मष्ट | मण्डली मष्ट | दूधे | दाह्रे मष्ट |

यी मष्ट देवताहरूमा रजवाली र राक्षसी दुई थरीको स्वभाव पाइन्छ । रजवाली स्वभाव भएका मष्टहरूले दोषी अपराधीलाई दण्ड सजाय दिने गर्दछन् तर तिनीहरूले ज्यान नै लिने काम भने गर्दैनन् । राक्षसी स्वभाव भएका मष्टहरूले भने दोषी अपराधीलाई दण्ड सजाय दिंदा तिनीहरूको ज्यान समेत लिन बेर लाउँदैनन् । रजवाली स्वभावका मष्टमा ढँडार मष्ट आदि पर्दछन् । ढँडार मष्टलाई बाह्रभाइ मष्टमा जेठा मानिन्छन् । अतः ढँडार मष्टलाई **भाइराजा मष्ट** भनिन्छ । गुरो मष्ट र विजयी मष्टलाई **भाइराजा मष्ट** भनिन्छ । **गुरो मष्ट र विजयी मष्टलाई कोही कोहीले मष्ट देवताका रुपमा लिदैंनन्** । यी देवताहरू साह्रै राक्षसी स्वभावका हुन्छन् । गुरो मष्टको मूलथलो हुम्ला जिल्लाको सोरुदरा भै गाऊँमा छ । सिञ्जा खोला उपत्यकामा एक थरी सार्की डुमहरूले गुरो मष्टलाई मान्दछन् । यी मष्टहरूमा कुनैले पशुको भोग नखाएर दूध खाने दूधे मष्ट हुन्छन् भने कुनै मष्टको धामीले बोका पाठाका घाटीमा दाँत गाडेर रगत चुस्छन् र यस्ता मष्टलाई दाह्रे मष्ट भनिन्छ ।

वास्तवमा मष्ट कुन देवता हुन् यसमा सबैको एउटै मत पाइँदैन । मष्टलाई कोही वायुको रुपमा मान्दछन् किनभने यी देवता वायुको रुपमा चल्न सक्छन् र कुनै अवस्थामा साधु, कुनै अवस्थामा गरुड र कुनै अवस्थामा विरालोको रुपमा पनि लिने गर्दछन् । मष्टलाई कुल देवता र इष्ट देवताको रुपमा पनि मान्दछन् । आजकाल मष्टलाई धेरै व्यक्तिले अड्कल लगाएर वराह मष्टको संयुक्त नाम ठहऱ्याएका छन् तापनि यो जुम्लाको बाह्रभाइ मष्टको अपभ्रशं रुप हो । मष्टलाई देवीको सेनानी र आफ्नो मस्तक थापेर राक्षससित लडेकाले मष्ट नाम रहेको पनि भनिन्छ तर यो कुरा कुनै स्रोतबाट पुष्टि हुँदैन । जुम्लाको कालिकोट दरामा विभिन्न मष्टलाई पाण्डवको अवतार मानिन्छ । यसैगरी खापर मष्टलाई इन्द्रको छोरा भनिन्छ तर यस्ता कुराहरू बाहुन ठकुरीहरूले

हालेको कथामा मात्र पाइन्छ । क्षत्रीहरूलाई यी सब कुराको उति ज्ञान छैन । मष्टको समय समयको पूजामा थानका संचालकहरूले बाहुनलाई बोलाएर होम पनि गराउँछन् । यस बेला बाहुन पुरोहितले मष्ट देवतालाई गोत्र पनि दिएको हुन्छ । यी कुराबाट मष्ट अपौराणिक देवता हुन् र यसलाई पौराणिक रुप दिन खोजेको देखिन्छ ।

जुम्ला भेकमा लेखिएको ग्रामीण देवताको होम विधिमा मष्ट, मण्डाल्नी, मालिका आदिलाई ग्राम देवताको रुपमा उल्लेख गरिएको छ । यसबाट पश्चिम नेपाल आदि थलो भएका सबै वर्गका मानिसहरूले मान्ने र उनीहरूको क्रियाकलाप एवं सुख दुःखमा महत्वपूर्ण भूमिका निभाउने मष्ट देवतालाई कुनै सम्प्रदाय अन्तर्गत राखिएको भने छैन ।

यी मष्ट देवताका भानहरू पनि हुन्छन् । यी भानहरू मष्टकै खटनपटनमा काम तामेल गर्ने कार्यकलाप हुन् । भानहरूका थला गाऊँ घरदेखि बाहिर खोलाका किनार र मूलबाटाहरूमा हुन्छन् । यी भानहरूका पनि कुनै मूर्ति हुँदैनन् । रुखको मुन्तिर, ढुङ्गोनेर र बाटोको छेउछाउमा भानका थलाहरू हुन्छन् । बाटो हिंड्दा मानिसहरू देउरालीमा जस्तै यी भानका थानहरूमा पाती चढाउँछन् । मष्ट देवताका यी भानहरू ज्यादै शक्तिशाली मानिन्छन् । यिनीहरूले सर्प, कुकुर, विरालो, लामपुछ्रे बाँदर, घोडा चढेका मान्छे आदिको रुप लिन सक्छ भन्ने विश्वास छ । मष्ट देवताले न्याय निसाफ गर्दा अपराधीलाई सजाय दिने काममा यिनै भानहरू अघि सर्छन् । अतः गाऊँ घरका मानिसहरू मष्टका भानदेखि त्राहिमाम् हुन्छन् । यी भानहरूका नाममा जग्गा छोड्ने चलन छ र त्यस्ता जग्गामा भानको घोडा चर्दछन् भन्ने विश्वास छ । यी नाम पनि अनौठो लाग्दा छन् जस्तै ढँडार मष्टको भान खोला ढेल्याय र घाइ ढुगे, बढू मष्टको भान कुटासिली र छरिढुस्के, थार्पा मष्टको भान घोडा मौल्याय, गुमदेउ, गाइँ गोड्याय आदि ।

मष्ट देवताका अनेक नाता कुटुम्बहरू पनि हुन्छन्, जस्तै मष्टका मामाको रुपमा महाद्यौ र लामा विष्णु, बहिनीको रुपमा भुवानी,

भतिजाको रुपमा लाखुँरो कान्छा, भाइको रुपमा बाँडपाल आदि । मष्ट देउताका पत्नीहरू देखा पर्दैनन् तर कहीँ कहीँ नाता जोड्दा एँ कुँवरलाई ढँडार मष्टको छोरा भनेको पाइन्छ ।

मष्ट देवता चढेको धामीको बोली दैवी वाणीतुल्य मानिने हुनाले उक्त वाणीलाई जनभाषामा बुझाउन र मानिसहरूले जनभाषामा सोधेका कुराहरू मष्ट देवता छेउ पुऱ्याउन दोभाषेको आवश्यकता पर्दछ । यस्ता दोभाषेलाई स्थानिय भाषामा खावा भनिन्छ । मष्ट देवता चढेको धामी पतुर्दा खावा चाहिँ धामीकै छेउमा बस्छ । मष्टथानमा धामीको लागि परिआएका सबै काम गरिदिने, थानको लिपपोत गर्ने, पूजाका सामानहरू जोडिदिने व्यक्तिलाई डांग्री भनिन्छ ।

मष्टको प्रतिनिधित्व धामीले गर्दछ । धामी जनमानसमा अघि पछि एउटा साधारण मानिस नै भएतापनि उसमा मष्ट देवता चढ्दा धामीले एउटा दैवी पुरुषको रुप लिन्छ र मष्टकै प्रतिनिधित्व गरेर पतुर्न थाल्दछ । मष्ट देवता चडेको धामीलाई मानिसहरू गोसाईं भनेर सम्वोधन गर्दछन् । मष्ट देउताको कुनै साकार मूर्ति हुँदैन । यस देउताका बन माडुँ र घर माडुँ गरी दुईवटा थान हुन्छन् । यसमा वन माडुँ चाहिँ मुख्य थान हुन् । मष्ट देउताको वनथान वनको एकान्त ठाऊँमा काठका दुई पाखे छाना राखेर बनाइएको हुन्छ । यस थानका देउचल (भित्रि भाग) खुल्ला हुन्छ र त्यस भित्रि भागमा पनि एक छेउमा गबीर (गुप्ती कोठा) बनाइएको हुन्छ । थानभित्र धामी पतुर्दा बस्ने चौका वा गादी पनि बनाइएको हुन्छ । धामीको नाच भने थान बाहिर आँगनमा नाचिन्छ । धामीले पतुर्ने मष्टका थानहरूमा अम्लो आलन (ध्वजा) गाडिएको हुन्छ । मष्टको थानमा मानिसले मष्ट देउतालाई चढाएका काठ र ढुगामा बनेका मानवाकार मूर्ति, घण्टा र ध्वजाहरू राखिएका हुन्छन् । मष्टको घर माडुँ छुट्टै वा मानिस बस्ने घरकै एउटा कोठामा हुन्छ । यसरी मष्ट स्थापना गरिएको घरमा पनि आलन गरिएको हुन्छ । मष्ट देउताको घर थान र वन थानमा प्रत्येक दिन पूजा लागिरहने होइन । मानिसहरू धामी हेराउन आएको बेलामा

थानमा गोबरले लिपपोत र सिंगार पटार गरेर पूजा गरिन्छ ।

मष्ट देवताको पैठ (पूजा) को आरम्भ विशेषगरी पूर्णिमाका दिनमा गरिन्छ । थानैपिच्छे अथवा देवतापिच्छे पैठ गरिने पूर्णिमा बेग्लाबेग्लै हुन्छ । जुम्लामा भने साउन पूर्णिमा (जनै पूर्णिमा) को दिन धेरै थानमा पूजा गरिन्छ । कुनै कुनै मष्टको पूजा पूर्णिमा बाहेक अरु दिनमा पनि गर्ने गरेको पाइन्छ ।

मष्टको पैठको आरम्भ एकादशीदेखि नै हुन्छ । मष्टको पूजा एकादशीदेखि पूर्णिमासम्मको अवधिलाई खराती (खडराती ? सं) भनिन्छ। साँझको भात खाइसकेपछि यो उत्सव घर माडुँमा गरिन्छ । यस अवसरमा आइमाईहरू मागल गाऊँछन् । दमैहरू दमाह बजाउँछन् । यही मौकामा स्त्री पुरुषहरू सम्मिलित भएर धार्मिक चाँचीहरू पनि खेल्छन । खरातीको मुख्य आकर्षण धामीको नाच हो । मष्ट देउता र उनका भानहरू धामीले दमाईले बजाएको बाजाको तालमा कहिले उफ्रने, कहिले दौड्ने र कहिले अक्षताले हिर्काउने गर्दछन् । यसै अवस्थामा उपासकहरूले धामीको पूजा गर्दछन् र नैवेद्यको रुपमा दूध खान दिन्छन् । अनि आफ्नो समस्याको छलफल र हेराउने काम पनि यही बेला गरिन्छ । यो क्रम चतुर्दशीको रातसम्म दोहोऱ्याइन्छ ।


पूर्णिमाको दिन पैठ (मुख्य पूजा) हुन्छ । लगभग मध्यान्नदेखि पूजा सुरु हुन्छ । यस दिनको पूजा वन माडुमा हुन्छ । पूजा सामानका मुख्य सिक (फुको चामल) र धजाको निकै महत्व हुन्छ । नैवेद्यका लागि खीर पकाउन दूध, चामल, पीठो, घ्यू र पाठा जम्मा गरिन्छ । कुनै थानमा धामी मरेर अर्को औतीय नसकेको भए त्यस्ता थानमा काचो नैवेद्य चढाएर बुको पूजा गरिन्छ ।

पूर्णिमाको दिनमा पनि धामीहरू पतुर्ने र नाच्ने गर्दछन् । धामीले लंगौटीबाहेक अरु केही लगाएको हुँदैन । कुनै कुनै मष्टको धामीले आफूलाई भोग चढाउन ल्याएको बोकाको घाटीमा दाँत गाढेर रगत चुस्दछन् । कुनै थानमा भोग दिन ल्याएको पाठोलाई डांग्रेले काट्दछ र

त्यस पाठाको दाहिने खुट्टा, फोक्सो र कलेजो मष्टको थानभित्रै राखेर बाँकी पूजा गर्न आउनेलाई फर्काइदिन्छ । मष्टका धामीले उपचारको रुपमा आफ्ना भक्तहरूलाई अक्षता मन्तरेर दिन्छन् र त्यो अक्षतालाई त्यसै वा भातसँग पकाएर खाने र कुनै ठाऊँमा लगेर गाड्ने वा छर्कने सल्लाह दिन्छन् । मष्टको धामीले विभिन्न किसिमको मुद्दा मामिला छिन्ने र दोषी अपराधीलाई दण्ड सजाय दिने, हत्कडी, नेल र गलफन्दा लगाएर कैद पनि गर्दछन् । मष्टको निर्णय सबैलाई मान्य हुन्छ । अतः आफ्ना कुनै दुःख आपत पर्‍यो भने उनीहरू आआफ्ना मष्ट देउताको पूजा आराधना गर्दछन् । यसरी मष्ट सम्प्रदायले खासगरी पश्चिम नेपालको खस संस्कृतिमा गहिरो प्रभाव पारे तापनि पूर्वमध्यकालका खस मल्लहरूले कुनै अभिलेख स्पष्टसँग मष्टको उल्लेख गरेको पाइँदैन । पृथ्वी मल्लको ई १३५६ को कथनपत्रमा उल्लेखित गोसाई शव्दलाई मष्टसँग सम्बन्धित गराउन सकिन्छ किनभने पतुरेको मष्टको धामीलाई उनका भक्तहरू गोसाईं महाराज भनेर सम्बोधन गर्दछन् । यसैगरी पृथ्वी मल्लकै ई १३५७ को दुल्लुको कीर्तिस्तम्भमा साक्षी बसेका धर्ममाणक सम्भवत् : यिनै मष्ट देउताका धामी हुन सक्दछन् । सुर्ती साइको सम्वत् १५४७ ई १६२५ को एउटा कागजमा भने मष्ट शब्दको स्पष्ट उल्लेख छ र यसैलाई नै विद्धानहरूले मष्टको सबैभन्दा पुरानो उल्लेख मानेका छन् ।

**लेखकः  नेपाल प्रज्ञा प्रतिष्ठानका निवर्तमान उपकुलपति एवम् संस्कृतविद् हुनुहुन्छ ।**

# मष्ट : धर्म कि देवता ?


✍ प्रा. डा. सुरेन्द्र के.सी.

## प्रसङ्ग

गत वर्ष (२०७७) खस एकता समाजले काठमाडौंको पूतलीसडकमा आयोजित एक कार्यक्रममा मलाई प्रमुख अतिथिको रुपमा निम्त्याएकोले म प्रायः गह्रुंगो मनले त्यहाँ पुगें । त्यहाँपुगेपछि के पत्ता लाग्यो भने उक्त कार्यक्रममा नेपाली खस-बाहुनले मान्ने मष्ट धर्म सम्बन्धमा थियो ।

हुनत म इतिहास विषयकै प्राध्यापक हुँ । तै पनि अध्ययनको कालावधि आधुनिककाल (इ.१७६८-१९५१) भएको हुँदा वस्तुतः देशको प्राचीन तथा मध्यकालिन इतिहासबारे प्रायः अनभिज्ञ रहेको हुन्छु । त्यसमा पनि भाषा र धर्म संस्कृतितर्फ आफू मठ्ठु भने पनि फरक नपर्ने स्थिति नै छ । त्यसको अतिरिक्त यी सबै विषयवस्तुसँग जोडिने प्रसंगहरूमा समेत म निम्त्याइएकै हुन्छु । उक्त दिनको कार्यक्रम ती मध्ये एक थियो ।

नभन्दै त्यस दिन मैले कुनै प्रकार आफ्नो भूमिका त निर्वाहार गरी फर्किएं तर तत्क्षण भाषा संस्कृतिमाथि राजनीति गरी आएको एउटा अतिवादी संकीर्ण समूहको घानमा परिहाँले म । तिनको आरोप थियो म पनि तिनै आयोजकहरूको मतीयार बनिसकें जो मष्टलाई देवता होइन धर्म बनाई हिन्दूको समानान्तर धार्मिक पन्थ खडा गरेर आफ्नो सनातन धर्म माथि प्रहार गर्ने इशाईको प्रपञ्चमा लागेका थिए ।

हुनत यता तिर मैले नतः सोचेको थें न त्यसरी बोलेकै थिए । त्यतिमात्र होइन ती आयोजकहरूको उक्त कार्यक्रमको ध्येय बारेसमेत मलाई कुनै पनि अत्तोपत्तो थिएन । महत्वपूर्ण पक्ष चाहिं के भने त्यहाँ

मैले ती आयोजकहरू भन्दा फरक राय राख्दै मष्ट मात्र होइन भाषा तर्फ वैतडेली, डोटेली, जुम्ली लगायत पृथक भाषिका र खस भाषाको अगल जनगणना वा अस्तित्व उठाएर प्रकारान्तरले नेपाली भाषालाई अल्पसंख्यक देखाउने षड्यन्त्रकै अस्त्र बन्नपुगीएझैं मष्टलाई देवता वा खस जातिको संस्कृति नभई अलग धर्मका रुपमा हिन्दूकै समानान्तर दावा गर्नुको तात्पर्य पनि नेपाली भाषा जस्तो हिन्दू धर्मलाई अल्पमत तर्फ लैजाने दुरासयनै हुने हुँदा यस लोकोवादबाट पनि बचेर काम गर्नु राम्रो हुने मैले आफ्नो प्रमुख आतिथ्यता संवोधनका क्रममा बढो दृढरोक्ति पूर्वक राखें ।

त्यतिमात्र होइन त्यसपछि लगत्तै आफ्नो गृह जिल्ला ताप्लेजुङ पुगेको सन्दर्भमा जन्मथलोबाट सदरमुकाम ताप्लेजुङ फर्कने क्रममा छिमेकी गाऊँ खोकीलाङका थापावंशले देवाली मनाइरहेको स्थलमा आफ्नो सवारीलाई अनायास सडकमै रोकी यसै मष्टबारे एकाध शब्दका लागि अनुरोध गरेकोमा सो सन्दर्भमा त्यहाँ मैले व्यक्त गरेका ती एकाध शब्द पनि मेरो मानसपटलमा अफै ताजै रहेकाछन् । त्यहाँ मैले भनेथें - यदि हामी वारीबाट पारी फड्को मार्ने सुरु गर्दैछौं भने पारीपट्टि ठ्याक्कै कहाँ खुट्टा टेक्ने हो सो निश्चित नभई हामफालियो भने हामी दुर्घटनाको शिकार बन्ने खतरा प्रवल रहन पुग्छ । त्यसैले यहाँ पनि हामी हिन्दूबाट मष्टमा जाने हो भने प्रथमतः हामीले मष्ट बुझ्नु पऱ्यो । त्यसपछि हाम्रो समूदायले हिन्दू रितिथिति र परम्परा बुझ्नु पऱ्यो । अन्यथा दुविधासहित हामी त्यहाँ लाग्यौं भने समुदायमा दरार एवं संकोचन त रहन्छ नै साथै मष्टधर्मी र हिन्दूधर्मी बीच वैमनष्यता उत्पन्न भई अनावश्यक मनमुटाव र कलहको बिऊ पनि रोपिन पुग्छ । यस्तो सुस्पष्ट बुझाइ वा भनाई एवं प्रतिवद्धता भएको म न त्यस्तो विवादास्पद अभिव्यक्ति दिने मान्छे हुँ न दिएँ नै । नतः मलाई धर्मबारे त्यत्रो चासो लिनुदिनु नै रहने गर्छ । दुर्भाग्य ! त्यस्तो मलाई केही संकीर्ण अतिवादीहरू निकै अघि देखिनै तारो बनाइ आएको पाउँदा म हतप्रभ बनेको त निश्चयनै छैन तर यसले म माथि दोषारोपण गर्ने तिनलाई मात्र कुनै फाइदा हुने

होइन जुन हिन्दूधर्मका लागि भनेर तिनले मलाई तारो बनाई आएका हुन् त्यसलाई समेत यस प्रवृत्तिले कुनै लाभ नपुऱ्याउने मेरो बुझाई रहिआएको छ ।

## संदर्भ

उक्त परिवेशमा निश्चयनै मलाई यस विषयमा जे माथिल्लो प्रसंगमा उल्लेख गरें कसैगरी त्यति कुरा भन्नै पनि लागि आएकै थियो । शैभाग्यको कुरा यसपटक मष्टो कुलदेवता प्रतिष्ठानले यसै विषयमा सानो आलेख भनेबाट तत्काल मैले उपर्युक्त पृष्टभूमि सहितको प्रस्तुत लेख गर्ने अभिप्रायः बनाइ हालें । प्रस्तुत लेख मेरो सोही आशय एवं चाहनाको परिपूर्ति मात्र नै हो, विशेष होइन । पाठकहरूलाई लाग्ला मैले किन यस्तो भन्नु परेको हो ? कुरा सुस्पष्ट छ त्यस्तो मूलतः २ कारणले– प्रथम मलाई यति कुरा अभिलेखिकरण गर्नु थियो । दोस्रो मलाई यस मष्टबारे पर्याप्त ज्ञान पनि किमार्थ रहने अवस्था भएन । अतः म आरम्भमै यिनी दुवै कुरालाई विना संकोच स्पष्ट पारेर यस कार्यमा अघि बढ्ने अनुमति चाहन्छु ।

## आलेखको प्रारुप

प्रस्तुत आलेखलाई म देहायका शीर्षक भित्र आवद्ध पर्न चाहन्छु ।

(क) शब्दार्थ

(ख) प्रचिनता

(ग) धर्म कि देवता ?

(घ) उत्पत्ति

(ङ) भेद

(च) निष्कर्ष

(छ) सन्दर्भ सामग्री

(क) मष्टको वास्तविक नाम मष्ट, मष्टा, मष्टो वा अन्य केही ?

मध्ये हो के ? प्रथमतः मैले यसैमा दिग्भ्रमित र दुविधा पाएँ । किनभने यी मध्ये सवै शब्दावलीहरू यत्रतत्र घेरिएको मात्र पाइदैन । एउटै लेखकले पनि यदाकदा उपर्युक्त तिनैवटा शब्दहरू समेत उल्लेख गर्ने गरेको फेला पर्छ । मष्टोका अध्यता एंव विष्लेशक श्यामबहादुर खड्का र कर्णालीवासी रही मष्टो मात्र होइन हिन्दू धर्म र नेपाली संस्कृतिमै निरन्तर संलग्न रही आएका त्यसका मर्मज्ञ प्रेम कैदीहरू निरन्तर मष्टो शब्दावलीनै प्रयोग गर्दै आइरहेको पाइन्छ । खड्काले त 'मष्टो संस्कृति र परम्मपरा' शीर्षकको ४५० पृष्ठको ग्रन्थ नै दिएका छन् हामीलाई ।

इतिहास विषयका प्रा.डा. एवं कर्णाली प्रदेश र गण्डकी प्रदेश क्षेत्रका बाइसी एवं चौवीसी राज्य तर्फका इतिहासका अन्वेषक राजाराम सुवेदी पनि मष्टोकै पथमा देखिन्छन् । तर धर्म संस्कृतिका ज्ञाता डा. जगमान गुरुंग भने त्यसमा छैनन, उनी मष्ट शब्द प्रयोग गर्दछन । उता प्रा.डा. ऋषिराम पोखरेल र जाजरकोटेली चेली इन्दिरा शाह चाहिं 'मष्टो' शब्दावली नै प्रयोग गर्छिन भने विख्यात इतिहास एवं कर्णाली पुत्र योगी नरहरीनाथ र भाषविद् प्रा. बालकृष्ण पोखरेलहरू प्रायः मष्टा र मष्टो शब्दकै पक्षमा देखिए तर यस बारेमा प्रारम्भिक अनुसन्धानकर्ता प्रयागराज शर्मा चाहिं मष्ट शब्द कै पक्षमा देखिन्छन् भने नेपाल प्रज्ञा प्रतिष्ठानको बृहत शब्दकोषले चाहिं मष्टा/मष्टो दुवै शब्दलाई वैकल्पिक ढंगले पृ. १०५९ मा उल्लेखित गरिराखेको पाइयो । त्यसैगरी पूर्णप्रकाश नेपाल यात्री पनि 'मष्टो' शब्दकै पक्षमा देखिए ।

यी विविधताहरूको निष्कर्ष के भने स्वयम् मष्टको नाम बारेमा समेत हाम्रा विज्ञ विद्वानहरू बीच हालसम्म पनि मतैक्यता कायम हुन सकेको पाइदैन ।

## (ख) प्राचीनता

मष्टोलाई सर्वप्रथम कुन समुदायले प्रयोगमा ल्यायो ? वा अपनायो ? यो धर्म हो वा कुलदेवता वा संस्कृति ? निश्चयनै यो कम पेचिलो प्रश्न होइन , पछिल्ला प्रसंगमा यसबारे विमर्श हुनेनै छ । यहाँ

चाहिं भन्नु के परेको छ भने वस्तुतः हामीकहाँ यस परम्पराको सुत्रपात कुन मितिमा कसद्वारा गरियो ? यसको निकै राम्रो मिहिन र संक्षिप्त विवेचना गर्नेहरू मध्ये मैले श्री कुलचन्द्र कोइरालालाई नै पाएँ। आफ्नो ५३ पृष्ठको एउटा संक्षिप्त पुस्तिकामा उनले यस बारे निकै नै सटिक एवं वैज्ञानिक विमर्श प्रस्तुत गरेका छन्। **नेपाली खस बाहुनका कूल देवता मष्टो** नामक उक्त पुस्तिकामा यस सन्दर्भमा नामै काफी छ वा तस्वीर आफै बोल्छ भनेझै भएको छ कि नभने नेपाली 'खस बाहुन' भन्ने वित्तिकै यहाँको कुन समुदाय हो भन्ने सुस्पष्ठै छ । त्यसैगरी तिनको 'कुलदेवता' नै मष्टो भन्नेले पनि यो धर्म हो वा देवता ? पनि स्पष्टै हुन्छ ।

यी विषयको गहिरो परिशीलन एवं विचार विमर्सको निष्कर्षमा उनी कुन निचोडमा आइपुग्छन भने मष्टो पूजक बाहुन क्षत्रीहरूको इतिहास इ.को शुरुदेखि छैठौं शताब्दी भित्र नै पश्चिम नेपालमा पसेको मान्नु पर्ने हुन आउँछ। **खस साम्राज्यको इतिहास** नामक आफ्नो स्तुत्य कृतिमा प्रा.डा. सूर्यमणि अधिकारीले पनि खसजाति बारे विमर्श गरेको पाइन्छ । राहुल सांकृत्यायन लगायतको निश्कर्ष पनि के हो भन्ने अरात समूद्रको पूर्वी दक्षिण भागमा बस्ने कस जातिको एक शाखा कासाइट नाउले पश्चिम एशियाको भूखण्डमा बसेर केही समयपछि सुमेर, वेवीलोन, सिरिया, मिश्र आदि पछि त्यसैको एउटा शाखा चाही हिन्दूकुश पर्वतमाला छिचोल्दै अफगानिस्तान, काश्मिर, जालन्धर पछि पूर्वतिर महाभारत शृखंलाको उत्तर दक्षिण आसाम, ब्रम्हपूत्र पारिसफमा पनि फैलियो ।

प्रा.डा अधिकारीको निष्कर्षमा अफगानिस्तानबाट अघि बढेको एउटा समूह तल सिन्धु घाँटी उपत्यका नओर्लि कछाडै, कछाड पहाडको बाटो कश्मिरको खसगिर टेकन पुग्यो । प्रकारान्तरले यिनै खसगी र वासीहरू खस भएका हुन् जसको हिन्दू धर्मसँग कुनै लिनु दिनु रहेन । त्यसैले तिनीहरू अवैदिक आर्य बन्न पुगे (पृ.२३) । यो हिसाब मान्ने हो भने -खसहरूलाई निश्चय नै हिन्दू मान्न नसकिने हुँदा मष्टो

पनि स्वतः हिन्दू परिवारबाट बाहिरिने परिस्थिति बन्दछ । डोरबहादुर विष्टहरूको निश्कर्ष पनि सायद यही हो किनभने खस स्वयम अवैदिक मात्र होइन मतवाली खस हुन र वैदिक क्षत्री परिवार भन्दा पृथक हुन ।

कुलचन्द्र कोइरालाको निश्कर्षले पनि यही संकेत गर्दछ । उनी भन्दछन्-

मुस्लिम आक्रमण पछि र अगाडि नै नेपाल पसेका जातिहरूको इतिहास छुट्याउने ठोसआधार कुल देवता मष्टो नै हुन । कुनै वंश परम्पराले कुल देवतामा मष्टोलाई मान्दैनन र अरु नै शिव विष्णु अथवा तारा छिन्नमस्ता, आदि देवतालाई कुलदेवता मान्दछन अथवा दिवाली गर्दैनन भने अवश्य नै तिनीहरू बाह्रौ शताब्दी पछि नेपाल पसेका हुन् ।

यहाँ भन्न खोजिएको के हो भने नेपालमा क्षत्री ब्राह्मण आप्रावासी हुन् र बाह्रौं शताब्दी पछि मात्र नेपाल पसेका हुन् भन्ने एउटा झुठ र दुराशयपूर्ण कुप्रथा र विजातीय पक्ष मात्र होइन सिंहाशनमा बसेका स्वयं स्वजातीय तत्वहरू पनि वडो गर्वकासाथ भन्ने गर्दछन् । उता सत्य केहो भने जसलाई यिनले त्यस प्रकार बाह्रौं शताब्दि भारतमा भएको मुसलमानी आक्रमपछि क्षेत्रीबाहुनहरू नेपाल पसेका आप्रवासी हुन भनेका छन् नतः तिनीहरू बाह्रौं शताब्दी न मुसलमानी आक्रमणपछि नेपाल पसेको विषयमा कुनै प्रकार संवद्ध रहेका हुन । त्यसको विपरित यी मध्ये वैशाली तिरबाट काठमाडौं छिरेर लिच्छवी सभ्यता निर्णय गर्ने क्षत्री, बाहुन मात्र होइन इस्वीको आरम्भदेखि पाँचौं शताब्दी वरिपरी कर्णाली भेगलाई गुल्जार तुल्याउँदै खस साम्राज्यको निर्णय गर्ने अवैदिक आर्यमूलका खसहरू पनि बाह्रौं शताब्दीको निकै शताब्दी अघि नेपाल भेगका अधिपति भइसकेको पुष्टी हुन्छ । यसका लागि इ.सं ५२१ को चागुनारायणको मानदेवको अभिलेखकासाथै दुल्लु दैलेखतिरका अनगिन्ती खस राजाहरूद्वारा खोपिएका शिला स्तम्भहरूको अध्ययन गर्ने बालकृष्ण पोखरेल, मोहन खनाल देखि विश्व केसी (पोखरेल) सम्मका भरपर्दा ग्रन्थहरू पल्टाउन ती विजातीय र स्वजातीय विज्ञहरूमा

आव्हान गर्न चाहन्छु । मष्टो प्रसंगसँग जोडर हेर्दा खस क्षत्रीहरूको गोठपूजा, मोही पारेर घिउ झिकेपछि अग्निलाई परसारी धूप हाल्ने संस्कृति, गोठपूजा गर्दा खीर, नौनी, घिउ र अमलाको पातमा बाबर नैवेध चढाउने आदि लगायत जो धूप धूवाँर गर्ने पद्धति छ त्यो १२ औं शताब्दी अघिदेखि नै कर्णाली भेगका खसहरूमा व्याप्त रहेको तिनीहरू जसरी पश्चिमबाट पूर्वतर्फ बसाईं सरेर जान थाले त्यो संस्कृति भने त्यसरी नै विस्तारित भएर गएको तथ्य र स्वयं पनि छु किन भने साविकको सावादिन र हाल फकताङलुङ गाविस-१ मा बसोबास गर्ने मेरो वंश मुडुला कार्कीमा पनि उक्त अभ्यासहरू हुबहु अभ्यासमा रहेको स्मरण मलाई पनि रहेकै छ । हुनसक्छ, उक्त शताब्दी पछि नेपाल पसेका क्षत्रीबाहुनहरू यस परंपराबाट विमुख पनि हुन सक्लान जो मूलतः मष्टो मान्दैनन भने निश्चयनै तिनीहरू नवागन्तुकहरू हुन तर अझै पनि लिच्छविकालीन क्षत्रीबाहुनमात्र होइन गोपालकालीन् नेपालको प्रथम राजवंशलाई कसरी नवगान्तुक वा आप्रवासी भन्ने कम चुनौतिको विषय हुन जाँदैन किनभने विख्यात संस्कृतिविद् प्रा.डा. रामनिवास पाण्डेको विचारमा यो प्रथम राजवंश आफैं पनि आर्यवंशिय उद्भवका जातिहरू थिए भनिरहनु परोइन नेपालको सर्वविधान ०७२ ले निर्दिष्ट गरेका खस आर्यहरूका पूर्वज पनि अरु केही नभई यिनै आर्य वा कर्णालीबासी खसहरूकै पूर्वज थिए वस्तुतः यस प्रश्नको निरुपण र यसैको सेरोफेरोमा हामीले मष्टोको प्राचीनतालाई निरुपण गर्नु पर्ने छ ।

गत भदौ २८ देखि आश्विन ३ गतेसम्म मैले हुम्ला जिल्लाको उत्तरी भूगोल नाम्खा गाविसको लिपि लाप्या उपत्यकाको भ्रमणमा जानु । वास्तवमा मानसरोवर कैलाश पर्वत यसै भूगोलवरिपरि पर्ने कुरामा म त्यती जागरुक नभएको तथ्यलाई म यस प्रसंगमा कवूल समेत गर्न चाहन्छु । जब म हुम्लाको उक्त स्थान ५००२ फिटको उचाइमा पुगि धेरै पर टल्किरहेको कैलाश पर्वत अनि लमतन्न सुतिरहेको नीलो मानसरोवर ताल दृष्टिप्राप्त गर्न सक्षम भए त्यसपछि मात्र म कैलाश र मानसरोबरको महिमा मण्डन गर्न तर्फ लागें । तदनुरुप एकहप्ता पछि

जब म घर फर्के तत्काल स्कन्ध पुराण अन्तर्गत मानसखण्ड नामक रामचन्द्र शर्मा पौडेल समेतद्वारा अनुदित भीमकाय ग्रन्थसँग एकाग्र हुन थालेपछि पो म छागांबाट खसेझैं भएँ ।

यस मानसखण्डले कैलाश मानसरोवर भेगको पवित्रता र ऐतिहासिकता सहितको भूगोलमात्र खुट्याउदैन सँगै यसको धार्मिक परिवेश र मानवसभ्यताको परिवेश समेत उभ्याउने गर्छन र विषयगत सीमाको कारण निश्चय नै यतातर्फ प्रविष्टताका लागि मलाई अनुमति छैन नै । खाली के मात्र उल्लेख गर्न उद्यत छु भने कर्णाली भेगको अर्को अध्यता पूर्णप्रकाश नेपाल 'यात्री' का विचारमा समुचित विषयका मष्टो यिनै मानसरोवर कैलाश क्षेत्रका देवता हुन् । ज्ञातव्य छ, सृष्टिको आदिथलो पनि आर्यग्रन्थहरूले यसै पर्वत क्षेत्रलाई मान्ने गरेका छन् । ज्ञातव्य छ, यो कैलाश मानसरोवर ल्हासाबाट ८०० माइल पश्चिममा अवस्थित छ भने लिमी उपत्यकाबाट ३० माइल मात्रको दुरीमा अवस्थित छ । लिमि भन्नाले हुम्ला ६ हो र ठ्याकै तिब्वतसँग जोडिन्छ जहाँ नेपाल चीन सीमाको स्तम्भ नं. १२ पनि उभ्याइएको छ ।

## (ग) धर्म कि देवता ?

आजको मुख्य विषय हो मष्टो धर्म हो वा देवता ? कुलचन्द्रजीको पूस्तिकामा परेका डा. प्रयागराज शर्मा र रामबहादुर रावलजीहरूका विद्वतापूर्ण मन्तव्यहरू पनि विश्लेषण गरें । सबैका लेखनबाट कुन निष्कर्षमा आइपुगे भने मष्टोलाई जुनसुकै व्यूत्पत्तिबाट उभ्याइए पनि यो कर्णाली प्रदेशकै ग्रामधर्म अन्तर्गत पर्ने एउटा लोकपृय देवताको नाम हो । जसलाई खस साम्राज्यका सम्पूर्णले कर्णाली सभ्यताको उठान काल देखिवनै घरघरमा कुलदेवता र स्थान विशेषमा क्षेत्रपालको रुपमा पूजा आराधना गरे जसको कुनै स्वरुप, अर्धाङ्गीनी आदि केहि नभई पुरुष देवताको पहिचान छ । सामान्यतः सबैजसो विशेषतः कुलचन्द्र कोइरालाका लेखन भित्र मष्टोका नामहरू मैले यसप्रकार प्रयुक्त भएको पाएँ :

१. कुलदेवता
२. इष्टदेवता
३. आराध्यदेव
४. देवादिदेव
५. कुनै एक आदि पुरुष मष्टो
६. वायु देवता
७. आदि मष्ट
८. मष्टो देवता
९. स्थानीय ग्रामदेव
१०. भयका देवता - मरुत
११. शिवका गण
१२. लोकप्रिय ग्रामदेवता

तर कसैले कहीँ पनि यसैलाई धर्म वा सम्प्रदाय विशेष अर्थमा प्रयोग गरेको भने कतै पनि पाइएन। यसको तात्पर्य यसलाई अवआएर कुनै धर्म वा हिन्दूधर्मकै समानान्तरमा उभ्याउन खोज्नुको त्यत्रो अर्थ निस्कने जस्तो मलाई लागिरहेको छैन। खासगरी त्यस्तो बेलामा जव सिंगो खस र आर्यवंशनै सम्मिलन र समिश्रणको लामो प्रकृयाबाट पछि प्रायः एकाकार नै भई सकेको र समन्वयात्मक संस्कृतिका पूजक सहिष्णुतामुखि हामी नेपाली परम्पराका मुख्य जाति भित्रका यस विवादको अर्को परिणाम नल्याउने अभिप्रायः नै देखिने हुँदा मष्टोलाई जुनसुकै नामबाट सम्बोधन गरिएतापनि यसलाई हिन्दू परम्पराभित्रकै ग्रामदेवताका रुपमा अपनाउनु सर्वथा मनासिव देखिन्छ।

## (घ) उत्पत्ति

अब लागौं मष्टो उत्पत्तिको महत्वपूर्ण विमर्श तर्फ वा मानिस भगवानको सृष्टि हो भगवान मानिसको कल्पना। यो प्रायः अर्निणित विषय नै हो मेरा लागि तर कतिको विचारमा यस्तो सोच्नुसम्म पनि महापाप हो किनभने निर्विवादरुपमा मानिस लगायत सीगों ब्रम्हाण्डको रचना नै सचिदानन्द भगवान बाटै भएको हो। तर अहिलेको विषय

यो नभई मष्टो नै यसको केन्द्रीय विषय वस्तु भएको हुँदा पूनः त्यतै लाग्नु उपयुक्त हुनेछ ।

जहाँसम्म मष्टोको प्रश्न छ यसको आधिकारिक व्यक्ति मूलतः धामी भ्फाँक्री नै हो । ज्ञातव्य छ भ्फाँक्रीले चिन्ता बस्दा देवी-देवता पुकार्दै स्वयंको शरीरमा प्रविष्ट गराउने क्रममा पतुर्ने क्रममा जो जे फलाक्ने गर्दछ त्यही कलाकोमा परेको विवरणले दिने विषय वस्तु नै मष्टोका पनि स्रोतहरू हुन् । अन्यथा यसलाई पुष्टि गर्ने ठोस सामग्री सामग्रीहरू कुनैपनि लिखत आदिमा उपलब्ध छैनन् । मष्टो संस्कृतिसँग चिरपरिचित अछाम निवासी रामबहादुर रावलले आफ्नो मन्तव्यमा उल्लेख गरी राखेको तलको प्रशंगलाई एक पटक नियाल्ने कोशिश गर्नु अनुपयुक्त नहोला ।

मष्टो शब्दको व्यूत्पत्तिबारे विद्वान खोजकर्ताहरूमा मतक्यै रहेको छैन । भगवान शिवका प्रख्यात प्रतिमुर्ति अथवा प्रसिद्ध अष्टभैरवको सांख्यकी शब्दमा मष्टाबाट नै मष्टो मान्ने एक पक्ष छ भने कुलचन्द्र कोइरालले 'मरुत' बाट मष्टो शब्द निस्पति भएको शास्त्रीय आधार प्रस्तुत गर्नु भएको छ ।

अब हामी कुलचन्द्रजीले दिनु भएका तर्क तर्फ लागौं । कोइरालाको विचारमा पित्तल युगमा कर्णाली भेगले खस सभ्यताको जग बलाल्यो । सायद मष्टो पनि यसताका आविर्भाव भए । लोकोत्ति र अनुश्रुति अनुसार मामा भानिज सपरिवार कुनै नयाँ ठाऊँसँग मामा भानिज भाइ बाधको आमन्त्रणले मारिन पुगे । कसैले अकारण स्व मामाको हातबाट भान्जाको ज्यान गएको पनि भन्ने गरेको पाइन्छ । सत्य जेभएतापनि ती मृतक अब वायुरुपमा प्रकट भएर त्रास दिन थालेको दोष व्याप्त पिडादि माथि थोपर्न थालियो । अन्ततः उनै मृतात्माको सेवा सुश्रुषाले वा अर्चना वन्दनाले त्यस्तो त्रास र पीडाबाट राहत पाउने ध्येयले नै त्यस अज्ञात वायुको मूर्तिकरण हुन पुगेको हो । जसलाई प्राकृत युगको मानव मस्तिष्कले भएका देवता अर्थात् मरुत

भन्ने नाम दिंदा प्रकारान्तरमा त्यही मरुत 'मष्टो' का रुपमा सर्वव्यापी एवं सर्वशक्तिका कुलदेवता रुपमा सिंगो खस समुदायको पूजनीय ग्रामदेवता बन्न पुग्यो । पछिबाट समन्वयात्मक संस्कृति प्रभावले गर्दा वैदिक अवैदिक दुवैले सहजै मष्टोलाई अपनाउन थालेबाट यो देवता सिंगो खस-ब्राम्हण सम्प्रदायको कुल देवताका रुपमा पूजिन र सर्वस्वीकार्य वन्दै गएको प्रतित हुन्छ । कोइरालाजीले जुन मामा भान्जाको प्रकरण माथि उल्लेख गरेका छन्, ती मृतक स्वयंको नाम मष्टो हुन सक्ने अनुमान पनि गरिराखेको छन् कतै कुरा त्यस्तै त होइन । तथापि यो अवश्य हो - यिनैलाई खुशी गराई मान भाउ पुऱ्याएमा सुख शान्ति दिने अनिष्टको सुचना दिने अपमान गरेमा कष्ट दुःख दिने धारणा बढिरहेका ताम्र युगिन मष्तिष्कले अन्य देवादिदेवको स्थापना भई नसकेको त्यस युगमा मष्टोको आराधना व्याप्त बन्दै गयो ।

अर्कोतर्फ रामबहादुर रावलले शिव स्तुतिमा परेका 'महिष्टाय नमोनम' को संवोधन महिष्ट (महाइष्ट) बाट नै मष्टो निस्पत्ति भएको र जनस्तरीय बोलचालमा मष्टो, महिठो वा मैठो हुँदै महिष्ट नै मष्टो बन्न पुगेको भनी दिएको निस्कर्षमा निकै ठूलो दम देखिन्छ ।

## (ङ) भेद

मष्टो संस्कृति र कर्णाली भेगका अध्यताहरूले सामान्यतः मष्टोका १२ भेद र ८४ उपभेद उल्लेख गरिराखेको पाइन्छ । मष्टो निराशय हुने हुँदा मूलतः यो स्थान विशेषबाट नै पूजीत र पल्लवित हुँदै गएको आभाष हुन्छ । जमेको शुरु संख्या १२ स्थानबाट विकसित हुँदै गएपनि पछिबाट विभिन्न हिसाबले ८४ को संख्यामा वर्गिकृत भए । जसलाई रजोगृणी (रक्तवली खाने) सत्वगुणी (पायस) वलीखाने र तमोगुणी (जतापनि मागी खाने) पनि मागी हुने गरी विभिन्न समूहमा पनि विभक्त गरियो । यस बाहेक नौ बहिनी दुर्गाहरूका प्रसंग जोडिनाले १२ भाइ मष्टा र ९ बहिनी दुर्गा भन्ने संयुक्त संवोधनको प्रचलन समेत आवद्ध भयो ।

## (च) निकर्ष

एउटा सानो लेखमा यत्तिको विशाल इष्ट देवताका विविध पाटा पक्षमा सवितार उल्लेखन किमार्थ सम्भव छैन । त्यसैले यहाँ एउटा सामान्य मिमांस गर्ने प्रयासमा नै भएको छ । अतः म उग्र किसिमको वहस विवाद भन्दा पनि सौम्य किसिमको मध्यमार्गी विचार-विमर्शमा केन्द्रीत भई एक समय व्याप्त बनेको यस क्षेत्रीय देवता माथि गहिरो अध्ययन र अनुसन्धानमा केन्द्रित हुन आव्हानका साथ यस मष्टो देवतालाई हिन्दू परिवार भित्रको कुल देवतारुपता बुझेर अपनाउन समेत हार्दिक अनुरोध गर्दछु ।

## (छ) सन्दर्भ सामग्री


रामचन्द्र शर्मा पौडेल **'रम्घाली' र अरु मानस खण्ड** (नेपाली अनुवाद) २०७५

कुलचन्द्र कोइराला, **नेपाली खस बाहुनका कुलदेवता मष्टो,** २०५२

विश्व केसी पोखरेल, कीर्ति..... २०६८

बालकृष्ण पोखरेल, **खस जातिको इतिहास,** २०७५

श्यामबहादुर खड्का **मष्टो सस्कृति र परम्परा,** २०७२

सूर्यमणि अधिकारी, **खस साम्राज्यको इतिहास,** २०६७

मोहनप्रसाद खनाल, **नेपाली भाषाका हजार वर्ष,** २०६८


मोहनसिंह खड्का (संयोजक), **मष्टो स्मारिका**, २०७३

प्रेम कैदी (संपा) **मष्टो मन्दिर र पूजा विधि**, २०७६



**लेखकः त्रिभूवन विश्वविद्यालयका अवकाश प्राप्त प्राध्यापकका साथै राजनीतिक विश्लेशक हुनुहुन्छ ।**

# मष्टो पूजा वैद्धिक सनानती नै हो



प्रा. डा. ऋषिराम पाखरेल

संसारमा अनेकौं धर्म र सम्प्रदाय छन् । ती सबैको मूल वैदिक सनातन धर्म हो । विश्वमा सबैभन्दा प्राचीन धर्म ग्रन्थ वेद हो ।

अनादि निधना नित्या,
वागुत्सृष्टा स्वयम्भुवा ।
आदौ वेदमयी वाणी
यतः सर्वाः प्रवृत्तयः ॥ महाभारत

अर्थात् स्वयम्भू (ब्रह्मा) ले सर्व प्रथम वेदरुपी वाणी (ग्रन्थ) सृष्टि (रचना) गर्नु भयो । आदि र अन्त्य नभएको कहिल्यै नाश नहुने ती वेदहरूबाट नै संसारका सबै धर्म, कर्महरूको विकास भयो ।

मानव जातिका पिता मनु भन्दछन्-वेदो अखिलो धर्म मूलम् ।

अर्थात् वेद समग्र रुपमा धर्मको मूल (मुख्य) श्रोत हो ।

धारणाद् धर्म मित्याहुः

धर्मो धारयते प्रजा : ।

अर्थात् धर्म भनेको धारणा र मान्यताको नाम हो । धर्मले नै सबै प्राणीको पालना गरेको छ । धर्मले आआफ्नो जातीय पहिचान दिन्छ । वेदले बताएको धर्मलाई सनातन धर्म भनिन्छ । सनातन अर्थात सृष्टिदेखि चलिरहेको मान्यता मर्यादा भएकोले यसलाई सनातन भनिएको छ ।

वैदिक सनातन धर्ममा एउटै देवतालाई कामका आधारमा अनेक नाम र रूप लिने परमेश्वर मानिन्छ ।

ऋग्वेद भन्दछ-

एक सद् विप्रा बहुधा वदन्ति (१०/१९६) अर्थात् ईश्वर परमात्मा एउटै हो तापनि विद्वानहरूले त्यसलाई अनेकौं नाम र रुपका मान्दछन् । ती अनेक रुप लिने वैदिक देवताहरूको एउटा नाम मष्टो पनि हो । वेद यसलाई पूजा अर्थ वाला मह धातुबाट अतिशय पूजनीय अर्थलाई महिष्ठ, मष्ठ, महस्थ, मष्टा आदि नामले बुझ्ने गरिन्छ ।

महस्थ महोर्ज वो मक्षीप (यजुर्वेद ७/६) अर्थात हे देव हो हजुरहरू पुजनीय मात्रै होइन अति नै पूजायोग्य हुन हुन्छ । हामीलाई समेत तपाईंको उर्जा (बल) दिन होस् ।

यिनै मष्टा मष्ठा मष्टो आदि नामले देवता वैदिक सनातनी ब्रह्म क्षमीहरूले आफ्नो कुलदेवताका रुपमा पूजा गर्दै आएका हुन् । मष्टो देवतालाई कर्णाली प्रदेशका सनानतीहरूले अनेक रुपधारी शक्तिशाली देवताको रुपमा मान्यता गर्दै आएको इतिहास छ । मष्टा देवतालाई कतै १२ किसिमका त कतै १८ किसिमका नामले पूजा गर्ने गरेको देखिन्छ । महर्षि यास्कले एउटै देवता अनेक नाम हुन्छन र एउटै देवतालाई अनेक प्रकारले स्तुति गरिन्छ भनेका छन् ।

'महा माध्यह देवताया एक एव
आत्मा बहुधा रतयते' (निरुत्ते देवता काण्ड ३)

अर्थात् सबै भगवत् शक्ति अथवा ईश्वरीय शक्ति भनेको हुँदा एउटै देवतालाई अनेक नाम र रुप मानेर पूजा अर्चना र प्रशंसा गरिन्छ । हामी सामान्य एउटा मानिसलाई जसरी उसको काम वा सम्बन्धका आधारमा अनेक नाम सम्मानपूर्वक व्यवहार गर्दछौं । एउटै व्यक्ति प्रमको निम्ति पिता हुन्छ । पितको निम्ति प्रम हुन्छ । श्रीमतीका निम्ति श्रीमान बन्छ । सासु ससुरा अथवा जेठानका अगाडि ज्वाइँ बन्छ । उही मान्छे दिदीको भाइ, दाजु, आदि नाता राख्छ । खेतमा काम गर्दा किसान बन्छ । उही मान्छे व्यापार गर्दा व्यापारी बन्छ । यसरी एउटै सामान्य व्यक्तिका रुप हुन्छन् भने जगत्को सृष्टि, स्थिति र लय

गर्ने सर्वेश्वर परमात्मा परमपितालाई महीष्ट (धर्तीमा रहने) देवता भनेर मष्ट, मष्टो सबै भक्तको जय गराउने हुँदा जयन्त आदि नामले पूजा उपाशना गरिनु पनि वैदिक संस्कृतिको एउटा विशेषता नै हो । यसमा शङ्का, उपशङ्का गर्नु पर्ने देखिदैन ।

मष्टो संस्कृतिका अनुयायीहरू मध्ये बल (शक्ति) पुरुषार्थद्वारा समाजको शक्ति सुरक्षा गर्ने र दुष्ट वा शत्रुहरूलाई समन गर्ने हुनाले शक मर्षणे धातुबाट वर्ष विपर्यय अर्थात् कसकरा हुँदै क्षय क्षत्रीय, खस र राज धर्मी खड्का आदि उपनाम धारी भएका हुन भन्ने कुरा भाषा विज्ञानले स्पष्ट पारेको छ । शक बाटै शाक्य वंश चलेको इतिहास हामी पढ्छौं । यसकारण ती सबै जात वर्णको समाज पनि वैदिक सनातनी नै हो । यसमा शंका छैन । यो कुरा नबुझ्नेहरूलाई भ्रममा पारेर खस क्षत्री, खड्का आदि जात वर्गका सिधा साधा जनसमाजलाई भ्रामक प्रचार गर्नु सरासर गलत हो धुर्त्याइँ मात्र हो ।


यसरी धर्म परिवर्तन आफ्नो जनमत तयार गरी राष्ट्रलाई उपनिवेश बनाउने दुःस्वप्न देख्नेहरू कहिले घाम नअस्ताउने भनिएको मुलुकले भारत वर्षमा धेरै राष्ट्रलाई आफ्नो अधीनमा पारेको थियो । उसैगरी अहिले त्यो शक्ति समाप्त भएकोले धर्मको आडमा पुनः सत्ता पाउने आशामा रहेर यी काम गरी राष्ट्र विखण्डनकारी कार्य गरिरहेको तथ्य बुद्धिजीवी कार्य गरिरहेको तथ्य बुद्धिजीवी समाजले स्वयम् बुझ्न अत्यन्त जरुरी भएको छ । विद्वान एवं विचारक यी श्यामबहादुर खड्काले लेख्नु भएको **'मष्टो संस्कृति र परम्परा'** भन्ने खोजमूलक अनुसन्धानात्मक कृति (२०७२) एवम् खड्का क्षत्री महासमाजद्वारा २०७३ मा महाराजगंजमा आयोजित 'मष्टो कार्यशाला गोष्ठी' मा विभिन्न विद्वान शोधकर्ताहरूले प्रस्तुत गर्नु भएका ५ वटा कार्यपत्र र त्यसको निश्कर्षबाट पनि हामीहरूले यो सत्य तथ्य कुरा राम्ररी बुझ्न अत्यन्त जरुरी भएको छ ।

वदेमा प्रयुक्त महिष्ठ र महस्थ शब्दबाट मष्टो हुन आएको हो । मष्ट (मष्टा, मष्टो) देवता वैदिक देवता नै हुन् । यसमा कुनै विवाद

गरिरहनु पर्ने आवश्यकता विलकुलै छैन भन्ने मेरो ठम्याई छ । म पनि पोखरेलको कुल देवताहरूमा एउटा मष्टालाई पनि मानेर परापूर्वदेखि पूजा गर्दै आएको छु । अरु ब्राह्मण, क्षत्री समाजले पनि मष्टोलाई पूजा गर्दै आएका छन् । अतः मष्टो पुज्ने परम्परा अवैदिक होइन । हामीहरूमा फाटो पारी हाम्रो समाजलाई विखण्डन गर्ने दुर्विचार गर्नेहरूले चलाएको स्यालको हुइयामा नलागी आआफ्नो परम्परा अनुसार मष्टो संस्कृति मानेर वैदिक सनातन धर्म अनुसार जन्म देखि मृत्युसम्म संस्कार एवम् मृत्यपछि पनि तिथि अनुसार आदि सबै कर्म गरी धर्म रक्षा गर्दै यो राष्ट्रको एकता र अखण्डता कायम राख्न आआफ्नो स्थानबाट सबैले सघाऊँ, यसैमा हाम्रो राष्ट्रको र हाम्रो भलाई छ । अस्तु शिवम् । जय मष्टो, जय नेपाल ।

**लेखक वाल्मीकि विद्यापीठका पुर्व प्राचार्य एवं नेपालका प्रथम वेदाचार्य तथा वेद विषयमा विद्यावारिधि (P.H.D) गर्ने पहिलो नेपाली हुनुहुन्छ।**

# सनातन धर्ममा मष्टो



✍ प्रा. डा. लालमणि पाण्डेय

सं गच्छध्वं सं वदध्वम् । मिलेर अगाडि हिँडौं र मिलेर बोलौं । ऋग्वेदः

सनातन धर्म विश्वका धर्महरूमध्ये सबैभन्दा पुरानो धर्म हो । वेदमा आधारित धर्म भएको हुँदा यसलाई वैदिक धर्म भनिन्छ । यस धर्मलाई हिन्दू धर्म पनि भनिन्छ । प्राचीन कालमा दक्षिण एसियामा बसोबास गर्ने आर्यहरूले सनातन धर्मको विकास गरेका हुन् । सनातनको अर्थ शाश्वत वा सदैव रहने भन्ने हुन्छ । जो सदा रहन्छ, जसको आरम्भ छैन, र जसको अन्त्य छैन त्यसलाई सनातन भनिन्छ । आदि र अन्त्य नभएको हुँदा हिन्दू धर्मलाई सनातन धर्म भनिएको हो । सनातन धर्म कुनै व्यक्ति विशेषबाट स्थापित धर्म होइन । प्राचीन कालदेखि चल्दै आएका विभिन्न मतमतान्तर, आस्था एवं विश्वासको एकीकृत रूप नै सनातन धर्म हो । यो विकासशील धर्म हो । इतिहासको लामो काल खण्डमा यसमा नयाँ नयाँ आयाम जोडिदैं आएका छन् । सनातन धर्ममा आदिम ग्राम देवता, भूत पिशाच, स्थानीय देवी देवता, पाञ्चायन देवता (गणेश, देवी, विष्णु, सूर्य र शिव) एवं तेत्तीसकोटी देवताहरू तथा निराकार ब्रह्म मान्ने अत्यन्त गूढ दर्शनसमेत कुनै अन्तर्विरोध विना समाहित गरिएको छ । यसमा अलग अलग उपासना पद्धति, मत, सम्प्रदाय, र दर्शन समेटिएका छन् । प्राचीन कालदेखि नै वेद मान्ने र वेद स्वीकार नगर्ने परस्पर विरोधी विचार एउटै सनातन धर्ममा समेटिएका थिए । सनातन धर्मको अर्थ, प्रमाण र बहुलवादी विचारको संक्षिप्त विवेचना गरी सनातन धर्मभित्र खस आर्य र मष्टो संस्कृतिबारे संक्षिप्त प्रकाश पार्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ ।

यस लेखमा शास्त्रीय ग्रन्थ र सनातन धर्म र मष्टो पूजा गर्ने खस आर्य संस्कृति सम्बन्धमा प्रकाशित अनुसन्धानात्मक लेख रचनासमेत स्रोत सामग्रीको रूपमा प्रयोग गरिएको छ ।

## धर्मका प्रमाण

यहाँ धर्मका प्रमाण भन्नाले सनातन धर्म के हो र के होइन भनी छुट्टाउने आधार हो । समान्यतः वेदले निर्दिष्ट गरेको कर्म गर्नु सनातन धर्म हो । धर्म सत्य र न्यायको आधार हो । सत्य र न्याय समाजको आवश्यकता हो । त्यसैले धर्मको मूल आधार वेदलाई मानिएको छ । वेद, स्मृति, सदाचार र आफ्नो प्रिय लाग्ने आचरण धर्मका मूल हुन्[१] (मनु, १९८३, अ. २, श्लो. ६) । याज्ञवल्क्यले वेद, स्मृति, सदाचार, आफूलाई प्रिय लाग्ने आचरण र असल उद्देश्यले सङ्कल्प गरिएको कार्य धर्मका आधार मानेका छन् (याज्ञवल्क्य, २०१११, आ., श्लो.७) । पहिले वेद, स्मृति, सदाचार, र न्याय सर्वमान्य कानुन थिए । बृहस्पतिले धर्म, व्यवहार, चरित्र र राजाको आज्ञालाई धर्मको आधारभूत प्रमाण स्वीकार गरेका छन् (बृहस्पति, १९४१, व्य. १, श्लो.१८) । कौटिल्यका अनुसार धर्म, व्यवहार, चरित्र र राजशासन धर्मका स्रोत हुन् । उनले यी चारमध्ये पनि धर्म भन्दा व्यवहार, व्यवहारभन्दा चरित्र र चरित्रभन्दा राजाज्ञा शक्तिशाली मानेका छन् । धर्म सत्यमा, व्यवहार (विवादको न्यायिक निर्णय) साक्षीमा, चरित्र सामाजिक जीवन पद्धतिमा आधारित हुन्छ - भने राजाको आज्ञा शासन हो[२] (कौटिल्य, २०००, अधि. ३, अ. १, प्र.५७-५८, श्लो. २-३) । धर्म अन्तर्गत वेद, स्मृति आदि समावेश गरिएको छ । साक्षी आदि प्रमाणका आधारमा गरिएका न्यायिक निर्णयलाई व्यवहार भनिएको हो । सदाचार वा लामो समयदेखि अभ्यास हुँदै आएका परम्परा वा प्रथालाई आचार भनिएको हो । वेद र वैदिक ॠषिहरूद्वारा प्रतिपादन गरिएका सिद्धान्तलाई संविधान र

---

१ वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् । आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च ।

२ धर्मश्च व्यवहारश्च चरित्रं राजशासनम् । विवादार्थश्चतुस्पादः पश्चीमः पूर्वबाधकः ॥
अत्र सत्ये स्थितो धर्मो व्यवहारस्तु साक्षिषु । चरित्रं सङ्ग्रहे पुंसां राज्ञामाज्ञातु शासनम् ॥

कानुनको रूपमा मान्यता दिइन्थ्यो । जातिधर्म, देशधर्म, श्रेणीधर्म र कुलधर्मको समीक्षा गरेर विवादको न्यायिक निर्णय गर्नुपर्छ (मनु, १९८३, अ.८, श्लो. ४१) भन्दै विभिन्न जाति, प्रदेश, व्यावसायिक सङ्गठन र परिवारमा परम्परादेखि प्रचलनमा रहेका नियमलाई मान्यता दिने गरेको प्रमाणित हुन्छ । सनातन हिन्दू समाजमा धर्मशास्त्र नै कानून थियो । वेद, धर्मसूत्र र स्मृति आदि वैदिक सनातन धर्मका आधारभूत ग्रन्थ हुन् । गौतमधर्मसूत्रमा वेद, धर्मसूत्र, स्मृति, वेदाङ्ग, उपवेद र पुराणलाई विधिका आधिकारिक ग्रन्थ मानिएका छन्[३] (गौतम, १९७९, ११, सू. १९) । अब यहाँ धर्म केलाई मान्ने भन्ने विषयमा सनातन धर्मले स्वीकार गरेका प्रमाणहरूको चर्चा गर्नु प्रासङ्गिक हुन आउँछ ।

## शास्त्रीय प्रमाणः श्रुति र स्मृति

वेदलाई श्रुति भनिन्छ। वेद सम्पूर्ण धर्मको मूल हो[४] (मनु, १९८३, अ. २, श्लो. ६) । श्रुतिपरम्पराबाट इतिहासको लामो कालखण्डसम्म एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको हुनाले वेदलाई श्रुति भनिएको हो । वेदको कुनै लेखक छैन । त्यस कारण वेद अपौरुषेय मानिन्छ । सृष्टिको सञ्चालनका लागि आवश्यक ज्ञान मन्त्रद्रष्टा ऋषिहरूले तपोबलद्वारा ईश्वरसँग साक्षात्कार गरी वेदका मन्त्र प्राप्त गरेका हुन् । ईश्वरबाट प्राप्त शाश्वत ज्ञान वेद हो । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद चार वेद हुन् । वेदका शाखा ११३१ छन् । मानव सभ्यताको सबैभन्दा पहिलो ग्रन्थ ऋग्वेद हो । यी चार वेद सबैभन्दा प्रामाणिक ग्रन्थ मानिन्छन् । प्रत्येक वेदका मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद् गरी चार भाग छन् । वेदको मूल संहिता खण्डलाई मन्त्र भनिन्छ । ब्राह्मण, आरण्यक र उपनिषद् व्याख्यात्मक ग्रन्थ हुन् । हरेक वेद विभिन्न शाखामा विभाजित छन् । आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अथर्ववेद चार वेदका उपवेद हुन् । शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष वेदको व्याख्या गर्न विकास गरिएका छ वेदाङ्ग हुन् ।

---

३ तस्य च व्यवहारो वेदो धर्मशास्त्राण्यङ्गान्युपवेदाः पुराणम् ।

४ वेदोऽखिलो धर्ममूलं...।

त्यसपछि मानवीय कर्तव्यको विवेचना गर्न सूत्र साहित्यको रचना गरियो । श्रौतसूत्र, गृहसूत्र र धर्मसूत्र गरी सूत्र तीन प्रकारका छन् । श्रौतसूत्रमा यज्ञसम्बन्धि नियमको विवेचना गरिएको छ । गृहसूत्रमा लौकिक र पारलौकिक कर्तव्यको विवेचना गरिएको छ । धर्मसूत्रमा धार्मिक, सामाजिक र राजनीतिक कर्तव्यको उल्लेख गरिएको छ । विधिको अध्ययनका दृष्टिले धर्मसूत्र महत्त्वपूर्ण ग्रन्थ हुन् । धर्मसूत्रमा प्राचीन हिन्दू विधि व्यवस्थाको स्पष्ट झलक पाइन्छ । गौतम, बौधायन, आपस्तम्ब र वसिष्ठ धर्मसूत्रका प्रमुख रचनाकार मानिन्छन् । धर्मसूत्रलाई वैदिक साहित्यमा समावेश गरिन्छ । व्यावहारिक रूपमा धर्मसूत्र न्याय व्यवस्था र विधिका प्रमुख आधार हुन् ।

वेदबाट धर्म र अधर्मको ज्ञान प्राप्त हुन्छ[५] (कौटिल्य, २०००, अ. १, प्र. २) । वेदमा व्यक्तिले जे गर्नुपर्छ भनिएको छ त्यो गर्नु धर्म हो भने गर्नुपर्छ भनेको कार्य न गर्नु अधर्म हो । त्यस्तै गर्न हुँदैन भनिएको कार्य गर्नु पनि अधर्म हो । यदि कुनै विषयमा वेदमा नै दुई थरी मत छन् भने ती दुवै मतलाई धर्म मान्ने मनुको मत छ[६] (मनु, १९८३, अ.२, श्लो. १४) । वेदद्वारा स्थापित धर्म वैदिक सनातन धर्म हो । आफ्नो धर्मको पालना गर्नु हरेक व्यक्तिको कर्तव्य हो । धर्मले सत्य र न्यायको मार्गमा हिड्न सिकाउँछ । न्याय सत्य र धर्ममा आधारित हुन्छ । हरेक व्यक्तिले आ-आफ्नो कर्तव्य पालना गर्नुपर्छ भन्ने धर्मको मान्यता रहेको छ । धर्मबाट नैतिकता, कर्तव्य र न्याय उत्पत्ति हुन्छ भन्ने मान्यता रहेको छ । कर्तव्यको पालना न्यायको आधार हो । कर्तव्यको पालनाबाट अधिकारको सिर्जना हुन्छ ।

वैदिक साहित्यपछि स्मृतिको विकास भएको हो । स्मृतिको शाब्दिक अर्थ स्मरण गरिएको भन्ने हुन्छ । समयको गतिसँगै समाजमा नयाँ विधिको आवश्यकता पर्न गयो । यो आवश्यकता पूर्ति गर्न योगदान दिने कार्य स्मृतिकारबाट सम्पन्न भयो । ऋषिहरूद्वारा वेदको आशय

५ धर्माधर्मौ त्रय्याम् ......।

६ श्रुतिद्वैधं तु यत्र स्यात्तत्र धर्मावुभौ स्मृतौ ।

स्मरण गरी रचना गरिएका स्मृतिहरू सनातन धर्मका आधिकारिक ग्रन्थ मानिन्छन् । स्मृतिलाई धर्मशास्त्र भनिन्छ[७] (मनु, १९८३, अ. २, श्लो. १०) । वेद र वेदको सन्देशको प्रतिकूल नहुने गरी विद्वान् ऋषिहरूद्वारा निर्मित स्मृति ग्रन्थ पनि कानुनका आधारभूत सिद्धान्तका दस्तावेज मानिन्छन् । स्मृति ग्रन्थहरूमा वेदका सन्देशका आधारमा मानिसका आचार, व्यवहार र प्रायश्चित्तका नियमको प्रतिपादन गरिएको छ । स्मृतिहरू संस्कृत श्लोकमा रचना गरिएका छन् । मनु, अत्रि, विष्णु, हारीत, याज्ञवल्क्य, उशना, अङ्गिरा, यम, आपस्तम्ब, संवर्त, कात्यायन, बृहस्पति, पराशर, व्यास, शङ्ख, लिखित, दक्ष, गौतम, शातातप र वसिष्ठ प्रमुख स्मृतिकार हुन् (याज्ञवल्क्य, २०११,अ१, श्लो.४-५) । स्मृतिमध्ये मनुस्मृति सबैभन्दा पहिलो हो । मनुस्मृति वेदको प्रतिकूल नहुने गरी रचना गरिएको हुँदा यसलाई प्रामाणिक मानिन्छ । मनुस्मृतिपछि अन्य स्मृतिको रचना गरियो । अन्य स्मृतिहरू मनुस्मृतिको प्रतिकूल नभएको अवस्थामा मात्र प्रामाणिक मानिन्छन् । स्मृतिहरू विचार परम्पराका रूपमा विकसित भएका हुन् । राजनीति, विधि वा न्याय व्यवस्थाको विश्लेषणका दृष्टिले मनुस्मृति र याज्ञवल्क्यस्मृति विशेष महत्वपूर्ण मानिन्छन् । प्राचीन राजनीतिशास्त्रका विचारकहरूले न्याय व्यवस्थामा धर्मशास्त्रलाई प्रामाणिक विधि वा कानून मानेका छन् । धर्मशास्त्रको प्रतिकूल भएमा अर्थशास्त्र मान्य हुँदैन भन्ने शुक्राचार्यको विचार छ[८] (शुक्र, १९९९, अ.४, प्र. ५, श्लो. २६०) । कौटिल्य अर्थशास्त्रमा परम्परा धर्मशास्त्रको प्रतिकूल भएको अवस्थामा धर्मशास्त्रलाई प्रामाणिक मान्नुपर्छ भनिएको छ (कौटिल्य, १९२४, अधि. ३, अ.१, प्र. ५७-५८) ।

स्मृतिमा प्रतिपादन गरिएको पहिलो शिक्षा आचार हो । आचार भनेको सदाचार हो । सदाचारलाई सर्वश्रेष्ठ धर्म भनिन्छ[९] । आचार वास्तवमा मानिसको व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनमा

---

७ धर्मशास्त्रं तु वै स्मृतिः ।

८ धर्मशास्त्राऽविरोधेन ह्यर्थशास्त्रं विचारयत् ।

९ आचारः परमोधर्मः...।

पालना गर्नुपर्ने नियम' हुन् । मानिसले गर्न हुने र गर्न नहुने कार्यको निर्धारण आचार खण्डमा गरिएको छ । सदाचारका नियमको पालना गर्नु धर्म हो । धर्मको पालना गर्नु कर्तव्य एवं नैतिकता हो । यसैबाट सामाजिक न्याय र लोककल्याणकारी भावनाको विकास हुन्छ । मन, वचन र कर्मले कर्तव्यको पालना गर्नु हरेक व्यक्तिको दायित्व हो । सदाचारका नियम पालना गर्नुको अर्थ मानिसले आफू सुखपूर्वक बाच्ने र अरूलाई पनि सुखपूर्वक बाँच्न दिने व्यवस्था हो । वैदिक ऋषिहरूद्वारा प्रतिपादित नैतिकताका सिद्धान्त वा सदाचारका नियम नै तात्कालिक समाजका आधिकारिक सारवान् कानुन थिए । राज्य सञ्चालनका सिद्धान्त पनि राजधर्ममा समावेश गरिएको छ । युद्धका नियम र अन्तर्राज्य सम्बन्धका सिद्धान्त पनि राजधर्म अन्तर्गत राखिएको छ ।

स्मृतिमा प्रतिपादन गरिएको दोस्रो महत्त्वपूर्ण विषय व्यवहार हो । संस्कृतको व्यवहार शब्द स्मृतिमा विशिष्ट अर्थमा प्रयोग गरिएको छ । व्यवहारको अर्थ विवाद हो । विवादको न्याय निरूपण गर्ने न्यायिक प्रक्रियालाई पनि व्यवहार भनिन्छ । व्यक्तिले पारिवारिक तथा सामाजिक सम्बन्धमा मतभेद सिर्जना हुनु स्वाभाविक थियो । यस्ता मतभेदको अन्त्य गर्ने उपाय व्यवहार थियो । विवादको सत्य तथ्य पत्ता लगाई निष्पक्ष न्याय दिनु राजाको कर्तव्य मानिन्थ्यो ।

स्मृतिमा प्रतिपादन गरिएको तेस्रो महत्वपूर्ण विषय प्रायश्चित्त हो । सदाचारको पालना गर्नु सबैको कर्तव्य मानिन्थ्यो । सदाचारका नियमको पालनाबाट सामाजिक सुव्यवस्था कायम गर्ने विषयमा जोड दिइएको छ । वैदिक सनातन सामाजिक व्यवस्थामा तोकिएका नियमको पालना नगर्नु एवं नियम उल्लङ्घन गर्नु पाप हो । पापबाट मुक्त हुने उपाय प्रायश्चित्त हो । यो आत्मशुद्धिको उपाय हो । पश्चाताप गर्नु, तप अनुष्ठान गर्नु राज्यबाट दण्डित हुनु प्रायश्चित्तका उपाय मानिएका छन् । वैदिक धर्ममा आत्मा अमर मानिन्छ । मृत्युपछि मानिसको पुनर्जन्म हुन्छ भन्ने मान्यता छ । पाप गरेर प्रायश्चित्त नगरी यदि कुनै व्यक्तिको मृत्यु भयो भने उसले मृत्युपछिको जीवनमा समेत

त्यसको दण्ड भोग्नु पर्छ भन्ने मान्यता रहेको छ । मृत्युपछि आत्माको सत्ता स्वीकार गरिएन भने विद्वान् व्यक्तिहरू पनि असल कर्ममा प्रवृत्त हुँदैनन्[10] (सोमदेवसुरि, १९७२, ६, सू. ५) । यस लोक र परलोकमा समेत शुभ कर्मको फल सुन्दर हुन्छ भन्ने विश्वासले गर्दा मानिसको शुभकर्म प्रवृति हुन्छ । व्यक्तिले सामाजिक मर्यादा उल्लङ्घन नगरोस्; अरूको अधिकार हनन नगरोस् र अरूलाई दुःख कष्ट दिन नसकोस् भन्ने उद्देश्यले दण्डको व्यवस्था गरिएको छ । ज्ञान नभएर गरेको पापबाट मुक्ति प्रायश्चित्तबाट हुन्छ । जानी बुझी गरेको पापकर्मबाट मुक्ति अलग-अलग प्रायश्चित्तद्वारा हुन्छ (मनु, १९८३, अ.११, श्लो.४५-४६) ।

याज्ञवल्क्य स्मृतिमा पुराण, न्याय र मीमांसा धर्मको ज्ञानका आधारभूत विषयमा समावेश गरिएको छ[11] । याज्ञवल्क्य,२०११, अ.१, श्लो. ३) । रामायण र महाभारत ऐतिहासिक कथावस्तुमा आधारित महाकाव्य हुन् । महर्षि वाल्मीकिले सर्वप्रथम रामायणको रचना गरेका थिए । महाभारत र १८ पुराण वेदव्यासका रचना हुन् । रामायण, महाभारत र पुराणमा धर्म, दर्शन, अध्यात्म, इतिहास, भूगोल, राजनीति आदि विषयमाथि प्रकाश पारिएको छ । राजनीतिक स्वरूपको पनि सविस्तार वर्णन गरिएको छ । संस्कृत श्लोकमा लेखिएका यी ग्रन्थमा नैतिक नियमहरूको शिक्षा विभिन्न आख्यायिकाका माध्यमबाट बोध गराइएको छ । त्यसैले रामायण, महाभारत र पुराणहरू हिन्दू धर्मका व्याख्यात्मक ग्रन्थ हुन् ।

## धर्मका सामाजिक स्रोतः सदाचार र सद्विवेक

सनातन धर्मको दोस्रो आधार सदाचार हो । मनुस्मृति र याज्ञवल्क्यस्मृतिमा आचार वा सदाचार भनिएको छ (मनु, १९८३, अ.४. श्लो. ६-१२, याज्ञवल्क्य, २०११, आ., श्लो. ७) । कौटिल्य र बृहस्पतिले सदाचारको सट्टा चरित्र शब्दको प्रयोग गरेका छन् (बृहस्पति, १९४१,

१० असत्यात्मनि प्रेत्यभावे विदुषां विफलं खलु सर्वमनुष्ठानम् ।

११ पुराणन्यायमीमांसा....।

व्य१, श्लो. १८; कौटिल्य, २०००, अधि.३, अ.१) । धर्मसूत्रको रचना कालदेखि नै हिन्दूहरूले सदाचारलाई मान्यता दिएको पाइन्छ । श्रुति र स्मृतिपछि सदाचारको धार्मिक प्रमाणको रूपमा मान्यता हुन्छ । वेद र स्मृतिको प्रतिकूल नभएमा मात्र सदाचारले आधिकारिकता प्राप्त गर्दछ । सदाचारको अर्थ प्रथा हो । प्रचलित रीतिरिवाज एवं परम्परालाई प्रथा भनिन्छ । धर्मशास्त्रमा विभिन्न मत भएको अवस्थामा कुन विकल्पको अवलम्बन गर्ने भन्ने सन्देह उत्पन्न भएमा जुन मार्ग आफ्ना बाउ-बाजेले अनुसरण गरेका थिए त्यही सन्मार्गको अनुसरण गर्नु धर्म हो र त्यसो गर्दा कुनै पाप लाग्दैन भन्ने मनुस्मृतिको भनाइ रहेको छ[१२] (मनु, १९८३, अ. ४, श्लो. १७८) । यसबाट परम्परालाई धर्मको

प्रमाण मानेको प्रमाणित हुन्छ तापनि त्यस्तो परम्परा धर्मशास्त्र अनुकूल हुन आवश्यक मानिन्छ । देश, जाति, र कुलमा प्रचलित परम्परा यदि शास्त्रले निर्दिष्ट गरेका मर्यादा विरुद्ध छैनन् भने धर्मको रूपमा आधिकारिकता प्राप्त गर्दछन्[१३] (गौतम, १९७९, ११, सू.२०) । विभिन्न देशमा अभ्यास गरिँदै आएका आचरण देशधर्म हुन् । विभिन्न जात जातिमा प्रचलित परम्परालाई जातिधर्म भनिएको हो । त्यस्तै विभिन्न कुल वा परिवारमा परम्परादेखि अभ्यास गरिँदै आएका आचरण कुलधर्म हुन् । मनुस्मृतिका अनुसार राजाले जातिधर्म, देशधर्म, श्रेणीधर्म र कुलधर्मको समीक्षा गरेर धर्म र अधर्म छुट्टाउनु पर्छ (मनु, १९८३, अ.८, श्लो. ४१) । मनुले गौतमको धर्मसूत्रको व्यवस्थामा श्रेणीधर्म थप गरेको देखिन्छ । व्यावसायिक सङ्गठनका नियमलाई श्रेणीधर्म भनिएको हो । देशधर्म र कुलधर्म वेदमूलक वा वेदको प्रतिकूल पनि हुन सक्छन् भन्ने शुक्राचार्यको मत छ[१४] (शुक्र, १९९९, अ. ४, प्र. ३, श्लो. ६४) । वेदको प्रतिकूल परम्परालाई समेत मान्यता दिएर शुक्राचार्यले हिन्दू धर्मको शास्त्रीय परम्परामा क्रान्तिकारी परिवर्तन ल्याएको स्पष्ट हुन्छ ।

१२ यनास्य पितरो याता येन याताः पितामहाः ।
तेनयायात्सतां मार्गं तेन गच्छन्न रिष्यति ।

१३ देशजातिकुलधर्माश्चाम्नायैः अविरुद्धाः प्रमाणम् ।

१४ कल्पितश्रुतिमूलो वाऽमूलो लोकैर्धृतः सदा । देशादिधर्मः स ज्ञेयो देशे देशे कुले कुले ।

धर्मशास्त्र र परम्परापछि व्यक्तिको विवेकले सत्य ठानेको कार्य गर्न हुन्छ भन्ने प्राचीन हिन्दू न्याय प्रणालीमा मान्यता दिएको पाइन्छ। विवेक सत्यमा आधारित हुन्छ । सत्य नै न्याय हो । ब्रह्मले देखेको सत्यको अभिव्यक्ति नै सद्विवेक हो। मनुस्मृतिमा आफूलाई प्रिय लाग्ने आचरणलाई पनि धर्म वा विधिको मान्यता दिइएको छ[१५] (मनु, १९८३, अ. २, श्लो. १२)। याज्ञवल्क्यस्मृतिमा यसका अतिरिक्त सत्य निष्ठा पूर्वक सङ्कल्प गरी गरिएको कार्यसमेतलाई समावेश गरिएको छ (याज्ञवल्क्य, २०११, आ., श्लो. ७) । यसको अर्थ स्पष्ट छैन तापनि विषय र प्रसङ्गले धर्मशास्त्र र सदाचारमा विविधता देखिएमा आफूलाई प्रिय लाग्ने आचरणको अनुसरण गर्नु धर्म वा न्यायको मार्ग हो भन्ने बुझ्नु उपयुक्त हुन्छ। यो समाजमा हरेक व्यक्तिले वेद, स्मृति र सदाचारका नियमको पालना विवेक पूर्वक गर्नुपर्छ भन्ने स्थापित मान्यताको सङ्केत हो। हरेक व्यक्तिले आ-आफ्नो तोकिएको कर्तव्य पूरा गर्नु नै सदाचार हो । कर्तव्यपरायण व्यक्तिहरूको समाजमा निष्पक्षता, समानता र न्यायको स्थापना सहज हुन्छ। व्यक्तिले कर्तव्य पूरा गरेन भने विवादको सिर्जना हुन्छ।

## खस जाति र मष्टो देवता

खस वैदिक सनातन धर्म, संस्कृति र परम्परा मान्ने खस समुदायहरू हुन् । सनातन धर्ममा वर्ण व्यवस्था छ । ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र चार वर्ण हुन् । ब्राह्मण, क्षत्रीय र वैश्यलाई द्विज भनिन्छ (मनु, अ. १०, श्लो.४) । धर्मशास्त्रमा तोकिएको उपनयन संस्कार नगरिएका सावित्रीबाट भ्रष्ट द्विजलाई व्रात्य भनिन्छ (मनु, अ. १०, श्लो. २०) । क्षत्रीय वर्णका व्रात्यबाट उत्पन्न पुत्रलाई झल्ल, मल्ल, लिच्छिवि, नट, करण, खस र द्रविड भनिन्छ [१६] (मनु, अ.१०, श्लो. २२) । यसरी वैदिक धर्मको आधारभूत ग्रन्थ मनुस्मृतिअनुसार खस

---

१५ स्वस्य च प्रियमात्मनः ।

१६ झल्लो मल्लश्च राजन्याद् व्रात्यान् लिच्छिविरेव च ।
नटश्च करणश्चैव खसो द्रविड एव च ।

वैदिक संस्कार र कर्मकाण्डका दृष्टिले उचित समयमा उपनयन संस्कार नभएका क्षत्रीयहरू भएको प्रमाणित हुन्छ । कठिन भौगोलिक विकटता र निरन्तर युद्धमा संलग्न हुनु परेका कारणले ब्राह्मणको सान्निध्यता नभएर यसो भएको हुन सक्छ । तर हाल क्षत्रीय खसहरूले उपनयन संस्कार र सावित्री ग्रहण गरेका छन् । सनातन धर्मभित्र जाति, देश, श्रेणि एवं कुलमा प्रचलित परम्परालाई मान्यता दिइएको छ । शुक्राचार्यले देश धर्म र जाति धर्मको उदाहरण प्रस्तुत गर्दै दक्षिणका ब्राह्मणले मामाको छोरी विवाह गर्दछन् (शुक्राचार्य, अ. ४, प्र.५ श्लो. ४७) र खस समुदायले दाजुभाइको विधवासँग विवाह गर्दछन्[१७] (शुक्राचार्य, १९९९, अ. ४, प्र. ५, श्लो.४९) भनी उल्लेख गरेका छन् । यी देशधर्म र जातिधर्मका उदाहरण हुन् । यी परम्परा शास्त्रीय मान्यता विपरीत भएपनि सनातन धर्म विरुद्ध भन्न मिल्दैन र दण्डनीय हुँदैनन् (शुक्राचार्य, १९९९, अ.४, प्र. ५, श्लो. ५०) । यो शास्त्रीय प्रमाणबाट खस सनातन धर्मभित्रकै क्षत्रीय भएको पुष्टि हुन्छ ।

हिमाली । नेपालको सुदूर पश्चिम र कर्णाली प्रदेशका हिमाली क्षेत्रमा बसोबास गर्ने सनातनी खस जातिले मष्टोलाई देवाधिदेव मान्दछन् । मष्टोलाई भगवान् शङ्करका सेवक शक्तिशाली पुरुष देवताका रूपमा पूजा गरिन्छ । कतैकतै मष्टोलाई वराहका रूपमा पनि पूजा गरिन्छ । वराह विष्णुको अवतार मानिन्छ । कुलदेवताका रूपमा पनि मष्टोको पूजा गरिन्छ । मष्टो क्षेत्रपालको पर्यायको रूपमा पनि बुझिन्छ । क्षेत्रपाललाई शिवको अवतार मानिन्छ । योगी नरहरिनाथले मष्टोलाई महेश्वरको अंशावतार भएको भनेका छन् (योगी नरहरिनाथ, २०३८, पृ. १३४) । कतै मष्टोलाई देवताका राजा इन्द्रको पुत्र गोसाई भन्ने गरेको पनि पाइन्छ । भगवान् शङ्करका मरुतगण मष्टो हुन् भन्ने भनाइ पनि छ । मष्टोका विविध नाम पनि प्रचलनमा छन् । मष्टोसँगै

१७ खसजाताः प्रगृह्णन्ति भ्रातृभार्यामभर्तृकाम् ।
अनेन कर्मणा नैते प्रायश्चित्तदमार्हकाः ।

मातृशक्ति भवानीदेवीका विविध स्वरूप, वियक र सिद्धको पनि पूजा गरिन्छ । यसबाट उपासकको रुचिअनुसार शिव वा विष्णुलाई प्रमुख देवताका रूपमा मष्टो भनिएको अनुमान गर्न सकिन्छ । पाञ्चायन देवताको पूजा गर्ने सनातनी हिन्दूले पनि एउटा देवतालाई प्रमुख मानी केन्द्रमा राखेर पूजा गर्दछन् । खसहरूले पाञ्चातन देवताको सट्टा एउटा प्रमुख देवताको पूजाको प्रचलन विकास गरेको हुनुपर्छ । शीर्षस्थ देवता वा प्रमुख देवतालाई मस्तक देवता भनिएको हुनुपर्छ । मस्तक देवतालाई स्थानीय भाषामा मष्टो भनिएको हुनुपर्छ ।

मष्टोको पूजा धामीले गर्ने तान्त्रिक विधिबाट गर्दछन् । सनातन धर्ममा वैदिक विधिका साथै तान्त्रिक पूजाविधिको पनि प्रचलन छ । तान्त्रिक विधि पनि सनातन विधि हो । कतै मष्टोको पूजामा वैदिक विधिको पनि प्रयोग गर्ने गरेको पाइन्छ।

## निष्कर्ष

उदारता, सर्वधर्मसमभाव, समन्वयशीलता तथा धार्मिक सहिष्णुता सनातन धरमको विशेषता हो । विशाल सनातन धर्ममा विभिन्न संस्कृति र परम्परा समाहित छन् । खस जाति सनातन धर्मका अनुयायी आर्य हुन् । मनुस्मृतिले बताए बमोजिम वर्णव्यवस्थाअनुसार खस क्षत्रीय हुन् । खसहरूले विकास गरेको मष्टो संस्कृति पनि विशाल सनातन संस्कृति कै अङ्ग हो ।

**लेखकः संस्कृत विश्व विद्यालय राजनीति शास्त्रका प्राध्यापक हुनुहुन्छ ।**

# मष्टो एक वैदिक देवता



श्याम बहादुर खड्का

नेपालको हिमालय क्षेत्र संसारको प्राचीन दैवी सभ्यताको केन्द्र हो । कैलाशलाई हिमालयको शिर मानिन्छ । पूर्वी नेपालको गौरी शंकर नजिक तिब्बतमा पर्ने लबची हिमाललाई घाँटी र अरुणाचल प्रदेश नजिक पर्ने तिसारी हिमाललाई हृदय तत्वसंग जोडिएको शक्ति मानिन्छ । हिमालको पश्चिम पाकिस्तानमा पर्ने इन्दु नदिदेखि पूर्वको ब्रह्मपुत्रले घेरिएको भूभाग प्राचीन काल देखिको वैदिक भूभाग हो । यसको केन्द्र कैलाश मानिन्छ । विश्व प्रसिद्ध पवित्र ताल मानसरोवर यही भूभागमा रहेको छ ।

केही विद्वानहरूले वैदिक भूमि पश्चिम एशियालाई मान्ने गरे पनि यो सरासर गलत हो । राजनैतिक सीमा जे भए पनि कैलाशको शिरदेखि लिएर समुन्द्रसम्मको भूभाग वैदिक क्षेत्र हो । यहाँका बासिन्दाहरू कही कतैबाट आएका नभई यहीका बासिन्दा हुन । यस क्षेत्रमा बसोवास गर्ने मानिसहरूको मूल मन्त्र नै “जननी जन्मभूश्च स्वर्गादपी गरियसी” भएकोले सोही मान्यता अनुसार यिनीहरू अन्यत्र कतैबाट आएका होइनन् । यस भूभागको ब्यापक अध्ययन अनुसन्धान भएका प्राचीन वैदिक सभ्यता र संस्कृतिका चिन्हहरू पाइने गरेका छन । यहाँको रहनसहन र मानव सभ्यताको चाल चलन वैदिक सभ्यतासंग मिल्दो जुल्दो रहेको छ, जसको प्रर्याप्त अध्ययन र अनुसन्धान हुन सकेको छैन । यस क्षेत्रमा पर्ने नदीहरू वैदिक कालका नदी हुन, जुन हाल समय र परिस्थिति अनुसार विभिन्न नाम दिइएका छन ।

हिमालयमा रहेको पूर्वदेखि पश्चिममा फैलिएको क्षितिजीय

रेखा नै एक दैवी शक्ति हो, जसको नियन्त्रण पवित्र शिखर कैलाशले गर्छ। शास्त्रहरू मेरु अथवा सुमेरु भन्ने गरिएको यसलाई तीन लोकका पति शिवको बसोवास स्थलको रुपमा मानिन्छ। मेरुको वरिपरि तेत्तीस कोटी (प्रकार) देवताहरूको बसोवास रहेको मान्यता छ । देवताका राजा इन्द्रको भूभाग यही स्थलमा रहेको छ । यसको दक्षिणमा पर्ने भारत र नेपालको भूभागमा विभिन्न देवी देवताहरूको पूजा हुन्छ ।

यस भूभागमा वर्षभरिको ऋतु अनुसार मौसम परिवर्तन हुन्छ। यस क्षेत्रका चरा चुरुंगी मौसम अनुसार उत्तरी भूभाग र दक्षिणी भूभागमा आवत जावत गर्दछन । त्यससंगै देवता, मानिस र जनावर समेत मौसम परिवर्तनसंगै हिमाल तथा मैदानी भागतिर ओहोर दोहोर गरि निश्चित अवधिसम्म रहने गरेका छन । यही प्रकृतिको नियम अनुसार हिन्दू पञ्चाङ्गको वर्ष दिनको पात्रो निर्धारण गरी औंसी, पूर्णिमा आदि तिथी अनुसार यस क्षेत्रका देवी देवताहरूको पूजा हुने गरेको छ ।

यस क्षेत्रको “देवता पूजी खानु र राजा मानि खानु” भन्ने प्रचलित उखान अनुसार यस क्षेत्रका देवी देवताहरू आफ्ना श्रद्धालुहरूको व्यक्तिगत, सामाजिक र सार्वजनिक उत्सवहरूको तिथी एवम् अन्य आयोजनात्मक विधि विधानहरूको पनि निर्णय गर्छन । यी देवी देवताहरू मान्ने परम्परा स्थानीय देवतन्त्र हो। यसमा देवता बिशेषको प्रभाव क्षेत्रमा सम्पादन गरिने कुनै पनि धार्मिक र सांस्कृतिक कार्यहरू यी देवताको इच्छा र आज्ञा विना सम्पन्न गर्न सकिदैन । जन्मदेखि मृत्युसम्मको हरेक संस्कारमा देवी देवताहरूको नाम नलिई कुनै कार्य गर्दैनन् । विवाह, जन्मदिन एवम् कुनै नयाँ कार्यको थालनीको लागि देवताको आशीर्वाद मागिन्छ।

हिमालयको दक्षिण मध्य पहाडी क्षेत्रमा पूजा हुने ती देवी देवताहरू मध्ये मष्टो देवता मुख्य हुन। यिनलाई इन्द्रपुत्र मानेर विभिन्न ठाउँमा ठाउँ अनुसार विभिन्न नामले र आफ्नो संस्कृति अनुसार पूजा

गरिन्छ ।। हिन्दू धर्म अन्तर्गतका वैदिक देवता ईन्द्रको प्रसङ्ग वेदमा सबभन्दा बढी आउँछ । स्वर्गका राजा इन्द्रका पुत्र मष्टो नाम पुराण र शास्त्रहरूमा नभेटिए पनि उनी हिन्दू धर्म अन्तर्गतका देवता हुन । निश्चित उद्देश्यको लागि लेखिएका ती पुराणहरूमा स्थानीय देवी देवताको नाम नहुनु कुनै आश्चर्यको कुरा होइन । मान्यता अनुसार स्वर्गका राजा इन्द्र, पृथ्वीका राजा मष्टोलाई भनिन्छ । पृथ्वीको राज्य गर्ने अधिकार इन्द्रले मष्टोलाई सुम्पेका थिए ।

कुमाऊँतिरको मान्यतामा आदित्यहरू मध्ये एक सूर्य देवताले मष्टोलाई एक चक्र दिएका थिए, जसलाई कालचक्र भनिन्छ । त्यसतर्फको मान्यता अनुसार पृथ्वीलाई नियन्त्रणमा राख्न इन्द्रका पुत्र मष्टो, आमा कालिकाको संरक्षणमा भूलोकमा निवास गर्दछन् । उनलाई इन्द्रले आफ्नो उत्तराधिकारी वा प्रतिनिधिको रुपमा पृथ्वीलोकका प्रशासक बनाए । मष्टोको साथ भूलोकमा निवास गर्ने माता कालिका र असुरचुल पहाडमा बसोवास गर्ने भाइ असुरको सहयोगमा पृथ्वीमा शासन गरी यिनले जस्तोसुकै विभिन्न असम्भव कामहरू सम्पन्न गर्दछन् । दुश्मनहरूको नाश गर्न यी देवता आफ्नो हतीयार चौबीसवटा बज्रहरूको सहायता लिन्छन् । चौसट्ठी योगिनी, बाउन्न वीर तथा असी मसानहरूका साथै **भूदनीबयाल** नामको आँधी तुफान आवश्यक पर्दा प्रयोग गर्ने गरी उनको नियन्त्रणमा रहन्छन् ।

पिथौरागढको चण्डाकमा रहेको मष्टो देवताको सम्बन्धमा एक कथा प्रसिद्ध छ । एक चोटी सोर घाटीमा भयंकर सुखा पऱ्यो । तत्कालीन अंग्रेज तहसीलदारलाई कसैले मोष्टादेवताको हवन गर्ने सल्लाह दियो । पुरा सरकारी खर्चमा मन्दिरमा ठूलो हवनको आयोजना भयो । धामीले पानी पर्ने दिन तोकी दिए । अंग्रेज अधिकारी घोड़ामा मंदिरमा आई धामीलाई हथकड़ी देखाएर भय देखाउदै भन्यो । “यदि तैंले भनेको वचन झुट्ठा निस्केमा यो हथकड़ी पहिऱ्याएर गोठमा बंद गरी दिन्छु ।” धामीले देवता औतार भएको बेलामा चुनौती दिदै भने “हेरौं गोठमा को बस्नु पर्दछ ?”

भनिन्छ कि अंग्रेज अधिकारी बाटोमा फर्कदै गर्दा, त्यसबेला आंधी तूफानका साथ भयंकर वर्षा भयो । त्यस अंग्रेजलाई पूरा तीन दिन मैला गाऊँको एक खण्डहर जस्तो गोठमा बिताउनु पर्‍यो । अंग्रेजलाई विश्वास भएर मष्टो देवताको शक्ति मान्न लागे । सामान्य पूजा गर्ने ठाऊँ रहेको त्यहाँ त्यस अग्रेजले पछि मन्दिर बनाएको भनाई छ ।

मष्टो देवता हिन्दू धर्ममा उच्चतम स्थान प्राप्त मानिएको वेदका रक्षक हुन । मष्टो संस्कृतिको मुख्य आधार वेदलाई मानिन्छ । मष्टोको नियन्त्रण रहेर काम गर्ने बाँठपाला देवतालाई वेदपाठी भनिन्छ। उनी मानिसको जुनसुकै जातिमा औतार हुँदा समेत धामी अनपढ हुँदा पनि लामो अवधिसम्म वेद कण्ठस्थ भन्न सक्छन । यो मानिसले नभई देवताले भनेको हो । यस बाहेक मष्टोका पुरोहित छडाखेती देवता, लाँकुडा देवता र लाँगा देवताले समेत मानिसमा औतार हुँदा वेद कण्ठस्थ भन्छन । बाँठपालालाई उत्तराखण्डको केदारनाथ क्षेत्रमा भुकुण्ड भैरवको नामले जानिन्छ र जो वेदपाठी र त्यस क्षेत्रका रक्षक हुन ।

देवी देवताहरूले समेत तीनलोककी भवानीको पूजा गर्दछन । पहिले पूजाको अधिकार देवतामा हुँदा बाँठपाला देवताले नै होम यज्ञ र पूजा पाठका साथै वेद पाठ गर्थे । एक घटना अनुसार कैलाशको बाटो टाँडमा बाटो काट्दै गर्दा देउताहरूको समूहमा रहेका धौलपुरा देवता हराए । राक्षसहरूले उनलाई समातेर लिएर गई काटकुट गरेर खानलाई मासु भाग लगाए । लाँगोले उनलाई समूहमा नदेख्दा खोजखबर गरे । राक्षसहरूको बिगबिगीले उनलाई अप्रिय स्थितिको आभास भयो । टाँडको चट्टानबाट उनले बाँठपालालाई हाँक दिई बोलाए । बाँठपालाले कुनै जवाफ नदिई नियमित वेदपाठलाई निरन्तरता दिएपछि ध्यान आफूतिर तान्न लाँगाले रिसाएर उनको वेदको पुस्तकलाई ढुङ्गामा परिणत गरिदिए । नत्र यो वेद राक्षसहरूको नियन्त्रणमा जाने अवस्था थियो । त्यसपछि पृथ्वीबाट वेद लोप भएर गयो । ढुंगामा परिणत

भएपछि वेदका मन्त्रहरूको अभावमा पृथ्वीमा हाहाकार भयो । त्यसैले भन्ने गरिन्छ पृथ्वीमा वेदका सबै भाग उपलब्ध छैनन ।

धुलीबाट अगाडि कैलाश जाने बाटोमा हाल पुस्तके ढुंगाको रुपमा "वेदढुंगा" अद्यापि जस्ताको तस्तै देख्न सकिन्छ । किताब आकारको ढुङ्गामा बीचमा लामा रेखाहरू रहेका छन जसलाई मानिसहरू किताबका पाना भन्ने गर्दछन । कैलाश मानसरोवर जाने यात्री आउँदा जाँदा त्यस प्रति ढोगेर सम्मान व्यक्त गर्दछन ।

शिवपुराणमा उल्लेख भएको वेद अपहरणको कथा अनुसार प्राचीनकालमा एक महाबली दैत्यले ब्रह्माबाट वरदान पाएर चारै वेदहरूलाई अपहरण गरी दियो । वेद अदृश्य भएपछि संसारमा होम, यज्ञ लगायतका वैदिक क्रियाहरू बन्द हुने भए । यी सबैबाट सारा वातावरण दूषित भइरहेको थियो । पृथ्वीमा सय वर्षसम्म वर्षा नभएपछि तीनै लोकमा हाहाकार मचियो । कुवा, इनार, नदी, सरोवर र समुद्र सबै सुक्दै गइरहेकाले मानिसहरूलाई समस्या पऱ्यो । पानीको अभावमा अन्न नउब्जिएपछि हाहाकार पऱ्यो । बिस्तारै अन्न पनि समाप्त हुँदै जाँदा प्राणीहरू भोकै मर्न लागे । मानिसहरूका यी दुख देख्न नसकेर देवताहरू देवीको शरणमा गई सहायता मागे ।

प्रार्थना सुनेर देवीले आफ्ना अनन्त नेत्रहरूबाट अश्रुजलका सहस्त्र धाराहरू प्रवाहित गरिन । पानीबाट सबै प्राणीहरू तृप्त भए र समस्त औषधिहरूले पनि पानी प्राप्त गरे । सरिताहरू र समुद्रहरूमा अगाध जल भरियो । पृथ्वीमा फल फूलका अंकुर उत्पन्न हुन लागे । देवीले दैत्यलाई मारेर अपहृत वेदहरूलाई ल्याएर धर्मको रक्षा गरिन र उनको आशीर्वादबाट प्राणीहरूका सबै कष्टहरू हराए ।

त्यसपछि वेदपाठ र देवी देवताको पूजाको कार्य मानिसमा सर्न गयो र मानव जातिबाट होम यज्ञ आदि कार्यहरू गरिन थाले ।

मष्टो देवताको पूजा वैदिक विधि अनुसार हुन्छ । होम यज्ञको आधारमा मष्टो देवताको अवतार मानिसमा हुने गरेको छ । हिन्दू धर्ममा

पवित्र मानिने गाई समेत यस संस्कृतिमा अत्यन्त पवित्र मानिन्छ । होम यज्ञ आदि कार्य हिन्दू संस्कृतिका अभिन्न अंग हुन, जुन मष्टो संस्कृतिका देवी देवताको पूजा पाठमा अनिवार्य मानिन्छन । यस संस्कृतिमा विभिन्न कर्महरू गर्दा होम यज्ञ जस्ता कार्यहरू सम्पन्न गरिन्छन ।

कुल देवता मान्ने प्रणाली अन्तर्गतका विभिन्न जात जातिमा कसैले देवी मात्रै मान्ने गरेका छन भने केहीले अन्य देवतालाई पनि मान्ने गरेका छन । यसमा आफ्नै परम्परा अनुसार देवी देवता मान्ने परिपाटीको विकास भएर विभिन्न ठाउँमा आफ्नै तरिकाले मान्न थालियो ।

हिन्दू धर्ममा पछिल्लो कालमा पुराणलाई बढी जोड दिइए पनि वेदलाई नै समस्त मान्यताको आधार मानिन्छ । पुराणमा काल्पनिक कथाहरू बढी समेटिए पनि यसको मुख्य उद्देश्य समाजलाई नीति कथा सुनाएर अनुशासनमा राख्नु थियो । पछि काल्पनिक राजा महाराजाका कथा र राज्यका नामहरू परिदृश्यमा देखा परे । यसबाट हिन्दू धर्म फरकबाटोबाट अगाडि बढे जस्तो देखिए पनि यस क्षेत्रको मौलिक सभ्यतासंग जोडिएको यस मष्टो संस्कृतिको जगेर्ना गर्नु जरुरी छ ।

**लेखकः मष्टो संस्कृति र परम्पराका विज्ञ हुनुहुन्छ।**

# वेदका रक्षक हिन्दू देवता मष्टो

## कर्णाली जस्तै अपेक्षित र अपमानित



प्रेम कैदी

मष्टो देवताका बारेमा नेपालका बूढापाका सबै कुलका रुपमा जान्दछन् तर पश्चिमा शिक्षा पढेका आधुनिक ढाँचामा हुर्केको युवा पिढी प्रायः अनभिज्ञ देखिन्छन् । यसैको लाभ लिनका लागि केही पश्चिमा परस्त तत्वहरूले नेपाली समाजमा मष्टो बारे अनेक थरि भ्रमहरू फैलाउने मौका छोपेको देखिन्छ ।

मष्टो बारे अहिलेसम्म प्राप्त प्रमाण लिखतमा कुशाभट्टको फाग भन्ने कृति नै उल्लेख्य मान्नु पर्दछ । कुशाभट्टहरूले आफ्नो भोलामा जुम्ला देशको जालन्धर (रास्कोट) बाट एउटा शिला बभ्फाङ लिएर गएको कथा छ । हाल यो जालन्धर कालिकोट जिल्लामा पर्दछ ।

रास्कोट नगरपालिकाको वडा नं. ५ बिजयपुर गाँऊको अग्लो डाँडामा मौलाकोट भन्ने स्थान छ । त्यही मौलाकोट शिवको राजधानी हो र त्यो राज्य शिवले अलकापुरी राजा खस (सक) बहादुरलाई प्रदान गर्नु भएको र राजाको नाम बदलेर देवेन्द्र वा इन्द्र राखिदिनु भएको थियो । तिनै देवेन्द्रले स्वर्ग आफूले लिएर पृथ्वीको राज्य आफ्नो छोरा मष्टोलाई प्रदान गरेको फाग जस्ता ग्रन्थबाट थाहा हुन्छ ।

मष्टो हिन्दूहरूको देवादिदेव शिव जस्तै दूग्ध भोगी, ज्ञान कर्म गर्ने र वेद आदि हिन्दू धर्म शास्त्रका रक्षक मानिन्छन् । मष्टोले समुन्द्र मन्थनका बेला इन्द्र पुत्र जयन्तका रुपमा अमृत कलसको रक्षा गरेकोले महादेवले सबै देवताहरूले पूजाको भोग मष्टो मार्फत ग्रहण गर्ने धार्मिक प्रचलन कायम गर्नु भएकोले हिमवत खण्डका समग्र हिन्दू समाजले देवताहरूको पूजा मुलरुपमा कुलायनको पूजा कै रुपमा ग्रहण

गरिएको पाइन्छ ।

मष्टोका अनेक स्थानीय रुपहरू पाइन्छ । मष्टोले आवश्यक परे युद्ध गर्नु परे सती देवीले कालीको रुप धारण गरे जस्तै दाह्रे मष्टो जस्तो भयानक स्वरुपमा आउने गरेको पाइन्छ ।

मष्टोलाई इन्द्रको जाया (छोरा) मात्र नभनी उनकी माता मष्टो मण्डाल्नी अर्थात स्वस्थानीमाताको मण्डलकी अधिपति भनेपछि इन्द्र भगवानकी रानी शची पनि हुन सक्ने कुरा अनुमान गरेको पाइन्छ तर मष्टो मण्डाल्नीलाई प्रष्ट रुपमा फागमा सची नै भनी नलेखेकोले यसबारे अझै अनुसन्धान गर्नु जरुरी छ । हिमवत खण्डको काश्मीरदेखि सिक्किमसम्म कुनै न कुनै रुपमा हिन्दू देवता कै रुपमा मष्टोको पूजा आजा गरिएको पाइन्छ भने विदेशमा पनि उनको कम महत्व छैन । उत्तराखण्डमा ३ दिनसम्म राजकीय सम्मानका साथ चण्डाक मष्टोको पूजा हुने गरेको छ । चीनमा उक्सिन व्यानर भन्ने भित्री मंगोलियाको राजधानीमा हान हार मष्ट टेंग्री भनी मष्टो देवको पूजा गरिन्छ । त्रिशुल र स्वस्तिक चिन्हका साथ विशाल मन्दिर बनाइएको छ । मंगोलहरूमा ८०% जनसंख्याकै आधारमा मष्टो मान्ने हिन्दूहरू रहेको देश हो चीन गणराज्यको भित्री मंगोलिया । यस्तै कोरियादेखि पोल्याण्डसम्म कुनै न कुनै रुपमा टेग्री वा टेन्जर (मष्टो) देवताको पूजा गरिएको पाइन्छ । कज्जाक क्षेत्रमा त राजकीय स्तरमा टेंग्रीलाई राष्ट्र धर्म बनाउने आन्दोलन चलेको पाइन्छ । इराक र इरानमा स्थानीय वेदका रुपमा मानिने जरथ्रुष्ट भन्ने सन्तले लेखेको अभेस्ता भन्ने ग्रन्थका मुख्य देवता मध्ये अहुर मज्दा (मष्टो देव) कै उल्लेख भएको पाइन्छ । हिन्दू धर्मका चिन्ह त्रिशूल स्वस्तिक घण्ट र अनेक मूर्ति जस्तै नन्दी आदि स्थापना गरिएको मन्दिर क्षेत्र विश्वका अनेकौं भूभागमा पाइन्छन् । पश्चिमाहरूले पूर्वका आस्थामाथि (जंगली आस्था भएको) जस्ता निम्न कोटीको व्याख्या गर्दै आएको पाइन्छ ।


व्यक्तिमा दैवी कम्पन आउने धामीहरू मार्फत स्वयम मष्टोदेव

आएर आफ्नो भक्तहरूबीच बोल्ने यस दैवी प्रचलनबारे हाल अनेकथरी अनुसन्धान भैरहेको छ । योगी नरहरीनाथले शुरु गर्नु भएको मष्टो देवको अनुसन्धान सन् ६० को दशक पछि पश्चिम विद्वानहरूले पनि छिटफुट लेख्न थालेको तर गम्भीरता साथ अनुसन्धान गरिएको आजसम्म पाइएको छैन । नेपालका विश्वविद्यालय तथा सरकारले राष्ट्रको कुलदेवता मष्टो बारे कहिल्यै कुनै उत्थान गर्ने सोच राखेको पाइदैन । स्वयम मष्टोका पालीहरूले पनि कुनै खास चासो लिएको देखिदैन । जो विद्वान यस क्षेत्रमा काम गरिरहेका छन्, उनीहरू बारे राजनैतिक सामाजिक क्षेत्र पूर्ण रुपमा मौन देखिन्छ । मष्टो पृथ्वीका शासक र कुलायन कर्णालीमा उत्पन्न भएकोले हो कि कर्णाली जस्तै पूर्ण उपेक्षित छन् । यस्तो उपेक्षाप्रति कर्णाली कहिले जाग्ने हो कुनै ठेगान छैन ।

कर्णालीका रास्कोट मान्म सिंजा जुम्ला लयागत अनेकौं धार्मिक ऐतिहासिक महत्वका क्षेत्रबारे न राष्ट्र जागरुक छ न स्थानीय बुद्धिजीवीहरू नै कहिले कुनै कुरामा अग्रसर छन् । योगी नरहरिनाथ, रत्नाकर देवकोटो आदि जस्तै त्यस क्षेत्रका लागि अनुसन्धान गर्नेहरू पनि हिजोको पञ्चायतकाल भन्दा कयौं गुणा गणतन्त्रमा अपमानित र उपेक्षित छन् । कर्णाली क्षेत्रमा होइन त्यहाँ जरा भएका देवी देवता पनि उपेक्षित र अपमानित भैरहने अवस्थामा सुधार आउने सम्भावना समेत न्यून हुनु झनै दुःखद पक्ष रहेको छ ।

**लेखकः मष्टो कुलदेवता प्रतिष्ठानका संस्थापक सदस्य एवम् वरिष्ठ पत्रकार साथै राजनीतिक विश्लेषक हुनुहुन्छ ।**

# मष्टो देवको पूजा विधान


रमानन्द आचार्य

परम्परागत रीत अनुसार मष्टा देवताको पूजा गर्ने प्रमुख तीन आधार हुन्छन् ।

१ क) नित्य पूजा- मष्टाको घरमाडु अर्थात् धामी वा डाँग्री (पूजारी) का घरको पूजाकोठामा नित्यपूजा गर्दा पञ्चोपचार-जल-चन्दन-सुक्खा अक्षता-धूप-दीप-नैवेद्य चढाई पूजा गर्ने, शंख-घण्ट-चामर भएमा बजाउने, चलाउने तर धामीले चतुर्थ बजाउने घण्ट अघिपछि धामी-डाँग्रीले पनि चलाउन हुँदैन ।

१ख) धमेलो गर्नुपर्दा उपासक/भक्तले अघिल्ला दिन निम्तो गर्नुपर्छ । धामी-डाँग्री बिहानै नुहाईधोई तयार हुन्छन् । उपासकले ल्याएको पूजासामान चढाई पूजा गरिदिनुपर्दछ । धामीको गादी/थर्की सजाइदिनुपर्छ, थर्कीमा चामल राखिदिने, बत्ती बलिरहोस् । डाँग्री र खाबा उपस्थित हुनुपर्दछ ।

१ग) वनथानमा पैठ/पूजा गर्ने अगिल्ला दिन साँझ घर थानमै पूर्ववत् पूजा गर्ने, आरती-भजन-कीर्तन गर्ने, देवतालाई धामीका अंगमा चढी दर्शन दिन प्रार्थना गर्ने, धामीले पतुर्ने, भोलि वनमाडुमा गरिने पूजा आजाबारे धामीले निर्देशन गर्ने ।

२क) वर्षभरिमा चार पूर्णिमाहरू- साउन वा भदौ पूर्णिमा, कात्तिक वा मङ्सिर पूर्णिमा, माघ पूर्णिमा र बैशाख पूर्णिमामा वनमाडुमा पूजा/पैठ चलाउँदा बिहानै डाँग्री र पूजा प्रक्रिया पुनः चालु गर्नुपरेमा मूलथानको धामी वा मित्र देवताको धामीलाई सोधपुछ

गरेर मात्र उसले दिएको तिथिमितिमा र उसले सिकाएको विधि-प्रक्रियाअनुसार नयाँ मण्डल पुनर्निर्माण वा जीर्णोद्धार गरिसकेपछि शुद्ध पार्ने कार्य गर्नुपर्छ । सर्वप्रथम कुनै तीर्थमा गएर स्नान दान आदि गर्नुपर्छ ।

- ➢ धामीको निर्देशानुसार पूजा/प्रायश्चित गर्नुपूर्व ३ रात, २ रात वा १ रात धर्नु गर्ने, जाग्राम बस्ने ।
- ➢ नयाँ मण्डलमा रंगरोगन, लिपपोत, सरसफाई गर्ने ।
- ➢ ब्राह्मणद्वारा पञ्चगव्य छर्कन लगाउने, नयाँ धामी, डाँग्री, खम्बा र नजिकका पालीहरूले समेत पञ्चगव्य खाने ।
- ➢ वैदिक विधिपूर्वक हवन गराउने, वेदपाठ गराउने, रुद्राभिषेक गराउने ।
- ➢ नयाँ लिंगो फेर्ने, ध्वजा, आलम, धामी, डाँग्री, हावाका नयाँ लुगा हुनुपर्ने ।
- ➢ पञ्चस मंगलेरी, पञ्चकन्या बोलाउने, पञ्चकलश सजाउने, मण्डलको प्रतिष्ठा सम्पन्न गर्ने ।
- ➢ बलिभोगी देवता भए बलिका निम्ति पशु तयार गर्ने ।
- ➢ मित्र-देवताका धामीलाई आमन्त्रण गर्ने ।
- ➢ वैदिक विधानअनुसार पूजा सकिएर शान्तिकलशका जलले सबैले अभिषेक लिने, रक्षाबन्धन बाँध्ने, टीका अक्षता लगाउने ।

धामीलाई नयाँ गादीमा जान सबैले अनुरोध गर्ने, पञ्चैबाजा बजाउने, मंगलगान गर्ने, गादीमा लिपपोत गर्ने, प्रसाद तयार गर्ने, हवन-पाठ-पूजा सम्पन्न गर्ने, लिंगो फेर्ने, (यो वर्षमा एक पूर्णिमामा मात्र हुन्छ), प्रसाद चढाउने, बलि चढाउने, बाजा गाजा बजाउने, मंगल गान गर्ने, धामीलाई थर्कीमाथि गई पतुन अनुरोध गर्ने, धामीले पतुर्दै पढेली पढ्छ, हेराउन कोराउन हुन्छ, धामीले पाली/भक्तलाई केही निर्देशन गर्छ र मण्डल-बाहिर चौरमा आई मूल धामी सहित त्यहाँ

उपस्थित सबै धामीहरू बाजाका तालमा घरा बजाउँदै 'धामी नाच' सुरु हुन्छ, पैठ/जात्राको सुरुवात यसरी हुन्छ, अनि नाच-गान-देउडा खेल आदि रमाइलादा कार्यक्रमहरू सुरु हुन्छन् ।

३) कुनै काम कुरा आकस्मिक किसिमले भई परी आएमा विशेष पूजा गर्नुपर्छ जस्तैः

क) धामी मरेमा छ महिना जूठो लाग्छ, पूजा/पैठ धमेलो गर्न मिल्दैन ।

ख) खाबा मरेमा ३ महिना जूठो लाग्छ ।

ग) डाँग्री (पूजारी) मरेमा १ वर्ष जूठो लाग्छ ।

१) यसरी जूठो गइसकेपछि पूजा गर्नुपूर्व,

२) माण्डुको नव निर्माण वा जीर्णोद्धार गरिएमा,

३) माण्डुभित्र सुत्केरी वा रजोवटी पसिदिएमा,

४) बरखी बारेको वा सूतक बारेको मानिस माण्डुभित्र पसेमा

५) कुनै उच्छृंखल तत्वले देवविध्वंस गरिदिएमा

६) यस्तै अन्य कुनै किसिमले पूजा/पैठ गर्न नमिल्ने भएमा

**लेखकः खस भाषाका ज्ञानकार एवम् विज्ञ हुनुहुन्छ ।**

# मष्टो यथार्थ र भ्रम



विष्णुबहादुर खड्का क्षत्री

ब्रह्माण्डका अधिपति देवादिदेव महादेवलाई अलकापुरीका राजा शक (खस) बहादुरले २० सौँ वर्ष तपस्या गरेपछि महादेव खुसी भई आफ्नो ब्रह्माण्डको राज्य मात्र प्रदान नगरी खस बहादुरको नाम देवराज इन्द्र राख्नुभयो । तिनै महाराज इन्द्रले स्वर्गको राज्य आफूले ग्रहण गरेर पृथ्वीको राज्य आफ्ना छोरा मष्टोलाई प्रदान गर्नुभयो । यो कुरा हाम्रो समयका सिद्ध योगी नरहरिनाथले सम्पादन गरेको हिमवत् खण्डमा उल्लेख छ ।

मष्टोबारे जे जस्तो भ्रम पार्न खोजिए पनि उनी वेदका रक्षक, इन्द्रका छोरा जसले समुन्द्र मन्थनको अवसरमा अमृत कलशको रक्षा गरे, उनी पूर्ण रुपमा हिन्दूहरूका आराध्य देव र कुलदेवता हुन् । मष्टोबारे जेजस्ता अज्ञानता देखिए पनि इतिहासबारे जागरुक व्यक्तिहरू र स्वयम् मष्टो शरीरमा धारण गर्न सक्ने क्षमता भएका जाग्रत व्यक्तिहरूले दिनपरदिन मष्टोको उज्यालो इतिहासमाथि प्रकाश पार्ने काम तीव्र गतिमा अघि बढिरहेको छ । खासगरी अहिले मष्टो कुलदेवता प्रतिष्ठानले योजनाबद्ध किसिमले देशका विभिन्न विद्वान्, सँस्कृतिविद्हरू भेला गरी बृहद् छलफल र बृहत् भेला तथा संस्थागत गतिविधिहरू तिव्रतर गर्दै लगेपछि नेपालभित्र मात्र होइन विश्वव्यापी रुपमै मष्टोबारे धेरै चर्चा हुन थालेको छ र यो विवादबिच केही बाह्य विधर्मी तत्वहरूले मष्टो हिन्दू धर्मभित्र पर्दैन भनेर 'मष्ट धर्म' पहाडे नेपालीहरूमध्ये केही निश्चित समुदायका लागि हो भनी वर्तमान धर्म निरपेक्ष बनाइएको राज्य संरचनालाई समेत प्रभावित गरी छुट्टै जनगणना गराई हिन्दू धर्मावलम्बीहरूमा फाटो गराउने प्रपञ्च पनि गरियो तर मष्टो कुलदेवता प्रतिष्ठान र हाम्रा बौद्धिक नेतृत्वले कठोर

रुपमा मष्टो वेदको रक्षक हिन्दूहरूकै देव परिवारका अति प्रभावशाली पुज्य देवता हुन् भनी अनेक प्रमाणका साथ आफ्ना विचार राखेपछि आम नजमानसमा यस विषयको भ्रम हटेको छ ।

मष्टोले राक्षसबाट अमृतको रक्षा गरेको हुनाले यी कुलायन मार्फत् देवतालाई भोग लगाए मात्र हामीले मानेको देवताले भोग लगाए मात्र हामीले मानेको देवताले भाग पाउने नत्र नपाउने विधान स्वयम् देवादिदेव महादेवबाट भएको योगी नरहरिनाथ जस्तो सिद्धले दावी गर्नुभएको थियो, त्यसैले हामीले मष्टो मान्नैपर्छ र मष्टो मार्फत् भोग लगाएमात्रै हामीले भोग लगाएका देवताले पाउँछन् । अन्यथा देवताको भेषधारण गरेका ढोंगी राक्षसी तत्वले ग्रहण गरेर पूजाको उल्टो फल मिल्न जान्छ । यसको उदाहरण नेपाल र उसका छरछिमेकीलाई हेर्दा प्रष्ट हुन्छ । नेपाल संसारमा जेठो राष्ट्र मात्र होइन मष्टोका कृपाले सधैँ स्वाधीन रहने तर हाम्रा छरछिमेकका कतिपय देशहरू दिन परदिन मासिने, विदेशीको पटक पटक गुलाम हुने र विधर्मीको क्रूर दमनको शिकार हुने प्रपञ्चमा फँसेका देखिन्छन् । यदि नेपालीहरूले पनि मष्टोप्रति जानीनजानी अपमान गरे भने हाम्रो राष्ट्र र जातिकै अस्तित्व मासिन सक्नेछ । त्यसैले मष्टो कुलदेवता प्रतिष्ठानले कुलदेवता अर्थात् कुल र मूलका रक्षक देवताको झण्डा राष्ट्र र जातिको अस्तित्व रक्षाका लागि उठाएको हो र त्यसैले सबै नेपाली मात्र होइन आम हिन्दू र धार्मिक आस्था राख्नेहरूले मष्टो जगाउनुपर्छ । मष्टो मान्नुपर्छ र मष्टोका १६ बहिनी दुर्गाहरू जगाउनुपर्छ, मष्टोलाई शक्ति दिने ब्रह्मा, विष्णु, महेश्वर अनि मष्टोका मातापिता इन्द्र र मष्टो मण्डाल्नीको उचित सम्मान गर्नुपर्दछ । यदि हामीले आफ्नो धर्म, सभ्यता, जातिको स्वाभिमानको रक्षाका लागि उचित दैवी मार्गमा अग्रसर हुन सकेनौँ भने हामी गतिहीन हुनेछौँ, दुर्गतिको सिकार हुनेछौँ । विश्वमा युक्रेन र प्यालेष्टाइनको विध्वंशकारी दुर्दशामा लैजान धेरै राक्षसी तत्वहरू अहिले नेपालमासमेत प्रवेश गरिसकेको अवस्थामा हाम्रो दुर्दशाको अन्त्य मष्टो मार्फत् सम्पूर्ण दैवीशक्ति जगाउनुको कुनै विकल्प छैन । हाम्रो राष्ट्र रक्षाको जिम्मेवारी पाएका व्यक्तिहरू कुनै राक्षसी मोहमा

फसेको वर्तमान अँध्यारो अवस्थामा मष्टो कुलदेवता प्रतिष्ठानले जे जस्तो राँको बालेर अन्धकार चिर्ने कोसिस गर्दैछ, त्यसलाई सँस्कृतिविद्, धर्मगुरु र जागरुक युवाहरूले सचेत रुपमा जानकारी लिन सकुन, मेरो शुभकामना ।

मष्टो कुलदेवता मानव जातिका आस्थाका देवता हुन् । फरक यति मात्रै हो आस्थामा जोडिदा आ आफ्नो चलन छ । कैलाश मानसखण्डबाट विकशित र दीक्षित भएका हामी वा हाम्रो समुदायहरूका आदिमकालदेखि पूजनीय र माननीयका धरोहर मष्टो कुलदेवता हुन् छन् । हामी मानव जातिको वस्ती विकासको क्रममा भौगोलिक बनावटका आधारमा मात्र पूजा विधिमा केही अन्तर आएको हुनसक्छ । अझ हामी खस सदयुदायहरूका मूल देवता मष्टो कुल देवता नै हुन् । फरक यो छ कि दिग्भ्रमित र आयातित विचार भएकाहरूबाट सत्यतथ्य नबुझी भुलबस अन्जानको कारण फरक विचार राखेका हुनसक्छन् । माथि उल्लेखित आधारहरू लिखित प्रमाण प्रयाप्त नभएता पनि भावपूर्ण साधनाबाट मात्र जानकारी प्राप्त हुने हो । आदिम सनातन धर्म संस्कृतिसँग जोडिएका विषयहरूमा हिन्दू धर्म र मष्टो देवताका सम्बन्धमा कुनै र केही फरक होइन र छैन पनि ।

मष्टो देवताको अवतारमा वैदिक वेदका शब्द वाक्य, श्लोकहरू उच्चारण हुन्छन् । यो आदि शक्ति हो । हामी प्रकृतिपूजक पनि सनातन धर्मालम्बी नै हौं । कोही केही चर्चा र चर्चित बन्न र बनाइएका लागि फरक देखिन सक्छन् । विचार राख्नु कुनै ठूलो कुरा होइन । वास्तविकता बुझ्नु नै मुख्य कुरा हो । सनातन हिन्दू धर्म र मष्टोपूजकमा कुनै फरक छैन र होइन पनि । दिग्भ्रमित प्रचारहरू ठूला अथवा केही बौद्धिक जनबाट भ्रमपूर्ण विचारहरू आएका छन् । त्यस्ता विचारकहरूबाट वेद वा हिन्दू धर्म र मष्टो पूजकहरू फरक हो भन्दिनाले नै फरक विचार भएकाहरूलाई अझ मलजल प्राप्त हुन सक्छ । यस्ता विचारहरूमा दिग्भ्रमित नहुनका लागि हामी अनुरोध गर्दछौं ।

## सनातन, संस्कृति र परम्परा

सनातन धर्म संस्कृति र परम्परामा आधारित कुल पूजा वस्ती विकासका क्रममा केही पूजा विधि फरक हुन सक्छन तर मष्टो पूजकहरूमा धेरै भिन्नता छैन । परधर्मका ..... वर्तमान अवस्थामा विस्तारवादी र अतिवादीहरू हुन सक्छन् । पूर्खा, परम्पराको संस्कार धर्म कर्तव्य भुलेर छोडेर परधर्म भक्तिभाव देखाउने गरेका छन् । जे होस मष्टो कुल देवताले विस्तारै चेतना दिदैछन् दिनेछन्, हाम्रो प्रार्थना छ ।

मष्टो कुलदेवता प्रतिष्ठानले गत राष्ट्रिय जनगणना २०७८ मा सनानत धर्म संस्कृति र परम्पराको रक्षार्थ "कुल हाम्रा मष्टो हुन धर्म हाम्रा हिन्दू हो" भन्ने लोक भाषामा आधारित गीतबाट धर्मको महलमा हिन्दू लेख्न अनुरोध र चेतना मूलक प्रचार र प्रसार गरिएको थियो जो निकै प्रभावकारी भयो यस प्रतिष्ठानको ठूलो उपलब्धी भयो । आगामी दिनहरूमा पनि यस प्रकार मष्टो कुलदेवता प्रतिष्ठानको कर्तव्य र जिम्मेबारी हुने रहने विश्वास दिलाउँछौं । जय मष्टो !

**लेखकः मष्टो कुलदेवता प्रतिष्ठानका संस्थापक महासचिव एवम् समाजसेवी हुनुहुन्छ।**

# कर्णालीमा मष्टो केन्द्रित मागल, पडेली र लोकगाथा



✍ गोविन्द प्रसाद पाण्डे

कर्णालीमा प्रख्यात लोकगीतमध्ये संस्कारगीत पनि एक हो । कर्णालीका विवाह, व्रतबन्ध, मेलापात पूजाआजाजस्ता संस्कारहरूमा गीत वा मांगलको रूपमा प्रयोग हुने गीतलाई संस्कार गीत भन्ने गरिन्छ । कर्णालीमा जन्मदेखि मृत्युसम्मको संस्कार तथा चाडपर्व मेला आदिको पनि आफ्नै खालको संस्कार छ । ती संस्कारमा अन्य प्रकारका पूजापाठका साथै गीतहरू पनि गाउने गरिन्छ । संस्कारमा गाइने गीतमा रीतिरिवाज तथा धर्मकर्मसम्बन्धी विषयवस्तुहरू बढी मात्रामा प्रयोग हुने गर्दछन् । संस्कार गीतहरूमा मांगललाई बढी महत्व दिइन्छ । यहाँ बच्चा जन्मिदा, न्वारान गर्दा, भात खुवाउँदा, रौं काट्दा, व्रतबन्ध गर्दा, विवाह गर्दा, प्रदेश जाँदा जस्ता अनेक प्रकारका शुभ कार्यगर्दा मांगल भन्ने दैचावल लगाउने प्रसाद खाने गरिन्छ । यसरी मांगल भन्ने महिलालाई ‘मुगलेरी’ भनिन्छ । प्रायःजसो गाऊँमा २।३ जना सिपालु मुगलेरीहरू हुन्छन् । कुन अवसरमा कुन मांगल भन्नुपर्छ भन्ने कुरा ‘मुगलेरी’लाई कण्ठस्थ हुन्छ । कर्णालीमा प्रचलित संस्कारगीतमा देबी देवताका मागल र पडेलीलाई यसरी उल्लेख गर्न सकिन्छ

## मष्टाको मांगल

मष्टाको स्थानमा गाइने मांगललाई चुड्किलो पनि भन्ने चलन छ । यस लोकगीतलाई भजनको पंक्तिमा पनि राख्न सकिन्छ । साउन पूर्णिमाको दिनमा मष्टाको स्थानमा स्त्री र पुरुष दुवैले यो गाउने गर्छन् । स्त्रीपुरुषले यो गीत गाउने चलन चलेको हुँदा यसलाई चुड्किलो नाम दिइएको होला । यो निकै पुरानो पुर्ख्यौली लोकगीत हो । यो

गीतअनुसार मष्टा देउताका नौ दिदी बहिनीहरू (नवदुर्गा भवानीहरू) लाई बूडू मष्टाले आफ्नो घरमा निम्ता गर्छन् । यस बेला बूडू मष्टा र नवदुर्गा भवानीहरूका बीच गीतद्धारा संवाद चल्छ :-

नवदुर्गा भवानी-
नवदुर्गाका एक मष्ट भाइलु
एक मष्टा भायालुका भोलि माइत आउँला
भोलि माइत आया पछि के र दाइजो देउला ?
बूडू मष्टा-
गौंत र गोबर बैना त्यै र दाइजो लेउली
नवदुर्गा भवानी -
गौंत र गोबर आफ्ना भीत खाउँला ॥

नवदुर्गा भवानीहरूले 'हामीलाई के दाइजो दिन्छौ ?' भनी बूडू मष्टालाई सोध्छन् । बूडू मष्टा भन्छन् 'गौंत र गोबर त हामी आफ्नै पौरखले खान्छौं'। पछि बूडू मष्टाले 'लुगा, गहना र मीठामीठा खानेकुराहरू दिन्छु' भन्ने वचन दिएपछि नवदुर्गा भवानीहरू माइत जान्छन् ।

साभार : प्रदीप रिमाल ऐ ऐ .....

## देउता चलाउने मांगल

कालु कैलुको धूप दिउँला
सतचल भित चल चल देव चल
गरीबलाई धन देऊ अपुतालाई छोरो देऊ
चल बादा पहडाबाट चल देव चल
सत चल भित चलचल देव चल
जोली र मुग्लेरीबाट चल देव चल
पूर्व र दिशाबाट चल देव चल ।

सौजन्य- धन लक्ष्मी पाण्ड,गर्ज्याङकेट-८ खयलवाडा, जुम्लायस मांगलमा देउता चलाउनको लागि विभिन्न अनुरोध गरिएको छ। कालु

र कैलु गाईको धूप  दिउला सत र भीत (सही) बाट चल गरीबलाई धन र अपूतलाई छोरो दे हामी जोडा मगलेरी (मांगल भन्ने आईमाई) को अनुरोध छ भनिएको छ ।

## देउताको मांगल

कर्णालीमा वैशाख, साउन, कार्तिक तथा माघ पूर्णिमामा देवीदेवताको पूजा बढीमात्रामा गरिन्छ। देउताको पूजा (पैठ) को समयमा झांग्रीको आङमा देउता चढाउनको लागि मांगल भनिन्छ। जुम्ला जिल्लाको पूर्वी भेगमा अवस्थित चौधबीस दरामा प्रचलित देवताको मांगल यस प्रकारको छ :-

खैरान न खुम्मरभित्र सुत्या मष्टा ज्यूअ
खैरान न खुम्मरबाट बिउज्या मष्टा ज्यूअ
हरिया चौर धुबीका रूख
परेका मण्डलभित्र हुनान मष्टा ज्यूअ
परेका मण्डलभित्र हुनिन भुवानी बसेकी
परेका मण्डलभित्र हुनान महारुद्र महादेव
क्यार खेरि दियरीअ क्यार खेरी बाती
सुनखेरि दियरीअ सपुरको बाती
चादीखेरी दियरीअ सपुरको बाती
हिराखेरि दियरीअ सपुरको बाती
आजखेरि बालिदियो महादेवका जग
आजखेरि बालिदियो भयाँरका जग
आजखेरि बालिदियो भुवानीका जग
चलचल मैठाज्यूअ सतभित चल
कोइर हुन्नान् सुखी कोईर हुन्नान दुःखी
कोइर माग्छन् लास घोडा कोइर माग्छन् आसवास
कोइर माग्छन् वर पुत्र कोइर माग्छन् धन
चलचल मैठा ज्यूअ सतभित चल

हेरहेर महारुद्र सतभित हेर
हेरहेर महारुद्र सतभित हेर

माथि उल्लेखित मांगलमा अनकंटार जंगलभित्र सुत्या मष्टाज्यू, हरियो चौर र धुपीको रूख भएको मण्डलमा मष्टाज्यू होलान्, साथमा भुवानी पनि होलिन् भन्दै दियो र बातीलाई चाँदी र सुनसँग तुलना गर्दै उक्त दियोलाई महादेव, भयार आदिका जगमा बाली देऊ भनिएकोछ। कोही सुखी तथा कोही दुःखी होलान् मष्टाज्यू चलेर लास घोडा, बास, पुत्र, धन आदि माग्नुको साथै सत र भित, चल र सत भीत रहेर र मानिसलाई न्याय देऊ भनिएको छ।

## देवता जुहार्न जाँदाको मांगल

कर्णालीका प्रायःजसो ठाऊँमा साउन पूर्णिमाको अघिल्लो दिनलाई मालिका चतुर्दशीको रूपमा धुमधामसाथ मनाइन्छ। मालिका चतुर्दशीका दिन अल्का अल्का लेक, पाटन तथा जंगल रहेकी मालिका देवी तथा अन्य देवताका स्थान (मन्दिर)मा पूजापाठ गर्न जाने चलन छ। यसरी पूजापाठ गर्न जाने प्रक्रिया वा संस्कारलाई देउता जुहार्न जाने (तीर्थजाने) पनि भनिन्छ। साउन पूर्णिमा तीर्थ जाने मुख्य-मुख्य स्थानहरूमा मानसरोबर (कैलाश), छायाक्षेत्र (मुगु), ॠृणमोक्ष (मुगु), बडीमालिका (कालिकोट+बाजुरा), पुगमालीका (कालिकोट), भुरीचुला (जुम्ला), चिमारा मालिका (जुम्ला), ठाकुरज्यू स्वामीकार्तिक (जुम्ला), चिमारामालिका (जुम्ला) तथा मुक्तिनाथ (मुस्ताङ) पर्दछन्। देउता जुहार्न जाँदा घरबाट टीकोटालो गरी मांगल भन्ने पनि गरिन्छ। ती मांगल यस्ता हुन्छन् :-

कोर बाटो गएउ भाइअ देवीका मण्डल
कोर बाटो गएउ भाइअ देवीका केदार
पूर्वबाट गयौ भाइअ देवीका मण्डल
पश्चिमबाट गयौ भाइअ देवीका केदार
पागा र पूजारा भाइऔ छटक्क उगार

देउन देउन देवीमाइऔ वर
बुकीका ओछ्यान ओडने ओडारमा घर
आफैर दु:खी दाल्दु क्या पाउना हुँ वर
आफु दाजु जिउली बस्यौ हामी बैना पाटन
बुकीकका ओछ्यान ओढारका घर
आफै' त दु:खी दाल्द क्यार पाउना वर

सौजन्य : देवीकन्या आचार्य चन्दनाथ-२, जुम्ला

देवीदेवता जुहार्न जाने माथि उल्लेखित मांगलमा कुन बाटो भएर देवीका मण्डल र केदारमा गएउ भाइ ? भनी प्रश्न गर्दा पूर्वबाट देवीका मण्डल र पश्चिमबाट देवीका केदार गएयौ भन्दै देवीसँग वर मागिएको छ । देउता जुहार्न जाँदा ओढारहरूमा बुकीघाँस बिछ्याएर सुत्नुपर्छ भनिएको छ । यो मांगलमा मालिका(देवी)ले मष्टा देउतालाई आफु दाजु जिउला(समथर ठाऊँ) मा बस्यौ हामीलाई पाटनमा छोडेउ भनी गुनासो गरेको प्रसंग पनि उल्लेख गरिएको छ ।

## पडेली

देवीदेवताको स्थानमा पूजाआजा गर्दा तथा कसैका घरमा धामी बोलाई हेराउने कोराउने काम (धमेलो) गर्दा धामीको जीउमा देउता चढेपछि स्वयं धामीले देवताको प्रतिनिधित्व गर्दै गाउने गीतलाई पडेली भनिन्छ । भिन्नभिन्न मष्टा र भिन्नभिन्न देउतीहरूमा आ आफ्ना पडेली हुन्छन् । शरीरमा देउता चढ्न थालेपछि गादीमा बसेर घण्ट बजाउँदै धामीले पडेली भन्न थाल्दछन् । खास गरेर पडेलीमा मष्टा र देउतीहरूले आ आफ्ना कार्यकलापहरूबारे बयान गरेको पाइन्छ ।

धामीका आँगमा देउता चढेपछि मात्र धामीले पडेली भन्ने भएकोले पडेलीलाई देवताको बोली वा देववाणीका रूपमा लिने गरिन्छ । धमेलो गरेका मानिसको घरमा धामी आई बसिसकेपछि लामो समयसम्म देउता नआएमाघरको झ्याल तथा ढोकामा जुठो वस्तु, छाला, सुपो जस्ता केही राखेको भए झिकेर भुइँमा राख्न लगाइन्छ

त्यसो भएमा पुरा देउता आउने विश्वास गरिन्छ ।

## महावही जगन्नाथको पडेली

कालीकोट र दैलेख जिल्लाको सिमानामा पर्ने महाव् पाटनमा रहेको जगन्नाथ महावैका धामी (झाँक्री) गोपी चन्द्र समालले भनेको र महाशंकर देवकोटा (जुम्ला) बाट कर्णाली लोकसंस्कृति खण्ड-५, पृष्ट-१४ मा संकलन गरिएको पडेली यहाँ उल्लेख गरिएको छ । महावै जगन्नाथको पडेली उल्लेख गर्नुभन्दा पहिला पडेली कहिलेकहिले गाइन्छ भन्दा मुख्यतया वैशाख, साउन, कार्तिक पूर्णिमाका दिन मष्टाको पूजा गर्दा धामी पतुर्दा (काम्न लाग्दा) यो पडेली गाइन्छ । धामीले आफ्ना भक्तजनहरूलाई पडेली गाएर सुनाउन थालेपछि दमाईहरूले बाजागाजा बजाउने गर्दछन् । नजिकको चौरमा देवीदेवतासँग सम्बन्धित गीत गाऊँदै खेल पनि चम्केको हुन्छ । विशेष गरी साउन पुनी (पूर्णिमा) मा महावही जगन्नाथमा ठूलो मेला लाग्दछ । साउन पुनीमा लेखमा हिउँ नहुने भएकोले टाढाटाढाका भक्तजनहरू थान (देवताको स्थानमा) पूजा पाठ गर्न आउने गर्दछन् । जगन्नाथ महावैका पडेलीका केही अंश यस प्रकार छन्–

अहैनी नरैनी नरैका टोक्यानी
खरुल्ली काटिदेऊ मुडुल्ली बनाइदेऊ ।
पानीका सामल बतासका पेरन
काँडाका ओछ्यान ढुंगाका सिरान
अहैनी नरैनी नरैका टोक्यानी
हुर्र हुर्हुरी हुर्र हुर गुर्र गुर्गुरी गुर्रगुर
पाटनका फूलबारी बुकीका आसन
गुराँसी फुलेका कस्तुरी बासन
उही लामा थडायँ उही जुम्ली डाँडाय
सिउ बाघ जुजयाँ एक रंग देखाया

माथि उल्लेखित पडेलीमा ओहो मान्छे हो, तिमीहरू सब अन्ज(

ान केटाकेटी हौ । रातभरि जाग्राम बस केही नखाओ, कपाल खौरी मुडुलो बन, लुगाको सट्टा बतास ओड, ढुङ्गाको सिरानी हाल, पानीको सामल खाऊ । बुकी र गुराँस फुल्ने यस पाटनमा कस्तुरीको वासना चल्छ । हेर मैले लामाथांडामा कालो र सेतो जोडा बाघ जुधाएर तमासा देखाएको थिएँ । म ठूलो शक्तिशाली छु भन्ने कुरा देवता अवतार भएका धामीले पाली (भक्तजन) हरूलाई भनेकाछन् ।

## लोक गाथा

कर्णाली अञ्चलमा विवाह, व्रतबन्ध लगायतका उत्सवहरूमा दमाईं जातिहरूले हुड्का बजाउँदै हुड्के नाच नाच्ने गर्दछन् । दमाया, नरसिंग झ्याली जस्ता बाजाका साथै उक्त नाचमा २ जना विशेष खालका गायक हुड्का बाजा बोकेर सजिएका हुन्छन् । हुड्केहरूले हुड्का बजाउँदै विभिन्न देवीदेवताका गाथाहरू गीतिलयमा गाऊँछन् । यसरी गाइने गाथाहरूमा रङ्गसिला रानीको गाथा, बलीराजको गाथा, राम सीताको गाथा महाभारत लडाइँ आदि उलेख्य छन् ।

कर्णाली अञ्चलका गाथाहरूमा मष्टो, कूलदेवता, मालिका, लछ्याल कति पैकेलो, सोभान शाही आदिका नामहरू उल्लेख भएको पाइन्छ । अर्कोतिर समाजमा राम्राराम्रा काम गरेर गुन लगाएका वीर पुरुषहरूको जीवनीसम्बन्धी बयान गाथामा गर्ने गरिन्छ  जसले गर्दा उनीहरूले समाजसेवामा गरेको लगानीको कदर हुन्छ । नयाँ पिंढीहरूले पौराणिक व्यक्तित्वहरूको जीवन चरित्र जान्न र उनीहरूका राम्राराम्रा गुणको सिको गर्न पनि गाथाको अध्ययनले मद्दत गर्ने देखिन्छ ।

समाज वा लोकमा महत्वपूर्ण योगदान गर्ने वीर पुरुष तथा प्रचलित देवीदेवताको काम गीति कथामा वर्णन गरी गाइने विषयलाई लोकगाथा भनिन्छ । कर्णाली अञ्चलको लोकसाहित्यमा लोकगाथाको पनि महत्वपूर्ण स्थान छ । कर्णालीमा वलिराज, झम्पन (भोटकराजा), सुनकेस्रा रानी, लछ्यालकिर्ती पैकेलो, मष्टो आदिको जीवनी लोकगाथाका

रूपमा वर्णन गरेको पाइन्छ । यसरी जीवनीलाई गीतिकथामा वर्णन गरिएका गाथाहरू विभिन्न चाडपर्वहरूमा प्रयोग गरेर मनोरञ्जन गर्ने गरिन्छ । विवाहको क्रममा हुड्केहरूले नाँच्दै यस्ता लोकगाथाहरू गीति भाकामा प्रयोग गर्ने गर्दछन् भने धामी झाँक्रीले देवता आउनुभन्दा पहिला काँप्दै देवीदेवताको गाथा गीति लयमा वाचन गर्ने गर्दछन् ।

## देवीसम्बन्धी गाथा

बाह्र भाइ मष्टाको गणनाभित्र परेकी नौ दुर्गा भवानी भन्ने गरिएकी देवीमध्ये डोल्पाकी बाला त्रिपुरा सुन्दरी भगवती, जुम्लाकी कनका सुन्दरी भगवती सेती र कर्णालीको बीचकी बढी मालिका भगवती समेतकी ९ बहिनी हुन् । उपयुक्त भगवतीहरू मध्येको जेठी र को कान्छी को अघि र को पछि स्थापित भएकी देवी हुन् भन्ने कुरामा जुम्लाको लोक साहित्यभित्रको एउटा गाथा छ जो यस प्रकार छ –

छार्काभोट लामा चुम्मा, बडा बस्या ज्ञान
द्यौन द्यौन लामा गुरु ? हामी भाग देऊ
तुम्मारो भाग दियौ बेलै ? बाइसैं पाटन
ह्वीँरवाठ उठिन् माताज्यू, तिब्रीकोट पौचिन्
तिब्रीकोट, पर्सादय, आलो छैकि बासी ?
ह्वीँरबाठ उठिन् माता, मोन्यामाति पौचिन्
ठिन्क्या ज्यूला पर्सादय, आलो छैकि बासी ?
द्यौन द्यौन गुरु लामा ? हामी भाग द्यौन
ह्वीँरबाट उठिन् माता, लामाथाडा पौंचिन
सिंजाखोला तल हवुर, झुराई बास्या काग
ह्वीँरबाट उठिन् माता, सुनढुस्की पुगिन्
हवीँरबाट उठिन् माता पुँगा लेखमाथी पुगीन्
ताँइबाट हेरिन् माताज्यूले, नौ खुवा अछाम
उवो हेरिन् माताज्यूले मालीजस्तो ज्यूलो
ह्वीँरबाट उठिन् माता, वडी मालिका पुगीन् ।

हालको कर्णाली अञ्चलको डोल्पा जिल्लाको भू-भागलाई पहिले तिब्रीकोट दरा भनिन्थ्यो । डोल्पा जिल्लाका २३ वटा गा.वि.स. मध्ये जिन्जे, सारुवाङ, मुककाठे, छार्काभोट, मिजेर, फोक्सुण्डो गा.वि.स.हरू यस जिल्लाका अत्यन्तै विकट भोट क्षेत्रमा पर्दछन् । यो जिल्ला पहिले माथि भोटान, मध्य भोटान र तलिभोटान गरि ३ भागमा बाँडिएको थियो । यो छार्का भोटमाथि भोटानमा र त्रिपुरा सुन्दरी भगवतीको मन्दिरमध्ये भोटानको कोट गाऊँमा छ । प्रस्तुत गाथाको सुरूमा उल्लेखित छार्काभोट भनेको उही छार्का भोट हो । यसै ठाऊँमा लामा चुम्मा बौद्ध लामा (गुरु) ज्ञान गर्न बसेका थिए । एकजना महिलाले ती लामा गुरुसँग गई दाजुको नाता जोडेर आफ्नो भाग मागिन् । ती लामाले उनलाई तिमी बाईस पाटनमा बस्नु भन्ने भोग दिए । त्यहाँबाट उनी तिब्रीकोटमा त्रिपुरा सुन्दरी देवीको नामले प्रख्यात भइन् । त्यहाँबाट उनी (बहिनी) मोरियानी (डोल्पा र जुम्लाको सिमानालेख मौर्यलेक), त्यहाँबाट ठिन्के ज्यूला (चन्दननाथ गा.वि.स.वडा नं. २ को ज्यूलो ), छिनासिम(जुम्ला जिल्ला सदरमुकाम चौघान, खलंगा बजार), लामाथाडा (जुम्ला सिंजा कनकसुन्दरी गा.वि.स.कनकासुन्दरी मन्दिर), सुनढुस्की - जुम्ला पानसयदरा तातोपनी गा.वि.स.स्थित बाबिरा मष्टाको थान) तथा नौखुवा अछाम हुँदै बडीमलिकाको लेकमा पुगेर स्थायी आश्रम गर्न थालिन् ।

**(लेखकः कर्णालीको लोक साहित्य अनुसन्धाताका साथै नेपाल सरकारको शाखा अधिकृत पदमा कार्यरत हुनुहुन्छ ।**

# उपत्यकाको मष्टो पूजा विधि



मधुसुदन खड्का

उपत्यका खाल्टो नेपाल ह्रदको रूपमा रही जब श्रीकृष्णको सुदर्शन चक्रबाट चोभारको गल्छी काटेर पानी हट्यो उक्त पानीको सतहबाट कायम भएको थुम्का डाडा, पाखा पखेराहरू, डोल भूडोल, देश, पाटा टार, सुर्काहरूको रूपमा रही बेसीको रूपमा रहेका समथर भूभागमा गोपाल वंशको राज्य शुरु भयो र आआफ्नो जात धर्म अनुसारको शक्तिपीठहरू स्थापना गरी पूजा आजा गरी पुर्ख्यौली थाम्ने र सांस्कृतिक कामहरू हुँदै गए । सो भागको पूर्व दक्षिण, पश्चिम उत्तरमा चार भन्ज्याङ भई सो को बीचमा ठूल ठूला पहाड अर्थात शिवपुरी, वागेश्वरी, फूलचोकी, चन्द्रागिरी, दहचोक, नागार्जुन (जामाचो) तारकेश्वरबाट बेष्टित भई साँगा भन्ज्याङ फर्पिङ भन्ज्याङ बाड भन्ज्याङ र मुडखु भन्ज्याङ गरी चार भन्ज्याङका दिवारी भित्र विभिन्न समुदायहरू, नेवार, बाहुन, क्षेत्री, तामाङ, मगर, विश्वकर्मा, नेपाली लगायतका आआफ्नो उद्गम थातथलोबाट आई बसोबास गरे ।

यो भूमि आराध्यदेव भगवान् पशुपतिनाथको बासस्थानको रूपमा रही आएको छ । भगवान विष्णुका विभिन्न अवतारको रूपमा चारै नारायण यही ठाउँमा रहेको देखिन्छ । भैरवनाथ, कालभैरव, बाण भैरव, उज्जवल भैरव आदि यही विराजमान छन । जैनहरू मन्दिर र बौद्धमार्गीका अनेकन चैत्य गुम्वाहरू रही आएका छन । शक्ति स्वरूपेणी देवीहरूमा उग्रतारा, बज्रयोगिनी, दक्षिणकाली, गुहेश्वरी, भद्रकाली, चण्डेश्वरी, बिजेश्वरी, अजिमा तलेजु भवानीबाट रक्षार्थ रहेको यस सिद्ध भूमिमा विशेष गरी काँठ क्षेत्रको बाहुल्यता रहेको हालको चक्रपथदेखि बाहिरको भूभागलाई जनाउँछ ।

पछिल्लो कालमा शहरी भागमा नेवारहरूको अत्यधिक बसोबास छ भने काँठ क्षेत्रमा क्षेत्री, बाहुन र तामाङ बस्तीको बाहुल्यताको रूपमा बसोबास क्षेत्र पर्दछ। यसरी आआफ्नो जात, धर्म अनुसार हाम्रो समाज चलिआएको छ। त्यसमा आआफ्नो कुल, धर्म नमान्ने भन्ने कुनै जातिमा छैन। भौगोलिक क्षेत्र र ठाउँ अनुसार नेवारहरूले भीमसेन तथा देवीहरूमा तलेजु भवानीलाई कुलको रूपमा पूजी आएका छन्। सोही अनुसार अन्यले दोलखाको भीमसेन, पोखराको बिन्ध्यवासिनी तथा भद्रकालीलाई समेत कुल देवीदेवता मानी पूजाआजा गरी आएको देखिन्छ। यसर्थ जन्मदेखि मरणसम्म १२ राशी २७ नक्षत्रको अधीनमा रही हामी मानवले आआफ्नो कुल नपूजी कुनै कार्य अगाडि बढ्दैन।

कुल देवता भन्नाले खासगरी मष्टोलाई मानिन्छ। यिनका नाम तथा ठाउँ बमोजिम विभिन्न नाममा पूजिन्छ। केही बाह्र मष्टो आदि मष्टो, खप्पर मष्टो, दूधे मष्टो, रुमाल मष्टो, दाह्रे मष्टो थर तथा गोत्रहरूमा विभिन्न नामले पूजित गरिन्छ। काँठका क्षेत्री बाहुनहरूमा बिशेष गरी क्षेत्रीय कुलमा मष्टोले धामी रोजी उसको शीरमा बसी पूजा खाने गरेको पाइन्छ। त्यसैगरी केही समुदायले भने कुलदेवता पूजा अथवा देवाली पूजा भनेर गरेका पाइन्छ। देवाली भनेको आफ्नो कुल देवतालाई खुशी बनाउनको लागि गरिने संस्कार हो। कतै कतै कुल देवतालाई कुलायन पनि भनिन्छ। जाति अनुसारको कुलको नाम फरक फरक हुने भएकाले कुलको पूजा गर्ने तरिका पनि फरक फरक हुन्छ। कुल देवता अथवा कुलायन भन्नाले कुल अथवा वंशमा पूजा गरिने देवता हो। प्रत्येक वंशको आफ्नै कुल देवता हुन्छ। प्रायः हिन्दू, जैन, वोन, बौद्ध का साथै अन्य धर्महरूका अनुयायीहरूले पनि कुलायनको पूजा गरेको पाइन्छ। कुल देवताको पूजा गर्नाले अगती परेका पितृहरूले मोक्ष पाउने र कुलको उद्धार हुने विश्वस गरिन्छ। सबै वंशहरूको आफ्नो आफ्नो कुलायन अथवा कुल देवता हुन्छन्। कतिपयले कुलायनको पूजा गर्दा वलि दिएर पूजा गरेको देखिन्छ। जीव बलि दिएर पूजा गर्दा पशूलाई समेत मुक्ति मिल्छ भन्ने विश्वास

रहेको छ भने कतिपय बाहुन पूजारी एवम् धामी नहुनेहरूले आ-आफ्नो कुलदेवताका नाममा मष्टा मण्डाल्नी पुकार्दै होमहोमादी गरी खीर, बाबर, नरिवल चढाउने गर्दछन् ।

## भौगोलिक विवरण मन्दिर निर्माण र अगुवाई

यस उपत्यका क्षेत्रमा मष्टोको खास मन्दिर पूर्वकालमा रहेको देखिन्न तथापि खड्का, कार्की, बस्नेत, थापा, बानिया, बुढाथोकी, अधिकारी, बिष्ट, घिमिरे, सिलवाल लगायत अन्य थरको हेरी गाउँ तथा नगरको खुला सार्वजानिक ठाऊँ थुम्की बनजङगल हेरी मन्दिर स्थापना गरी पूजा आजा गरिन्छ । मन्दिर स्थापना नभएकोमा उपयुक्त स्थान हेरी खर तथा पातबाट अस्थायी टहरो तयार गरी पूजा गर्ने प्रचलन छ ।

आ आफ्नो वस्ती तथा थकाली मूल घरदेखि बढीमा आधा घण्टाको पैदल हिंड्दा पुगिने ठाऊँमा कुल पूजा गर्ने थान तयार गरिन्छ । मष्टो मन्दिर र कुलदेवता मन्दिर समाज र गुठी आआफ्नो बंशका दाजुभाइको सहयोगबाट निर्माण गरिन्छ ।

## पूजा, तिथि विधि र संलग्न व्यक्तिहरू

कुल देवता पूजा विशेष गरी मंसीर पूर्णिमा र जेठ पूर्णिमामा गरिन्छ । कहीं कहीं पञ्चमी तथा श्रीपञ्चमीमा समेत गरिन्छ ।

मष्टो देवताको पूजामा जहाँ जहाँ बस्ती तथा वर्ण अनुसार पूजा विधि फरक फरक पनि पाइन्छ । ब्राह्मण वर्गमा विशेष गरी खीरपुरी र बाबर आदिबाट पूजा गरिन्छ । यो प्रथा हाल निकै लोकप्रिय भएर गएको देखिन्छ ।

क्षेत्री वंशमा भने आआफ्नो परम्परा अनुसार बलि दिने प्रचलन कायमै छ । कुल पूजामा जहाँ जहाँ धामी छैनन् त्यहाँ घर सफा सुग्घर राखी मूल कोठा, मूल चौका जहाँ कुलको ठाऊँ भनी छुट्टाएको मूलथलो आसन सफा गरी अघिल्लो दिनदेखि एक भक्त भई चोखो खाई कुल पूजा गरिन्छ ।

जहाँ धामीमा कुल चढी आएका छन् त्यस्ता थर वर्णहरूमा सोही अनुसार ३ दिनदेखि घर घरमा चोखो राखी लिपपोत गरी जूठो आदिबाट घरलाई टाढा राखिन्छ । धामी वा थकाली आफ्नो जेठोबाठो मानिसको घरमा सबै दाजुभाइ जम्मा भै दियो कलश गणेश थापी पूजाको पहिलो दिन **सातै तला धर्तीमाता आकाश नमोनारायणको श्रृष्टी जगाउ जगाउ जगाउ** भन्दै दियो जगाउने कार्य हुन्छ । पूजामा पुग नपुग सरसामानहरू लेखाजोखा गरी आपसमा सरसल्लाहका साथ योजना तर्जुमा गरिन्छ ।

दियो जगाई धामीहरूलाई आसनमा बसालिन्छ र धूप वत्ती दिई मष्टो देवताको आव्हान गरिन्छ । उक्त कार्यमा धामीहरूका अलावा थकाली र निश्चित व्यक्तिलाई पूजारीको जिम्मा दिएको व्यक्तिले गर्दछ। यसरी दियो दीप पूजेपछि अर्थात गणेश कलश र दियो पूजा गरी धामी बस्ने कार्य हुन्छ । आआफ्नो बृन्दहरूको हर्ष तथा शोकका कुराहरूमा मष्टो तथा उनका भान्जा भान्जी दिदी बहिनीहरू धामीका शीर कम्पन गराई बक्ने कार्य हुन्छ । कुनै घर तथा मानिसमा केही अनिष्ट भए सो वृतान्त समेत कुलबाट कहिन्छन् । त्यसैगरी घर तथा मानिसका बढी बढाऊ भई हर्ष एवम् खुसीका कुराहरूसमेत धामीबाट कहिन्छन् । आआफ्नो गोत्र, थरका बृन्द भाइका घर परिवारहरूको दिन दशा तथा ग्रह गौचर समेत मष्टोबाट भन्ने गर्दछन् । मष्टोका साथमा आफ्ना आफ्ना इष्ट देवदेवीले पनि धामी पक्रेका हुन्छन् । जहाँ ठाऊँ, क्षेत्र भौगोलिकता हेरी बिन्धवासिनी, बराह, भैरव, भीमसेन एवम् भद्रकाली आदिको पूजा पनि पर्दछन् । दोस्रो दिन राती पुनः सबै जम्मा भई पूजा बिधि आदिमा छलफल गरी धामीहरूबाट सो विधिको सम्बन्धमा अह्राउने काम हुन्छ ।

कुलपूजाको दिन आआफ्नो घरमा कुल देवताको पूजा गरी सोही अनुसार पूजा सामग्री मूल घरमा ल्याइन्छ । उक्त पूजा मूल कोठामा जहाँ दियोका साथ मूल कलश खड्ग, चमर, घण्टा दियो राख्ने मन्दिर (खड, खडकुलो, डोली, झोलुङगो आदि) तयार गरिन्छ । मूल कोठाको

पूर्व तर्फ ६४ कोठाको रेखी हाली मष्टोको रेखी सम्भी चामलले छोपिन्छ। भान्जा भान्जी इष्ट देवदेवीलाई क्रमशः ३२ तथा २७ कोठाको रेखी हाली पूजाआजा शुरु हुन्छ। सोही दिन मूल घरमा थप २ ओटा दियो तथा कलश राखि पूजा गरिन्छ। पहिलो ब्रह्मा, विष्णु, महेश्वर, दोस्रो पितृ देवता समेतको आह्वान सहित पूजा गरिन्छ। त्यसै गरी सोको अगाडि चामलको ७ थुप्रा एवम् हाँसको फुल र सिद्रा स्यावाजी राखी पूजा गरिन्छ। त्यसो गर्नाले भूत प्रेत आदिको भाग समेत दिने प्रचलन रहिआएको छ। पूजा गर्न घर घरबाट दियो सहितको पूजा सामग्री संयुक्त रूपमा समावेश गरी पूजा सुरु हुन्छ। मूल खड्ग (तरवार तथा ढाल) मूल कलश (जलको घडा) तथा पञ्चकन्या सहित तोकेको अनुसार सबैभन्दा पहिले छ भने पञ्चे बाजा, सो पछि खडग, घडा बोक्ने व्यक्ति र कलचौडी (कलश बोक्ने) मानिसको पछि भेडा भेडी (बोका तथा पाठो) अघि लगाई दियो बत्ती सहितको मठमन्दिर एकसाथ भाइ भाइले बाजागाजा सहित बोकी साथ साथमा कुल तथा कुलका भान्जा भान्जी एवम् इष्ट देव देवीका धामीहरू हातमा घण्टा र चमर एवम् गलामा घमरा, मालाले सुशोभित भई कामेर नाची नाची बनविहार (मन्दिर) जान्छन्। सो भन्दा पहिले मन्दिर जानको लागि मूलघरबाट आआफूले मानी आएको इष्टदेवता इष्टदेवी, थानपती देवदेवीलाई पूजा पठाउने चलन समेत रहदै आएको छ। मूलगृहबाट निस्कदाको नगिच तथा मन्दिर पुग्ने क्षेत्र नगिच देउरालीको पूजा पठाउने प्रचलन समेत देखिन्छ। यसरी पूजास्थल मन्दिरमा लिपपोत गरी सजिसजावट गरिएको हुन्छ। त्यहाँ गएपछि धामीहरूबाट मष्टो देवता तथा उनका भान्जा भान्जी शिलामा प्रवेश गर्दछन् अर्थात धामी काम्न छोड्छन्। उक्त स्थानमा मन्दिरको बाहिर पट्टी ब्राह्मणद्वारा होमको कार्य गरिन्छ। होम आधा भएपछि मूल पूजाको समय हुन्छ। थकाली, पूजारी तथा धामीहरूले शोडसोपचार सहित पूजा अर्चना गरी खीर पुरी सेल फलफूल पञ्चामृत सहित धूपबत्ती दिइन्छ। सोही बेलामा बलिको तयारी हुन्छ। धामी भएका ठाऊँमा पुनः धामीमा मष्टो प्रकट हुन्छन्

जहाँ रगत बलि हुँदैन त्यहाँ नरिवल फोरी पूजा गरिन्छ। बलि प्रथाको पूजा भने भान्जी तथा दिदी बहिनीको पहिलो पूजा हुन्छ। भान्जीको रूपमा विन्ध्यवासिनी भएको ठाऊँमा कुमारी पाठीको बलि दिने प्रचलन पनि देखिन्छ। मानिसहरूले हाल आएर सो को सट्टा काँचो नरिवल चढाउन पनि थालिएको देखिन्छ। त्यसपछि मष्टोका भान्जाको पूजा हुन्छ। धेरै जसो ठाऊँमा बराह भान्जा हुन् भन्ने गरिन्छ। उनलाई कहिले कहिले भेडाको थुमो चढाउने चलन थियो कही कही यद्यपि छँदैछ। त्यसपछि मष्टोको लागि तयार गरिएको मूल बोकाको बलि दिइन्छ। साथै क्रमशः इष्टदेवीको समेत पूजा हुन्छ। हर्ष बढाईको रूपमा अन्य पूजा पनि हुन्छन। कही कही बीस तीस बोको बलि पनि हुन्छ। धामी भएको ठाऊँमा उक्त बलिको बोका काटेर छिन्दासाथ धामीले पक्री छिनेको गर्धनमा मुख राखी रगत चुस्दै मन्दिर परिक्रममा गर्ने कार्य हुन्छ। यसरी विशासै भोग तथा पूजापछि त्यसको प्रसाद तयार गरिन्छ। मन्दिरभित्र चढाइएको प्रसादी भने धामी थकाली पूजारी खडगे एवम् चोखा बसेका बृन्द भाइले मात्र खान्छन भने बाहिरलाई अन्य प्रसादी बाडिन्छ। उक्त कार्य सकेपछि पुनः बिहान जसजसले जे कामको बाँडफाट भएको थियो सोही अनुसारको काम गरी पुनः धामी काम्दै लावालस्कर सहित मूल घरमा आएपछि नाचगान जय जय कारका साथ बाहिर केही बेर रहँदा धामीबाट बाहिर आफ्नो मानिसहरू जो गाथमा सन्चो छैन उनीहरूले आफूहरूको रोग झारी दिन अनुरोध भए अनुसार धामीहरूले घण्टा चमरबाट फुकेर झार्ने काम समेत गरेको पाइन्छ। यसरी मूल घरभित्र गई शिलामा अर्थात दियो प्रवेश गर्दा मष्टोका भान्जा भान्जी इष्ट देवदेवीलाई बत्ती दिने कार्य हुन्छ र भएको प्रसादीको बाँडफाड धामीहरू र बृन्द भाइहरूको सरसल्लाह अनुसार बाडिन्छ।

## खर्च व्यवस्थापन बेहोर्ने निकाय

उल्लेखित सबै खर्च आआफ्ना दाजु भाइले पहिले रकम उठाइ खर्च गर्दछन। कुल पूजाको लागि गुठीको व्यवस्था गरी महिना महिनामा

उठाउने गर्दछन् त केही एकमुष्ट संकलन गरी खर्च गर्दछन् । बढी भए अर्को पूजामा संचित गरिन्छ । उक्त पूजाहरूमा कुनै संघ संस्था तथा सरकारी तवरबाट उक्त सहयोग भएको छैन । जात जाति धर्म संस्कृति बमोजिम आआफ्नो कुल देवताहरूमा शहरीयाहरूको कुल पूजामा भने संघ संस्था एवम् सरकारले समेत केही रकम दिएको देखिन्छ । जस्तै, ललितपुरको रातो मछिन्द्र, काठमाडौं सेतो मछिन्द्र, तलेजु भवानी आदि ।

मष्टो कुल देवता प्रतिष्ठानबाट खेल्नुपर्ने भूमिकामा मष्टोलाई कुलदेवता मान्ने मानिसका लागि मष्टो कुलदेवता प्रतिष्ठानको स्थापना हुनु हर्षको कुरा हो । यो छाता संस्था हो । यसको स्थापनाको पत्तो नपाउने मष्टोप्रति अगाध आस्था, भरोसा र विश्वास मान्ने मानिसहरू अझै छन । यस संस्थाले खेल्ने भूमिकामा पुऱ्याउने सहयोग र गर्ने कृयाकलापको बिस्तृत जानकारी मष्टोदेवप्रति अखण्डित समस्त बन्धुबान्धवहरूलाई गराउनु आवश्यक देखिन्छ ।

## मष्टो कुलदेवता प्रतिष्ठानको भूमिका

१) मष्टो देवको यथार्थ पहिचान गराउनु ।

२) मष्टोदेवलाई गरिने उपयुक्त मानमनितोको कुरो विधिको जानकारी गराउनु ।

३) मष्टोदेवलाई कुलदेवता मान्ने मानिसहरूबीच एकता गराउनु ।

४) धर्ममा बिज्ञान छिपेको हुन्छ भन्ने चुरो कुरोको बोध गराउनु ।

५) प्रगतिको मूल आधार धर्म नै हो भन्ने विश्वास दिलाउनु ।

६) मष्टोको विश्वव्यापी प्रचार गर्नेलाई सम्मान ।

मष्टो प्रतिष्ठानले साधन स्रोतले भ्याएसम्म राम्रो काम गर्दै मष्टो मन्दिरहरूको चिनारी कार्यक्रम प्रशंसनीय छ । कार्यक्रमको पूर्ण सफलताको कामना गर्दछु ।

लेखक : मष्टो कुलदेवता प्रतिष्ठानका सचिव एवम् देवताका धामी हुनुहुन्छ ।

# बिजुली दारे मष्टो देवता



✍ योगेन्द्र राज आरसी

परापूर्व कालमा १२ भाइ मष्टा देवताहरूले तीर्थयात्रा गर्ने निधो गरे र त्यस क्रममा काशीको यात्रा गरेछन् । त्यहाँको यात्रा सकेपछि तिनी मष्टा देवताहरू ढंडारमा पुगे । सबै एकै ठाऊँमा बस्नु भन्दा ठाऊँ ठाऊँमा भागबण्डा गरेर बस्नु पर्‍यो भन्ने निर्णय गरे । ती १२ भाइ मष्टा देवताहरू कौवाको भेषमा मुगुको खत्याड डाँडामा आए । कौवाको भेष गरेर त्यहाँ आएकाले त्यो ठाऊँको नाम कौवा रहन गयो पछि त्यहाँ एक भाइलाई जिम्मा दिइयो । त्यहाँबाट अरु भाइहरू थापा र बुर कौवामा गएर बसे । त्यहाँ उनीहरूले प्रशस्त शक्ति देखाए १२ भाइ मष्टाको बीचमा त्यही नै विभाजन भयो । तीर्थयात्राकै क्रममा बिजुली दारे मष्टाले अध्ययन गरिसकेको थियो कि उसलाई औल अर्थात् जाजरकोटको सरुमा आउन मन लागेको थियो । त्यसैले बिजुली दारे मष्टाले ७०० सिम्तो र १४०० दाङको मोतिहार चामल खेलाउँछु भनी औलको भूमि मागेकाले औल बिजुली दारे मष्टाको भाग बण्डामा पर्‍यो । औल आफ्नो वण्डामा परेपछि कसरी त्यहाँ जाने भनेर दारे मष्टाले सोचिरहेको थियो ।

असारको महिनामा माइतीलाई भेटौला र नून पनि ल्याउँला भनेर जाजरकोट सरु घरंगाका तुली बम र लाँताका कनिक बस्नेत जुम्ला गए । जुम्लाको केही समयको बसाइपछि उनीहरू नून लिन भनेर मुगुतर्फ लागे जब उनीहरू नून लिएर मुगुबाट फर्कंदै थिए त्यही बेला कौवाको मन्दिरमा मष्टाको बहाली (धामी नाँच) भइरहेको रहेछ । बाजा गाजाका साथ देवताहरू बहाली गरिरहेको देखेर तुली बम र

कनिक बस्नेत रमाएर हेर्न थाले । रमिता हेर्ने मान्छेको घुइँचो थियो । मष्टा देवताले तुली बमलाई बोलाएर भन्यो, के हेर्छस् र ? यस्तै गरी औल पनि बहाली (धामी नाँच) हेर्न मन लागेको छ ? तुली बमलाई "के खोज्छस् काना आखाँ" भने झैं भयो । उसलाई यस्तै देवता औलमा लिन मन लागेको थियो अनि उसले मष्टाको तारिफ गर्दै यस्तै वायु (देवता) औलमा चाहिएको थियो भनी बिन्ती बिसाएछ । मष्टाले पनि हुन्छ भनी स्वीकार गरेछ र भनेछ, 'ल मेरो नासो (अक्षता) लैजा तैले भने अनुसार म पुऱ्याउनेछु । तँ गार (खोला) बाटोको जानु म लेकको बाटो आउँला र बाटोमा चिनो देखाउँला त्यतिबेला अक्षता छरिदिनु ' भने । तुली बमहरू जुम्लाको ढिमकोट, टोप्ला, जलजला हुँदै कुशे पाटनको मष्टाको पाती हाल्ननजिक पुगेछन् । त्यसैबेला तुली बमले एउटा गरुडले घण्टहरूको झुप्पोलाई चुच्चाले तानिरहेको देखेछन् । त्यसै बखत अक्षता छ रे पछि गरुड कता गयो थाहा भएन तर २५ वटा घण्टहरूको झुप्पो जमीनमा देखा पऱ्यो । त्यसलाई लिएर उनीहरू अगाडि प्रस्थान गरे । यसरी गरुडले छोडेको घण्टा भएकाले आजभोलि ती घण्टहरूको झुप्पोलाई गरुली घाँट भनिन्छ। जुन अहिले पनि पैंकमा धामी पृथ्वीबहादुर रोकायको घरमा छँदैछ ।

मष्टा देवताले सरुको पवित्र भूमि परीक्षण गरिरहेकै बेला तुली बम र कनिक बस्नेत वर्षे घण्ट सहित हालको कफल्लॉमा आए । कफल्लाँलाई पहिले लामीडाँडा भनिन्थ्यो । लामीडाँडा पुग्दा रात परिसकेको थियो त्यसैले वर्षे घण्टको झुप्पो एकजना महिलालाई दिँदै उनीहरूले भनेछन् यो वर्षे घण्ट आज राखिदेउ भोलि बिहान लिउँला भने । ती महिला लक्षणदारकी रहेछन् । उनले कोठा लिपपोत गरेर चारै कुनामा बत्ती बाली त्यो वर्षे घण्टलाई राखिछन् ।ती आइमाईको राम्रो लक्षण देखेर मष्टाले लामीडाँडामै बस्ने विचार गरेछन् । बिहान तुली बम उठ्दा वर्षेघण्ट देखिएन । उनीहरूले जतातत्तै खोजी गरे तर भेटाउन सकेनन् । आखिर उनीहरू निराश भएर घरतिर लागे । यसरी उनीहरूले जुम्लाबाट दारे मष्टा देवतालाई सरु ल्याउने काम

गरे । लामीडाँडामा दारेमष्टा देवताको बास भइसकेपछि उसको प्रभाव सरु लगायत टाढा टाढासम्मका जिल्लाहरूसम्म पनि पऱ्यो । श्रद्धालु भक्तजनहरूको ओइरो लाग्न थाल्यो । त्यतिबेलाको एउटा पूर्णिमामा मात्र तीन चार बोकाहरू काटिन्थ्यो । जे होस् धेरै समयसम्म कफल्लाँमा मष्टाको प्रभाव रहन गयो ।

त्यसै समयमा जाजरकोटी राजा महादेव शाहलाई कुष्टरोग लागेछ । उनले धेरै धामी झाँक्री गरे । औषधि उपचार पनि गरे तर केही सीप लागेन । कतै सरु मष्टाले रोग सन्चो गराउँथ्यो कि भनेर रानीका साथ राजा कफल्लाँमा आउन लागेछन् । कफल्ला पुग्नुअघि सल्लेरी पाखाको गाउँ जसलाई बिजुलीडाँडा भनिन्छ त्यहाँ पर्थ्यो । राजा आउने कुरा थाहा पाएर बिजुली डाँडाका हाँसु रोकायले बाटोमा तुल बिछाएछन्, बाटोमा केराको थाम गाडेर पानीले भरिएको गाग्री राखेर राजाको राम्रो स्वागत गरे तर कफल्लामा पुग्दा राजाको कुनै वास्ता भएन । उनीप्रति कुनै चासो पनि देखाइएन । साँझपख मष्टा देवताले गादीमा बस्ने बित्तिकै राजालाई चिनेर अगाडि बोलायो । त्यहाँका मान्छेले नचिने पनि देवताले चिनेको हुँदा राजाको देवताप्रतिको विश्वास अझ बढेर आयो । राजाले मष्टालाई भने यहाँको जस्तो वायु (देवता) र सल्लेरीपाखा अर्थात् बिजुली डाँडाको जस्तो थर (रोकाय) भएको भए राम्रो हुने थियो । यति भनेपछि मष्टाले भने तेरो भनेको अनुसार नै गरौंला भनी विश्वास दिलायो । मष्टाले राजालाई विश्वास दिलाएपछि कफल्लाँमा अलक्षण देखा पर्न लाग्यो । एकदिन त धामीकी श्रीमती धमिनीले रिसाउँदै सार्कीको जस्तो घर भयो । मासुले घर गन्हाउन लाग्यो भनी बोकाका टाउकाहरू एउटा डोकामा राखेर मालुवाका भिरमा फ्याँक्न गइन् । दैव संयोगले उनले डोको घोप्ट्याउन खोज्दा उनको चुल्ठो डोकामा अल्झिएर उनी पनि डोकोसितै भिरमा लडेर मरिन् ।

यसको केही समयपछि एकदिन हाँसु रोकाय कुल बाँध (भैंसी गोठ) बाट दूध , दही , मही ,नौनी खर्पनमा बोकेर बिजुली डाँडा

आइरहेका थिए । त्यसैबेला कफल्लाँको सिद्ध डाँडामा उनको एउटा सिद्धसँग भेट भएछ । सिद्धले हातमा कमण्डलु बोकेका थिए ।त्यही कमण्डलु थाप्दै उनले मलाई मही देऊ बा प्यास लाग्यो भनेर भीक्षा मागे । हाँसु रोकायलाई लागेछ कि यति सानो कमण्डलु छ के मही दिनु र बरु दही दिन्छु भनेर उनले कमण्डलुमा दही खन्याए तर दही कमण्डलुको पिंधमा देखियो । कमण्डलु त भर्नु नै पऱ्यो भनेर दूधको ठेकी निकालेर दूध, महीले भर्न खोजे त्यसले पनि कमण्डलु भरिएन । हाँसु रोकायले लजाएर रित्ता ठेकीहरू लुकाउन खोजे पछि सिद्धले पिर नगर यी ठेकीहरू घरमा लैजाऊ र घरको चारै कुना गाईको गोबरले लिपेर बत्ती बाल्नु तिमीलाई राम्रै हुनेछ भनेर सम्झाए । त्यतिबेला नै सिद्ध कता लोप भए थाहा भएन । उनी घर फर्कन लाग्दा बाटोमा रित्ता ठेकीहरू भरिए । जुन ठेकीमा जे थियो त्यही अनुसार ठेकीहरू भरिए ।

साँझपख बिजुलीडाँडा आएर हाँसु रोकायले श्रीमतीलाई घरको चारैकुना गाईको गोबरले लिप्न लगाए अनि बत्ती बालेर सबेरै सुते । त्यसै राती मष्टा देवताले कफल्लाँबाट देवताका सबै सामानहरू ओसाऱ्यो । चन्दन घोट्ने चनौटो मात्र बाँकी रहेछ त्यसैलाई पनि ल्याउँछु भनी लिन गएको बेला बिहानी भइसकेकोले पारी सिमरपाखा गाऊँमा कुखुरा कराएछ त्यस्तै दर्नाको गाउँमा कुकुर भुकेछ । उज्यालो भएको संकेत पाएपछि मष्टा देवताले बाँकी रहेको चनौटो ल्याउन पाएनन् ।अनि मष्टा देवता रिसाएर ती गाऊँलाई पहिरो जाओस् र चिर्को (चट्याङ्ग) परोस् भनी सराप दिएकाले ती गाऊँमा तत्काल पहिरो पनि गयो चिर्को पनि पऱ्यो भन्ने भनाई छ । मष्टा देवताको सरसामान बिजुली डाँडामा आइसकेपछि त्यहाँ मष्टा देवताको प्रभाव बढ्दै गयो । ७०० घर सिम्ता गाउँ (सुर्खेत) १४०० घर दाङबाट श्रद्धालु भक्तजनहरूको ओहिरो लाग्न थाल्यो । उता कफल्लाँको स्थिति भने बिग्रँदै गयो । त्यहाँका घरहरू भाङ, धतुरो र सिस्नु उम्रेर बस्ती नै हराउँदै जान थाल्यो र त्यहाँ अपुताली पनि पर्न लाग्यो ।

हाँसु रोकायका कान्छा छोरा अमृत रोकाय बिजुली डाँडाका

दारे मष्टा देवताका पहिलो धामी अमृत रोकाय भए । साउने धामीको पालामा एकजना सिद्धयोगी बिजुली डाँडा (पैंक) मा आएका थिए । उनी कैलाश जाने भनेर आएका रहेछन् । उनमा अलौकिक शक्ति थियो । उनले आफ्नो साथमा शिवशक्तिको मूर्ति र सुखसागरको ठूलो किताब पनि ल्याएका थिए । उनले ती वस्तुहरू साउने धामीलाई दिँदै अहिले म मानसरोवर जाँदैछु पछि फिर्ता हुँदा लिउँला भनेर आफू अलोप भएछन् । उनी पछिसम्म पनि नफर्केकाले उनको नासो पैंकमा रह्यो । उक्त मूर्ति ज्यादै सुन्दर थियो रे । शिवमूर्तिमा दोहोरो जनै थियो रे । पूर्णिमाको बेला मूर्ति उज्यालो हुँदै जाने विशेषता थियो । त्यसलाई पूजाआजा गर्ने चलनको रुपमा गरियो । हाल सो मूर्ति चोरी भइसकेको छ ।

साउने धामी पछि कले रोकाय धामी भए । उनकै पालामा बिजुली डाँडा मष्टा मन्दिरबाट सूर्य समान तेज भएको आगोको ज्वाला निस्की वीरे पोखरे, कुकुर बस्ने डाँडी हुँदै पैंक गाऊँको छेउमा रहेको सेवालामा आयो । त्यहाँ रहेको सिद्धढुंगामा केहीबेर बसेपछि उक्त ज्योति उडेर गाउँ माथिको बैंसको रुख, मठमुनिहुँदै हालको मष्टा मन्दिर रहेको पहरामा गयो । त्यो ज्योति जमीनमुनि धसिन लागेपछि थानबाडाका एकजना बाहुनले उक्त ज्योतिलाई हातले समातेर दुधको धार चढाए, होम गरे । त्यो पत्थरमा परिणत भयो । जसलाई फटशिला भनिन्छ । प्रत्येक पूर्णिमा दूधको धार हाल्ने, होम गर्ने गरिन्छ । त्यसै ठाऊँमा पहाड खोपेर मन्दिर बनाई पूजाआजा गर्ने चलन चल्दै आएको छ । धामीको घरमा पनि मन्दिर स्थापना गरेर साँझ बिहान नित्य रूपमा पूजाआजा गर्ने गरिएको छ । भक्तजनहरू आफ्नो दुःख, पीरमर्का, पीडाहरू र अन्य सुख दुःखमा भएका घटना परिघटनाहरू धामीलाई हेराएर भाकल गर्ने गर्छन् । मनको इच्छा पूरा भएमा देवतालाई आफ्नो गच्छ अनुसारको दान दक्षिणा र बलि चढाउने चलन चल्दै आएको छ । विशेषगरी वैशाख पूर्णिमा, भदौ पूर्णिमा र मङ्सिर पूर्णिमामा ठूलो मेला लाग्ने गर्छ । भदौ पूर्णिमामा धामीहरूले बहाली गर्ने अर्थात् धामी

नाँच गर्ने र सबै भक्तजनहरू, स्थानीय मानिसहरू आएर रमाइलो गर्ने गर्छन् । यो मन्दिर हालको जाजरकोट जिल्लाको कुशे गाउँ पालिकाको वडा नं ९ पैंकमा अवस्थित छ जुन रोकायहरूको वस्ती रहेको छ ।

## मष्टा देवताको पूजा विधि

हरेक दिन साँझ बिहान मष्टा देवताका धामीको घरमा देवताको बारो अर्थात् पूजा घर बनाइएको हुन्छ । त्यसैमा पूजाआजा गर्ने गरिन्छ जसको लागि डांग्री अर्थात् पूजारी नियुक्त भएको हुन्छ । प्रत्येक पूर्णिमा र अष्टमीमा मष्टा देवताको गबौरो वा पूजा कोठामा धामी, मूल पूजारी डांग्री लगायत अन्य भक्तजन र श्रद्धालुहरूहरू उपस्थित भएर विशेष पूजा गर्ने गरिन्छ । प्रत्येक वैशाख पूर्णिमा, भदौ पूर्णिमा र मङ्सिर पूर्णिमामा देवताको निशान, आलम, कलस, बाजागाजा माङ्गलिक गीत गाएर धामी पूजारी अन्य भक्तजन, श्रद्धालुहरू स्थानीयवासीहरू मष्टा देवताको मन्दिरमा गएर पूजाआजा गर्ने गर्छन् । आफ्नो भाकल अनुसारका वस्तु चढाउने बलि चढाउने गरिन्छ । भदौ पूर्णिमामा विशेषगरी धामी नाँच अर्थात् धामी बहाली गरिन्छ । धामीहरूमा महिला पुरुष गरी करिब दुई तीन दर्जन हुन्छन् । यस समयमा मेला अर्थात् जात्राको रूपमा स्थानीयले रमाइलो गर्ने गर्छन् । टाढाबाट आउने भक्तजनहरू जुनसुकै समयमा पनि आएमा पनि पूजाआजा गर्ने चलन छ । विशेषतः कृष्णपक्ष भन्दा शुक्ल पक्षको समयलाई राम्रो मान्ने गरिन्छ । धामीहरूले आफ्नो घरमा गादी बसेर जोखना हेर्ने गरिन्छ जसमा भक्तजनहरूले आफ्ना मनोकांक्षा र पीडाहरू पोख्ने गर्छन् र देवतासँग बर माग्ने गरिन्छ । आफ्नो मनोकांक्षा पूरा भएमा पुन त्यस ठाउँमा जाने र आफ्नो भाकल गरे अनुसारका वस्तु/बलि लिएर पूजा गर्ने गर्छन् । पूर्णिमा र अष्टमीमा आवश्यकता अनुसार होम गर्ने रुद्री पूजा आदि गर्ने गरिन्छ । भक्तजनहरूले पूजाको लागि चामलको अक्षता धजा भेटी आवश्यकता अनुसारको वलि, फलफूल, नरिवल, फूलपाती चढाउने गर्छन् । पूजा वैदिकश सनातन धर्म संस्कृति परम्परा संस्कार अनुसार नै हुन्छ ।


## मष्टा देवताका धामी/धमेनीहरूको नामावली

१) अमृत रोकाय १) चाउरे रोकाय ३) बनी रोकाय ४) साउने रोकाय ५) कले रोकाय ६) सरी रोकाय ७) माने रोकाय ८) सुबी रोकाय ९) दामा रोकाय १०) बिर्मी रोकाय ११ ) लक्ष्मन रोकाय १२) वीरमान रोकाय १३)मैराम रोकाय १४) हस्ता रोकाय १५) मनवीर रोकाय १६) अनुरुप रोकाय १७) पृथी रोकाय (हाल कायम) १८) खड्ग रोकाय (हाल कायम) ।

यस लेखन मूर्तरुप दिन अतुलनीय सहयोग गर्नुहुने धिरेन्द्र आर.सी. विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

**लेखकः कुसे–९, पैंक, जाजरकोटका हुनुहुन्छ।**

# मष्टोदेव: सिंजा क्षेत्रका टिपोटहरू


✍ तुङ्गनाथ उपाध्याय

श्री

कुलदेवताभ्यों नमः  इष्टदेवताभ्यों नमः
देवीदेवताभ्यों नमः पितृदेवताभ्यों नमः

नेपाल र हिमालय खण्डका प्रायःमूलवासीहरूको कुल देवता र इष्ट देवताका रुपमा मष्टोलाई मान्ने गर्दछन तर स्थान बिशेषले उनीहरूले नाम र स्थान गाउँका आधारमा फरक बिधि र प्रक्रियाबाट पूजा गर्दै आएका छन् । मष्टोबारे विभिन्न आख्यानहरू रहेका छन् । यसमध्ये एउटा मिथकमा प्राचीनकालमा सुरसंग्राममा देवताको विजय भएकोले असुरहरू देवताको शरणमा गएपछि उनीहरूले आफ्नो हारको कारण भवानीहरू नै हुनभनेर भवानीका नौ बहिनीहरूलाई पकडेर अज्ञात ठाऊँमा बन्दी बनाउँदा भगवान शिवले आफ्ना गणलाई मष्टोको नेतृत्वमा सेना पठाई ती भवानीहरूलाई असुरले बन्दी बनाइएको स्थानलाई खोज गरी असुरसंग युद्ध गरेर फलामे किल्ला तोडेर लुवासुर देवता समेतले मुक्त गराएपछि यिनी बहिनी दुर्गाको रक्षा गरिएको हुँदा मष्टोको स्थान नजिकै खोपामा भवानीको मूर्ति रहने गरिएको मानिन्छ। मष्टो के हुन्, बुझ्न कठिन छ। योगी नरहरिनाथले मष्टोलाई आठ देवताको शक्ति भएको महापराक्रमी भएकोले महाअष्ट अर्थात् मष्टो भनी उल्लेख गर्नु भएको छ । कतिपयले मष्टोलाई भैरवको रूपपनि भनेकाछन् । कहीं कहीं देवताका रुपमा धातुको घण्ट रहेको छ । कर्णालीमा धार्मिक प्रकृयमा घण्टको महत्व बढी पाइन्छ । हामीले पूजामा घण्टको प्रयोग गर्ने र छापबिदो लगाउने धामीलाई र पालीलाई नवदेवता, पहिलोपटक अवतार भएको धामीलाई घण्टद्वारा छापविदो

टाउकामा दिइन्छ। छापविदो भनेको मान्यताप्राप्त भएको हो। मष्टोका घरस्थान र वनस्थान हुन्छन् । ठूलो पैठ (जात्रा) गर्दा वनथानमा र सानो पूजा गर्दा घरमा गरिन्छ। बसाई सराई गर्दा आफ्नो कुल देवता इस्टदेवता, घण्ट, दियो र ध्वजा अक्षता धामीले दिएर पालीले नयाँ बस्तीको ठाऊँको घरमा घण्ट, दियो र ध्वजा स्थापना गरी सदाका जस्तै पुर्खाले गरिआएको पूर्णिमामा पूजा गर्ने गरिन्छ । जुठो सुतक भएमा मष्टोको पूजा बर्जित हुन्छ।

मष्टोको गुप्त प्रकट पुकारा गरेमा जस्तोसुकै समस्या परेको भए पनि समस्या समाधान हुने विस्वास छ । त्यसकारण खस आदि हिमालयमा बस्नेहरूले कुलदेवता, इष्टदेवताका रुपमा मान्दै आएका छन् । आपत विपतको बेलामा मष्टोदेवको पुकारा गर्दछन् । धामीसँग जस्तोसुकै प्रश्न र सल्लाह माग्ने गरिन्छ । राक्षस पिचास जस्ताले सताएमा त्यसको समाधान धामीबाट हुन्छ। मुगु थार्पमष्टोको धामीले वेद पढेका हुँदैनन् तर देवता चढेको, पतुरेको बेलामा वेदपाठ गर्दछन् त्यस्तो गर्नलाई देवाताको सतभित (सत्य र शक्ति) भन्ने गरिन्छ। एवम् रितले पहिलोचोटि धामी भएकोमा अथवा पुरानो धामी मर्दा एक वर्षपछि धामीको जेठो छोरो धामी हुँदा छापविदो लिनलाई ढडारमष्टो कहाँ छापविदो लिने गरिन्छ। नयाँ धामीले एउटा नयाँ शक्ति देखाउनु पर्छ। सालिकराम, तिलक, घण्ट, अपरझट देखाउनुपर्छ अनिमात्र उसमाथि पक्का देवता आएको विश्वास हुन्छ र मान्यता पाएपछि छापविदो पाउँछ अनि जनमभर धामी हुन पाउँछ। धर्मशास्त्रहरूले विभिन्न पाली पूजा समुहको भनाई फरक फरक पाइन्छ। महाइष्टबाट मष्टो भएको, वायुभाइबाट बाह्रभाइ भएको भन्ने भनाइ पनि छ । कर्णाली क्षेत्रमा वाह्रभाइ मष्टो र नौ दुर्गाभवानी प्रति आघात श्रद्धा र विश्वास गरिएको पाईन्छ । यही कर्णाली क्षेत्रबाट बसाई सराई गरेर जाँदा आफ्नो कुल देवतालाईपनि साथै लिइगएका र जहाँ गएपनि जहाँ रहेपनि आफ्ना कुल देवता कुल देवीलाई र इस्ट देवतालाई पूजा उपासना गर्दछन् । वर्तमानमा कतिपयले आफ्नो कुल देवता मष्टो भनी खोजि गर्दै छन् ।

मष्टोको उत्पत्ति कहाँ र कसरी भएको हो भन्ने कुरा मष्टो कुलदेवता प्रतिष्ठानका प्रकाशनहरूले प्रष्ट गरिसकेका छन् । मष्टो इन्द्रका छोरा भन्ने मानिएको छ ।

माथ भनेको शिर हो, माथबाट मष्तक अनि मष्ट शब्द हुनगयो । खसहरू घोडा भेडा पाल्ने, खेती गर्ने, धेरै पौरखी परिश्रमी, शिकार खेल्ने, हात हतीयार बनाउने, लडाकु, हट्टाकट्टा, पहलमान प्रकृतिका हुन्छन् । मष्टो पूजक जाति हो । खसहरूका कुलदेवता र इष्टदेवता मष्टो भएजस्तै फिरन्ते राउटे जातिकापनि कुलदेवता इष्टदेवता मष्टा हुन् । प्रायः मष्टोदेवताका नाम गाऊँको नामबाट रहेका छन् । ढडार गाऊँ ढडारमष्टो, बुडु गाऊँ बुडुमष्टो, थार्प गाऊँ थार्प मष्टो, गाऊँलेले आफ्नो कुलदेवता कुलदेवीलाई बसाइ सराइ गर्दा ल्याएका मष्टोभन्दा गाऊँ जेठा छन् ।

हरेक गाऊँ हरेक ठाऊँमा देवी देवताको स्थापना हुँदा धेरै देवी र धेरै देवता भएको भान परेको छ । मष्टोको स्थानमा देवीको पनि स्थापना हुँदा बलि देवीलाई चढाएको हो । मष्टो देवता र देवी भवानी तान्त्रिक देवता पनि हुन् । झारफुक र तन्त्रमन्त्र द्वारा पालीप्रजाको रोग निको पर्ने शक्ति पनि छ । धामीको सभा सम्मेलन पनि हुँदोरहेछ । मुगु जिल्लामा थार्प गाऊँ छ धामीले भन्ने गर्दछन । थार्प थर्पेलो (सभास्थल) गर्ने ठाऊँ र बुडु बुडेवली (मष्टोको जेठो) कवा कजेलो (मष्टोको काजी अगुवा) ढडार रजेइलो (मष्टोको राजा) भन्ने गर्दछन । खप्तड फुट्यौ ढंडार छुट्यौ भन्ने गर्दछन । खप्तडमा बसेको ढंडारमा छुट्टिएका भनिएको छ । देवता र देवीले आफ्नो पाली प्रजाबाट अन्न कर छोडेर छोरो भएमा पुतेग्रो पुत्रलाभ, घोडा बेचेपछि घोडाको दस्तुर, कुनै झगडा गरेमा दण्ड जरिवाना मुद्दा फैसला गर्ने, मुद्दामा तारेख दिने मुद्दा छिन्ने, गुरासँग मिही गाऊँमा नेल र हत्कडी पनि छन । माँडुमा बसेर देवताको चाकडी गर्ने त्यस्तालाई थाने भन्दछन् । सेती महाकाली अञ्चलमा देवतालाई केटी चढाउने, केटीका बाबू आमाले दान गर्ने

त्यो केटीको अधिकार बाबु आमाको नभएर देवताको हुन्छ। त्यस्तालाई देउकी देउचेली (देवताको केटी), देवदासी,साहुले किनेर पनि चढाउने गर्दथे । केटी बेच्ने चलन पनि थियो । देवातालाई चढाउने चिजलाई जसवास्नी भनिन्छ। गुरोलाई अरु मष्टोले र गुरो नमान्ने पालीले नाम पनि गर्न चाहदैनन् । गुरोलाई चढाएको जग्गा जमीन अरुले कमाइ खाँदैनन । मष्टाले राज्य नै चलाएको पाइन्छ। झण्डा, पालीप्रजा कर उठाउने, गद्दी, धामी, प्रधानमन्त्री र डांग्री राष्ट्रप्रमुख जस्तो मष्टो भवानी परम्पराले अझै सदियौसम्म रहनेछ। मानी आएकाले मानिरहने छन् । जय कुलदेवता जय इष्टदेवता जय नवदुर्गाभवानी !

अस्तु २०८१/०४/१०

**लेखकः वरिष्ठ समाजसेवी कनका सुन्दरी–९ सिंजा, जुम्लाका हुनुहुन्छ।**

# बलैमष्टो देवता र पूजा विधि



मनवीर खाती

मष् + टो यी दुई अक्षर मिलेर मष्टो शब्दको निर्माण भएको हो। मष्टो देवताको वारेमा विभिन्न किसिमका भनाई र वुझाई रहेका छन्। देवीको सेनानी भएर मष्तक (शिर, माथा) थापी राक्षससित लडेकाले मष्टो नाम रहन गएको भन्ने भनाई रहेको छ। अघि राक्षसहरूको अत्याचारबाट संसारलाई मुक्ति दिनको लागि मष्टा देवताको अवतार भएको हो। राक्षसहरूले नवदुर्गा भवानीको सतीत्व डगमगाउन खोज्दा मष्टो देवताको अवतार भइ राक्षसहरूको विनास तथा नव दुर्गा भवानी र लोकको रक्षा भयो। राक्षससँग लडेर देवीको रक्षा गरेकाले "मष्टा" भन्ने नाम रहन गएको हो। भगवान शंकरको वीर्य पतन भई सो वीर्यको ज्वाला वल्दा स्वर्गकी दुई वटी अपसराले ताप्दा खेरी एउटी अप्सराले मष्टो देवताको जन्म भयो भने अर्की अप्सराले दुर्गा भवानीको जन्म लिइन्। मष्टो देवता र नवदुर्गा भवानीको विचमा दाइ र वहिनीको नाता रहेको पाइन्छ। जुनसुकै मष्टो देवताको गबीर नजिकै नवदुर्गा भवानीको पनि स्थापना गरी नित्य पूजा गर्ने प्रचलन हाल सम्म रहेको पाइन्छ। मष्टो देवता भगवान शिवको अवतारको रूपमा पनि मान्ने गरिन्छ। मष्टो देवताको पूजा भक्तिभाव गर्दा शिव भगवान प्रशन्न भई भक्तजनको मनोकांक्षा पूर्ण हुन्छ भन्ने जन विश्वास रहेकोछ। मष्टो देवतालाई भूमि देव तथा बान्जडो पनि भन्ने गरिन्छ।

भगवान विष्णुबाट राज गद्दी प्राप्त गरेका स्वर्गका राजा इन्द्रबाट १२ भाइ मष्टाले गादीको अधिकार प्राप्त गरी विभिन्न १२ भाइ मष्टाका स्वरूपमा स्थापित भएको पाइन्छ। मष्टाको गादी इन्द्र

गादी हो जुन गादीको प्रयोग मष्टा देवताको धामीमा अवतार आउने क्रममा प्रयोग भएको हुन्छ। प्रचलित भनाइ अनुसार १३ औ शताब्दीमा हिन्दू बाह्मणले तीर्थाटन गर्दा कालो शीला भेटेकाले त्यस शीलालाई आफ्नो झोलामा हाले र तीर्थाटनको क्रमममा नै उनी त्यहाँबाट फेरी बद्री, केदारमा पुग्ने क्रममा मुसलमानहरूले हिन्दुहरूलाई लखेटने, जनै चुडाउने र मार्ने जस्ता अमानवीय कार्य गरेकोले त्यसपछि उनी त्यही कालो शीला लिई उत्तरतर्फको मानवसरोवरतर्फ जान्छु भनी बझाङको ढँडारमा आएर बसे। एकदिन उनका झोलाको कालो शीलाले ढँडारमा मध्यान्नको समयमा गोठको दहीचोरी खाएको चालपाई त्यहाँका गोठालाहरूले उनलाई घेरी ब्वाँसो आकारको जनावरलाई पक्रन खोज्दा त्यही ठाऊँमा ढँडार परी ठूलो आवाज आएछ। त्यस आवाजले गर्दा त्यहाँका गोठालाहरू सवै मुर्छा परेछन्। अन्तमा जसराज नाम गरेको त्यँहाको एउटा गोठालोको जिउमा कम्प छुटी १२ भाइ मष्टाले डढारको अवतार लिएको भन्ने किम्वदन्ती रहेकोछ।

## बलैमष्टो देवताको परिचय

१२ भाइ मष्टो देवताको ढँडारमा उत्पति भएपछि शुदूरपश्चिम र कर्णाली प्रदेशका विभिन्न ठाउँमा मष्टो देवताको उत्पति भइ स्थानीय प्रचलन अनुसार मष्टो देवताको भक्ति पूजा पाठ गरिएको पाइन्छ। प्राचिनकाल देखि नेपालको कर्णाली प्रदेशको जुम्ला राज्यमा मष्टो देवता एउटा कुलेदेवताको रूपमा पूजिदै आएको विभिन्न स्रोतले प्रष्टयाएको पाइन्छ। चतुर बमको संगलो पुस्ताका पुत्र नरीबमले नेपालको कयौं कोटमा राज्यको विस्तार गर्दै शासन चलाउने क्रममा मष्टो देवतालाई आफ्नो कुलदेवताको रूपमा मान्दै आएको इतिहास छ। त्यस्तै गरी कालिकोट ठुग्याँको बाजकोट हुदै बाजुराको कोटिला, जुगाडाँ भएर टाँटे साहुवाडामा बलिराज बम खाती आएर बसेका थिएँ।

बाजुरा जिल्ला बुढीगंगा नगरपालिका वडा नं.४ साहुवाडाको गाउँ नजिकमा रहेको जंगलमा **(हाल बलैमष्टा मन्दिर रहेको स्थान)** मा

बेलुकी पखमा स्थानीय ब्यक्तिहरूले बत्ती जलिरहेको उज्यालो देखे पछि के को उज्यालो हो भनेर हेर्न जादा बत्तीको वरी परी रेखा कोरेर चौघेरा वनाएको भाग देखे पछि बलिराज बम खातीका छैठौ पुस्ताको छोरा पृथुराज बम खातीमा कम्पन आएर देवता चलेपछि "बल्या बलवानी, दूधधारी कृष्ण अवतारी" भन्ने वाणी भयो । तिम्रो कुलको मष्टो देवता हुँ । तिम्रो बाबु हुँ, भन्दै, मैले फिजाएको बाहुँको चौ घेरामा अबदेखि कतै नबढाई नघटाई मन्दिरको निर्माण गरी नित्य आजा पूजा गर्नु, तिम्रो दर सन्तान देखि मेरो नाम लिएर पूजा आजा गर्ने सबै भक्तजनको मनकांक्षा पूर्ण हुनेछ भन्ने वाणी भएर कम्पन रोकी सकेपछि सवै स्थानीय मानिसहरू जम्मा भएर देवताले भने अनुसार चौघेरामा ढुंगा, माटो र खरले छाएको चार वटा खण्ड भएको त्यही स्थानमा मन्दिर निर्माण गरेका थिएँ भन्ने भनाई बुढापाका मानिसहरूको रहेको पाइन्छ । सुरु सुरुमा बल्या मष्टो देवता भन्दै गरे पनि पछि धेरै ब्यक्तिहरूले बल्याको ठाउँमा बलैमष्टो उचारण गर्दै जानेक्रममा अपभ्रंश भइ "बलैमष्टो"को नाम पुकार्दै सबै भक्तजनहरूले आजा पूजा गर्दै आएकोले नै बलैमष्टो देवताको नाम रहन गएको भनाइ छ । बलैमष्टा भनेको बलवान, शक्ति भएको, भक्तजनको मनोकांक्षा पूर्ण गर्न सक्ने क्षमता भएको साक्षत देवताको रूपमा मान्ने जनविश्वास रहेको छ। धामीमा बलैमष्टो देवता चल्दै गर्दा "बल्या बलवानी, दूधधारी कृष्ण अवतारी" भन्ने वाणी अहिले पनि सुन्ने गरिन्छ । यस वाणीबाट पनि बलैमष्टा देवता बलवान तथा शक्तिशाली भएको पुष्टि हुन्छ । बलैमष्टा देवता १२ भाइ मष्टा देवता मध्येको एक भाइ हो भन्ने विश्वास रहेकोछ । बलैमष्टो देवताको पूजा, प्रार्थना तथा भक्ति भाव बुढीगंगा नगरपालिका भित्रका साविकका गाविस बाह्रविस, कुल्दवमाण्डौ र ब्रह्मतोलाका स्थानीय व्यक्तिहरूले गर्दछन् । बुढीगंगा नगरपालिकाको सबै भन्दा ठुलो धार्मिक स्थल तथा पर्यटकीय केन्द्रको रूपमा रहेको यस श्री बलैमष्टो मन्दिरको विभिन्न क्षेत्रमा विकास हुन् अझै बाँकी रहेकोछ तथापि शुन्दर प्रकृतिको काखमा अवस्थित यस बलैमष्टो मन्दिरको निर्माण आधुनिक ढाँचामा भएको

छ। यस मन्दिरको जम्मा क्षेत्रफल १४३४५ वर्ग मिटर रहेकोछ। अहिले पनि मन्दिरमा कामको प्रकृति अनुसार चार खण्डमा वर्गीकरण गरेको पाइन्छ।

बलैमष्टो मन्दिरमा २ किसिमका पूजारी छन् । एक जना कुलगुरु गबीर भित्र मष्टो देवताको शीलामा दूधको पूजा गर्ने र होमन गर्ने ब्राह्मण पूजारी हुन् भने अर्को डाँगरहरू मध्येबाट देवताले रोजेको खुकुरे पूजारी जसले भाकल गरेको बोका, पाठा र साडको बलि दिने कार्य गर्दछन। मन्दिरको पूजा कार्यमा सहयोग गर्ने स्थानीय भक्तजनहरूलाई डाँग्री भनिन्छ । बुढीगंगा नगरपालिका वडा नं. ४ साहुवाडा गाउँ भित्रका पृथुराजका सन्तान नै मुख्य डाँग्रीका रूपमा चिनिन्छन् । जसलाई १२ मुवाल्या(मौजा) पनि भनिन्छ । बलैमष्टो देवता कुल देवताको रूपमा पुजिन्छ । २०८० सालबाट बलैमष्टो मन्दिरको संचालन, व्यवस्थापन र रेखदेख गर्नकालागि बलै मष्टो मन्दिर व्यवस्थापन समितिको कार्यविधि बूढीगंगा नगरपालिकाबाट स्वीकृती गरी कार्यान्वयनको क्रममा रहेकोछ।

## बलैमष्टो देवताको पैठ पूजा विधि

बलैमष्टो देवताको मन्दिरमा वर्षमा २ पटक पैठ हुन्छ। भाद्र शुक्ल पूर्णिमाको नवमी र माघ शुक्ल पूर्णिमाको नवमीका दिन हुने बलैमष्टा मन्दिरको पैठमा सम्पूर्ण भक्तजनहरूको सहभागिता हुन्छ । भाद्र शुक्ल पूर्णिमाको नवमीको तिथिका दिन गर्ने पैठमा **आलिपाली**बाट जेष्ठ महिनामा फलेको फसल जस्तै गँहु, जौको पीठो, वर्षा ऋतुमा फलेको फलफूल र तरकारीका साथै धूप, वत्ती र भेटीको न्वागी चढाइन्छ भने माघ शुक्ल पुर्णिमाको नवमीको तिथिका दिन कार्त्तिक महिनामा फलेको फसल जस्तै धानको चामल र हिउँद ऋतुमा फलेको फलफूल, तरकारीका साथै धुप वत्ती र भेटी चढाएर न्वागी लगाउने गरिन्छ। तर डाँङग्री समुदायको न्वागी जेष्ठ,कार्तिक पुर्णिमा लगाइन्छ । न्वागी भनेको जेष्ठ महिनामा पाकेको गँहु,जौको पीठो

र कार्त्तिक महिनामा पाकेको धानको चामल, मकैको पीठो मष्टो देवतालाई चढाउने कार्यलाई भनिन्छ। पैठ पर्वमा सम्पूर्ण भक्तजनहरू ब्रत बसी बेलुकी पखमा घर घरमा दियो, वत्ती, जलाएर बलैमष्टा देवताको प्रार्थना गरेर शाकाहारी भोजन ग्रहण गरी बलैमष्टाको भण्डार गृहमा आउँछन्। पैठमा न्वागी भण्डार गृहमा लगाइन्छ। भण्डार गृहमा धामीले नियमितरूपमा बलैमष्टो देवताको पूजा पाठ गर्ने गर्दछन् । भण्डार गृहमा न्वागी लगाउँदा १२ मौजाका डाँग्रीहरू जम्मा भएर लगाइन्छ । आलीपालीबाट आएका भक्तजनहरूले ल्याएका चामल, पीठो, फलफूल, धुप, वत्ती र भेटी चढाउदै सम्पूर्ण भक्तजनहरूको नाम उचारण गर्दै शान्ती, सम्वृद्धि र उन्नतिको लागि बलैमष्टा देवता संग पुकार गरिन्छ। पैठ र पूर्णिमाका दिन न्वागी लगाए पछि धामीमा देवता चल्छ र भक्तजनहरूलाई अर्ति उपदेश दिने गरिन्छ। पैठमा टाढा टाढाबाट आएका भक्तजनहरूलाई हलुवा, सूजी, पुरी, रोटी, तरकारीको शुद्ध प्रसाद खुवाइन्छ।

यसरी पैठमा आएका सवै भक्तजनहरूलाई प्रसाद खाइ सकेपछि मन्दिरको लागि चाहिने सम्पूर्ण सामग्रीको तयारी गरी भण्डारेको साथमा पठाइन्छ । त्यसको केही समयपछि बाजागाजा, पञ्चकन्या, मङगल्यारु, धामी, पूजारी, डाँङग्रीहरू र भक्तजनहरू लाइनवद्ध भई जयजयकार गरेर बलैमष्टाको सवारी चलाएर मन्दिरमा जाने गरिन्छ। धामीमा मष्टो देवता चलिसकेपछि निमनी गाउँका थापा जातीका ब्यक्तिले धामीलाई काँधमा चढाएर गाउँबाट मन्दिरमा सवार गरिन्छ। लावालस्कर, बाजा बजाएर जयजयकार गर्दै धामीलाई काँध चढाउँदै मन्दिरको वरीपरी ५ पटक घुमाएर मन्दिरको मुलद्वारबाट प्रवेश गरिन्छ। मन्दिरमा प्रवेश गरिसकेपछि भक्तजनहरूले जयजयकार गर्दै धामीमा देवता चल्दै, गाँदीमा चढ्छ। धामीको गाँदी नजिकै **सिंहासन** (कलात्मकरूपमा कडा खाले काठबाट निर्माण गरिएको वस्तु) राखिएको हुन्छ। सिंहासैन नै मष्टो देवताको मुख्य इन्द्र गादीको रूपमा पूजिन्छ। धामीमा देवता चढेको बेला सिंहासैन विशेष दिनमा मात्र हुनेगर्दछ।

धामीमा देवता चल्न बन्द भएपछि पूजा सामाग्रीको साथ ब्राह्मण पूजारी गबीरभित्र प्रवेश गरी पूजा लगाउने कार्यको थालनी हुन्छ । गबीर भनेको बलैमष्टा देवता र सिलाडो देवताको शीला राखेको स्थानलाई जनाउन्छ । जहाँ गोप्य पूजा हुन्छ । मष्टो देवताको गोप्य पूजा गर्ने एक महत्वपूर्ण विशेषताको रूपमा रहेको पाइन्छ । गबीरमा रहेको शीलामा ब्राह्मण पूजारीले मात्र दूधको पूजा लगाउने गर्दछन । धामी र खुकुरे पूजारीले गबीरको ढोकाबाट मष्टो देवताको दर्शन गर्दछन भने अन्य भक्तजनहरूलाई गबीर भित्र हेर्न मनाही गरिएको हुन्छ । गबीर पूजाको समयमा ढोकामा पर्दा लगाइएको हुन्छ । यसरी गबीर पूजा गरिसकेपछि बलैमष्टा देवताको गबीरको नजिकमा स्थापना गरेको नवदुर्गा भवानीको मुर्तिमा पनि फूलफुल, अक्षता, धूप वत्ती गरेर पूजा गरिन्छ । मन्दिरको माथिल्लो भागमा रहेको होमन कुण्डमा ब्राह्मण पूजारीले हमन गरी सम्पूर्ण भक्तजनहरूलाई तिलकको टीका र फूल अक्षता लगाएर प्रसाद ग्रहण गरेर पैठको पूजा कार्य समापन गरिन्छ ।

## बलैमष्टा देवताको  यज्ञ पूजाविधि


बलैमष्टो देवताको क्षेत्रभित्रका कुनै पनि भक्तजनहरूको रोग, शोक, वा भोकको संकटबाट मुक्तिको लागि बलै मष्टो देवतासँग मन्दिर गएर भाका कबुल गर्ने प्रचलन रहेको छ । कुनै पनि संकटबाट मुक्ति प्राप्तिकालागि बलैमष्टो देवतासंग गरेको भाका कबुल अनुसार भविष्यमा पुरा भयो वा फल प्राप्ती भएमा भक्तहरूले बलैमष्टो देवताको खुशीकोलागि यज्ञ गर्ने प्रचलन रहेको छ । भाका कबुल र क्षमता अनुसार यज्ञ गर्ने गर्दछन् । यज्ञ गर्दा देवताबाट दिन तोकेको हुन्छ त्यही अनुसारका यज्ञ कार्य संचालन गरिन्छ । यज्ञको पहिलो दिन परगलो टाँस्ने काम हुन्छ । परगलो टास्ने क्रममा डाँङग्रीहरूदेखि कर्ताले निमन्त्रणा गरेका मुख्य मानिसहरूको उपस्थिति हुन्छ । यज्ञमा प्रत्येक दिन धामीमा गाँदी वसाएर देवता चलाउने, गबीरमा पूजा गर्ने, होमन गर्ने र पाठा काट्ने कार्य हुन्छ । एक जना ब्राह्मणले यज्ञको समयमा

वेद पाठ गर्दछ । यज्ञको अन्तिम दिनमा घोडा, कैल (गाई), घन्ट वा अन्य मष्टा देवताको गहना (ढोल, चमर, गाडु, पानस, छाजी, आदि चढाउने काम हुन्छ । यस  दिनमा मुख्य कर्ता जुन गाउँ वा स्थानको हो त्यहीबाट घोडा, कैल वा घन्ट सिंगारेर भण्डार गृहमा बाजा बजाएर, मागल गाएर, जयजयकार गर्दै भक्तजनहरू आउने गर्दछन । कर्ताको घरदेखि भण्डार गृहमा पुगीसके पछि डाँडग्रीका सम्पूर्ण मानिसहरूको सहभागिता रहेको हुन्छन् । डाङ्ग्रीको पुरुषहरूले भण्डार गृहमा दियो वत्ती जलाएर कन्या केटीहरूले कलश र महिलाहरूले कोसेली छाप्रो शिर माथि राखेर भण्डार गृहबाट बाजा गाजा बजाउदै,जय जयकार गदै लाइनबद्ध भएर मन्दिरतिर प्रस्थान गर्दछन् । जव लावा लस्कर (लामो लाइन) सहित जयजयकार गर्दे मन्दिरमा पुग्दछन्,। बलैमष्टो देवताको मन्दिरको पूर्वतिरको चौतारोमा मष्टा देवताको धामीमा देवता चलिरहेको हुन्छ र घोडा, कैल र सबै सहभागी भक्तजनहरूलाई निधारमा **विदो** लगाएर मष्टो देवताबाट आशिर्वाद प्राप्त गर्दछन । त्यसपछि धामीलाइ काधँमा चढाएर ५ पटक मन्दिरको वरिपरी घोडा कैल सहित सम्पर्ण भक्तजनहरूको साथमा जयजयकार गर्दै घुमाइ सकेपछि मन्दिरको मुख्यद्वारबाट भित्र प्रवेश गरिन्छ र देवता चल्दै सिंहासन र गादीमा बस्दै गर्दा मुख्य कर्ताले गरेको यो शुभ कार्यबाट खुशी भएको भनेर देवताबाट बखान हुन्छ। भविष्यमा सुख, दुःखमा तिम्रै साथमा रहन्छु भन्ने अर्ति उपदेश कर्तालाई दिइन्छ। ब्राह्मण पूजारीले गबीरमा पूजा लगाई होमनकुण्डमा होमन गरिसकेपछि कर्तादेखि सबै भक्तजनहरूलाई तिलक, टीका लगाएर फल, प्रसाद र  आरी (चढाएको मासु) खाएर यज्ञको कार्य समाप्त गरिन्छ ।

यस लेखनलाई मूर्तरुप दिन सहयोग गर्नुहुने मष्टो कुलदेवता प्रतिष्ठानका आमन्त्रित सदस्य शेरबहादुर खाती विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

**लेखकः  बुढीगंगा न.पा.–०४ साहुवाडा, बाजुराका हुनुहुन्छ।**

# कुलदेवतास्तवः



भुवनेशर कुमार प्रधान

नित्यं प्रसादे कुलदेवतानां
सुनिश्चितं स्यात् सुफलं जनानाम् ।
धान्यं धनं वाऽथ च सर्वकर्म
भवेदबाधं व्यवसाययन्त्रम् ॥१॥
सुदीर्घमायुश्च सुशिक्षितत्वं
सन्तानवृद्धिं सुखमिन्द्रियाणाम् ।
धर्मं च कीर्तिं च निरामयत्वं
कुर्वन्तु सर्वं कुलदेवता नः ॥२॥
कलत्रपुत्रादिषु सौमनस्यं
देशेषु देशेषु यशः प्रसारः ।
स्वभ्रातृवर्गे विमतिश्च नस्यात्
कुर्वन्तु नस्ताः शुभमङ्गलानि ॥३॥
सदैव ताः प्रीतिकरा भवन्तु
सदानुकूलाः प्रतिबन्धुवर्गम् ।
कुर्वन्तु नः शं कुलदेवतास्ताः
सुदीर्घकालेऽपि सुपूजिताः स्युः ॥४॥

**शब्दार्थ**

नित्यम् - सधैं । प्रसादे - कृपा रहेमा । कुलदेवतानाम् - कुलदेवताहरूको । सुनिश्चितम् - पक्कै । स्यात-हुनेछ । सुफलम्-सुफल प्राप्ति । जनानाम्-मानिसहरूको । धान्यम्-अनाज । धनम् - सम्पत्ति । वा-अथवा । अथ-अनि । च-र । सर्वकर्म - सबै कामकाज । भवेत् - हुनेछ । अबाधम् - बाधारहित । व्यवसाययन्त्रम् - पेशा-व्यवसाय ॥१॥

सुदीर्घम् - लामो । आयुः - जीवनकाल । च-र । सुशिक्षितत्वम् - राम्रो शिक्षादीक्षा । सन्तानवृद्धिम्-सन्तानको बढोत्तरी । सुखम्-सुख । इन्द्रियाणाम्-इन्द्रियहरूको । धर्मम्-धर्म । च-र ।

कीर्तिम् - कीर्ति । च-र । निरामयत्वम् - निरोगिता । कुर्वन्तु - गरिदिऊन् । सर्वम्-सबै थोक । कुलदेवताः कुलका देवताहरूले । नः-हाम्रा ॥२॥

कलत्रपुत्रादिषु - जहान परिवार र आफन्तहरूमा । सौमनस्यम् - सद्भावना । देशेषु - देशावरमा । यशः प्रसारः - यशस् + प्रसारः । यशस् - कीर्ति प्रतिष्ठाको । प्रसारः-फैलावट । स्वभ्रातृवर्गे - आफ्ना दाजुभाइका बीच । विमतिः - भैंझगडा । च - पनि । नस्यात् - नहोस् । कुर्वन्तु - गरिदिऊन् । नः- हाम्रा । ताः - ती (मानिआएका) कुलदेवताहरूले । शुभमङ्गलानि - सबै मङ्गलहरू ॥३॥

सदैव-सदा + एव । सदा-सधैं । एव-नै । ताः-ती कुलदेवताहरू । प्रीतिकराः-आराम आनन्द दिने । भवन्तु - होऊन् । सदा - सधैं । अनुकूलाः - अनुकूल (रहून्) । प्रतिबन्धुवर्गम् - प्रत्येक (हाम्रा) बन्धुबान्धवका बीच । कुर्वन्तु - गरून् । नः - हामीहरूलाई । शम् - कल्याण । कुलदेवताः कुलदेवताहरू । ताः ती हाम्रा । सुदीर्घकाले-लामो समयसम्म (पछिसम्म) । सुपूजिताः - विधिपूर्वक पूजाआजा गरिएर । स्युः-रहून् ॥४॥

**अन्वय :**

नित्यम् कुलदेवतानाम् प्रसादे जनानां सुफलं सुनिश्चितम् स्यात् । धान्यं धनम् अथ सर्वकर्म वा व्यवसाययन्त्रं च अबाधं भवेत् ॥१॥ सुदीर्घम् आयुः सुशिक्षितत्वं च सन्तानवृद्धिम् इन्द्रियाणां सुखं च धर्मं च कीर्तिं निरामयत्वं च सर्व नः कुलदेवताः कुर्वन्तु ॥२॥ कलत्रपुत्रादिषु सौमनस्यं देशे षु देशेषु यशःप्रसारः स्वभ्रातृवर्गे विमतिः च नस्यात् । ताः नः शुभमङ्गलानि कुर्वन्तु ॥३॥ ताः (कुलदेवताः) सदा एव प्रीतिकराः सदा प्रतिबन्धुवर्गम् अनुकूलाः भवन्तु । ताः कुलदेवताः नः शं कुर्वन्तु । सुदीर्घकाले अपि (ताः) सुपूजिताः स्युः ॥४॥

**भावार्थ** :

सधैं कुलदेवताहरूको कृपा रहेमा मानिसहरूको सुफल प्राप्ति पक्कै हुनेछ । अनाज र सम्पत्ति अनि सबै कामकाज अथवा पेशा-व्यवसाय पनि वाधारहित (निर्वाध हुनेछ ॥१॥

लामो आयु, राम्रो शिक्षादीक्षा, सन्तानवृद्धि, इन्द्रियहरूको सुख र धर्म, कीर्ति र निरोगिता पनि सबै थोक हाम्रा कुलदेवताहरूले गरिदिऊन् ॥२॥

जहानपरिवार र आफन्तहरूमा सद्भावना, देशदेशावरमा कीर्ति-प्रतिष्ठाको प्रसार र आफ्ना दाजुभाइका बीच भैभैगडा नहोस् । ती मानिआएका कुलदेवताहरूले हाम्रा सबै शुभमङ्गलहरू गरिदिऊन् ॥३॥

ती कुलदेवताहरू सधैं नै आराम-आनन्द दिने, सधैं आफ्ना बन्धुबान्धवका बीच अनुकूल रहून् । ती कुलदेवताहरू हामीहरूबाट विधिपूर्वक पूजाआजा गरिएर रहून् ॥४॥

**लेखकः नेपाल सरकारबाट अवकास प्राप्त प्रथम प्राविधिक सचिव हुनुहुन्छ।**

# मष्टो देउ


गोविन्दप्रसाद पाण्डे

बाह्र भाई मष्टो देउ, तेत्तीस कोटी देउता ।
धर्म अनी संस्कृतिको, साझा आस्था एउटा ॥
जुम्ला पर्छु, बुढु बाबिरो, थाप मष्टो मुगु ।
बझाङ्गको ढंडार मष्टो, सबै पाली पुगु ॥
हुम्ला जुम्ला मुगु डोल्पा, कान्छो कालिकोट ।
मष्टो देउका पालीकन, कबै नलागेस खोट ॥
मष्टो देउका नजिक ती, भुवानी बस्ती छन् ।
धर्म संस्कृति भनी, कम्मर कस्ती छन् ॥
धामी डांकी थान भित्र, घांट घुगरा हुंदा छन् ।
दुखी पिडित पालीजन, न्याय की लाइ रुदांछन् ॥
नेपाल भारत मानासरोवर, मष्टो देउ मान्दाछन् ।
मष्टो र भुवानी कन, बा आमा ठान्दा छन् ॥
घांटघुगुरामै लठा बोकी, कां जान्छै दर्नाली ।
मष्टो देउको मुल थलो, कस्मीर काली कर्णाली ॥

(मष्टो कुलदेवता प्रतिष्ठान नेपालका केन्द्रीय सदस्य, तातोपानी ४ गिडीखोला जुम्लाका स्थायी वासिन्दा पाण्डे काली कर्णालीको लोक संस्कृतिका लेखक तथा अनुसन्धान कर्ता समेत हुनुहुन्छ ।)

लेखक मष्टो कुलदेवता प्रतिष्ठानका केन्द्रीय सदस्य हुनुहुन्छ